सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक ३३ ● काठमाडौं, शुक्रबार, पुस १७, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Jan 1, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-

## सन २००९ को सम्झना


# ह्याप्पी न्यू इयर २०१०

आज विश्वभरिकै मानिसका लागि विशेष दिन सावित हुँदैछ। सन् २०१० को पहिलो दिन भएकाले आजको दिन त्यसै पनि विशेष हुने नै भयो, अझ आज शुक्रबार परेकाले 'विकेन्ड कल्चर' मा रमाउनेहरूका लागि यो विशेष अवसर सावित भएको छ। साधारणतया मानिसहरू नयाँ वर्षको अघिल्लो रात धूमधामसँग न्यू इयर इभ मनाउँछन्। गीत, संगीत तथा नृत्यमा रमाउँदै मध्यरात १२ बजेको प्रतीक्षा गर्छन्। घडीको सुईले रातिको १२ बजाएपछि पार्टीमा रमाइरहेकाहरू एकसाथ चिच्याउँछन्– 'ह्याप्पी न्यू इयर'। ३१ डिसेम्बरको राति राजधानी काठमाडौंलगायत विश्वभरिका प्रमुख सहरहरूमा न्यू इयर मनाउनेहरूको ठूलो घुइँचो देखिन्छ। लन्डन, न्यूयोर्क, पेरिसजस्ता सहर न्यू ईयर इभको रातभर सुत्दैनन्। राति १२ बजे नयाँ वर्षको शुभकामना आदानप्रदान गरेपछि पनि कतिपय मानिस सुत्दैनन्। उनीहरू रातभरि नाचगान गरेर नयाँ वर्षको पहिलो सूर्योदयलाई स्वागतसमेत गर्छन्। पछिल्ला केही वर्षदेखि विश्वव्यापीकरण अर्थात् ग्लोबलाइजेसनका कारण इस्वी संवत्को नयाँ वर्ष पश्चिमा देशहरूको पर्व मात्र रहेन। इस्वी संवतको नयाँ वर्ष इसाई धर्म मान्नेहरूको संवत्मा मात्र सीमित छैन, यो एउटा अन्तर्राष्ट्रिय संवत्का रूपमा प्रचलनमा आइरहेको छ। यही इस्वी संवत्को नयाँ वर्ष २०१० आजैदेखि प्रारम्भ भैसकेको छ।

साप्ताहिक

सन २००९ मा आफ्नो ग्ल्यामर र व्यक्तित्वका कारण थुप्रै महिला तथा पुरुषले संसारको ध्यान आकृष्ट गरे। ती मध्ये सर्वश्रेष्ठ कहलिएका केही अनुहार :

पृष्ठ: ८ र ९ मा





मध्यपृष्ठमा

सन २००९ का

## तीन विश्व सुन्दरी











# वर्षका चर्चित पुरस्कार

### विवादित बन्यो नोबेल पुरस्कार

विश्वकै सर्वाधिक महत्त्वको नोबेल पुरस्कार यस वर्ष केही विवादित भयो । अमेरिकी राष्ट्रपति बाराक ओबामा यो विवादको मियो बन्न पुगे । उनलाई शान्तितर्फको नोबेल पुरस्कार दिइएपछि कतिपयले 'नोबेल पुरस्कारको महत्त्वलाई तिरष्कार' गरिएको भन्दै आलोचना गरे । सन् १९८३ को शान्तितर्फका नोबेल पुरस्कार विजेता लेच वालेसाले 'ओबामाको खासै योगदान नभएको र यति चाँडै नोबेल शान्ति पुरस्कारको भागिदार भैनसकेको' टिप्पणी गरे । ओबामा राष्ट्रपति बनेदेखि नै अमेरिका इराक र अफगानिस्तानको युद्धमा जुटिरहेको, अमेरिकी कांग्रेसले हरित ग्याँस उत्सर्जन कटौती विधेयक पारित गरिनसकेको तथा अमेरिकाको आणविक भण्डारमा रहेको आणविक अस्त्र कटौती गर्ने दिशामा खासै प्रगति हुन नसकेकाले ओबामा नोबेल शान्ति पुरस्कारका लागि योग्य नभएको भन्दै त्यस्तो विरोध भएको थियो । टकरावको कूटनीतिलाई नकार्न र इरान तथा उत्तर कोरियाजस्ता मुलुकसँग कूटनीतिक रणनीति अपनाउन, मुस्लिम जगत्तर्फ मैत्रीपूर्ण हात बढाउन एवं परमाणुमुक्त विश्व बनाउने उद्देश्यका लागि ओबामालाई उक्त पुरस्कार प्रदान गरिएको थियो ।

यस वर्ष पाँच महिला नोबेल पुरस्कारबाट पुरस्कृत हुनु अर्को रोचक पक्ष रह्यो । नोबेल पुरस्कारकै इतिहासमा सबैभन्दा बढी महिला पुरस्कृत भएको यो पहिलो अवसर थियो ।

नोबेल पुरस्कारको १ सय ८ वर्षे इतिहासमा पहिलो पटक अर्थशास्त्र विधाको पुरस्कार महिलाको हातमा पऱ्यो । यस वर्ष अर्थशास्त्रतर्फको नोबेल पुरस्कार अमेरिकी अर्थशास्त्री इलिनोर ओस्ट्रमले पाइन् । उनले अमेरिकी नागरिक ओलिभर विलियम्ससँग मिलेर आर्थिक सुशासनका लागि महत्त्वपूर्ण काम गरेबापत अर्थशास्त्रमा नोबेल पुरस्कार प्रदान गरिएको हो । सम्भवतः पहिलो पटक अर्थशास्त्रमा सुशासनको अध्ययन र अनुसन्धान गर्नेलाई यो पुरस्कार प्रदान गरिएको छ । चिकित्सातर्फको नोबेल पुरस्कार तीन अमेरिकी वैज्ञानिक एलिजावेथ व्ल्याकबर्न, क्यारोल ग्राइडर र ज्याक सोस्टकले पाए । जीव विज्ञानको अध्ययनमा महत्त्वपूर्ण मानिएको क्रोमोजोमका सम्बन्धमा अनुसन्धान गरेबापत उनीहरूले पुरस्कार पाएका हुन् ।

भौतिक शास्त्रतर्फ चार्ल्स के काओ, विलार्ड एस वोयल तथा जर्ज इ स्मिथलाई नोबेल पुरस्कार मिल्यो । डिजिटल आकृति एवं द्रूतगतिको अप्टिकल सञ्चार क्षेत्रमा महत्त्वपूर्ण अनुसन्धान गरेबापत उनीहरूलाई पुरस्कृत गरिएको हो । पुरस्कारको आधा हिस्सा चार्ल्स के काओलाई दिइएको छ भने बाँकी आधा-आधा दुई वैज्ञानिकले पाए ।

दुई अमेरिकन तथा एक इजरायली वैज्ञानिकले रसायनशास्त्रतर्फको नोबेल पुरस्कार पाए । राइबोसोम जीवन प्रणालीका लागि मात्र नभएर एन्टिवायोटिक्सको क्षेत्रमा समेत अहं भूमिका निर्वाह गर्न खोज गरेबापत भारतीय मूलका अमेरिकी वैज्ञानिक बेंकटरमण रामकृष्णन, थोमस स्टिज तथा इजरायली नागरिक अदा योनाथलाई यो पुरस्कार प्रदान गरियो ।

साहित्यतर्फको नोबेल पुरस्कार यसवर्ष जर्मन लेखिका हर्टा म्युलरले पाइन् । आफ्नो जन्मभूमि रोमानियामा कम्युनिस्ट तानाशाही कालका कष्टप्रद जीवनका भोगाइहरूलाई अत्यन्तै काव्यात्मक एवं मार्मिक शैलीमा प्रस्तुत गर्न सफल रचनाका लागि उक्त पुरस्कार प्रदान गरिएको हो ।

### ओस्कारले भरियो स्लमडगको पोल्टा

ओस्कार एवार्डमा यसवर्ष स्लमडग मिलिनेयरको वर्चस्व रह्यो । स्लमडग मिलिनेयरले उत्कृष्ट चलचित्रसहित ८ वटा एवार्ड हात पाऱ्यो । यही चलचित्रबाट निर्देशक ड्यानी वोयलले उत्कृष्ट निर्देशकको एवार्ड जिते । संगीत र गीतमा भारतीय एआर रहमान भाग्यमानी ठहरिए भने पटकथा, छायांकन, सम्पादन र उत्कृष्ट ध्वनि मिश्रणमा समेत यही चलचित्रले ओस्कार हात पाऱ्यो । चलचित्रमा मुम्बईस्थित झुपडी बस्तीको एक अनाथको संघर्ष र सफलताको कथा समेटिएको छ ।

सिन पेनले उत्कृष्ट नायकको एवार्ड जिते । उनलाई मिल्क चलचित्रका लागि उक्त एवार्ड प्रदान गरिएको हो । त्यसैगरी द रिडरबाट उत्कृष्ट अभिनेत्री ठहरिइन्- केट विन्स्लेट । डार्क नाइटबाट उत्कृष्ट सहअभिनेताको उपाधि हिथ लेजरले हात पारे । उत्कृष्ट सहअभिनेतृ पेनेलोप क्रुज भइन् । विकी क्रिस्टिना वार्सिलोना चलचित्रबाट उनलाई उक्त एवार्ड प्राप्त भएको हो । विदेशी भाषाको उत्कृष्ट पुरस्कार जापानी डिपार्चर्सले पायो । आर्ट डाइरेक्सनमा क्युरियस केस अफ वेन्जमिन वुटनका लागि डोनाल्ड ग्राहम वर्टले हात पारे ।





### द न्युयोर्क टाइम्सलाई पाँच पुलित्जर


पुलित्जर पत्रकारिता पुरस्कारको सर्वाधिक विधा द न्युयोर्क टाइम्सले बाजी माऱ्यो । अमेरिकी अखबार न्युयोर्क टाइम्सले पत्रकारिता तर्फ पाँचवटा पुलित्जर पुरस्कार जित्यो । उक्त पत्रिकालाई खोजी, ब्रेकिङ न्युज, अन्तर्राष्ट्रिय रिपोर्टिङ, फिचर फोटोग्राफी तथा ओलोचनात्मक समाचारका लागि पुलित्जार पुरस्कार प्रदान गरिएको हो ।

पाकिस्तान र अफगानिस्तानमा अमेरिकी संलग्नताका सम्बन्धमा गरिएको रिपोर्टिङका लागि न्युयोर्क टाइम्सले अन्तर्राष्ट्रिय रिपोर्टिङ विधाको पुलित्जर पुरस्कार पाएको हो । न्युयोर्कका गर्भनर एलियोट स्पित्जरलाई राजीनामा दिन बाध्य पार्ने एक यौनकाण्डसम्बन्धी समाचारका लागि न्युयोर्क टाइम्सले ब्रेकिङ न्युज विधामा अर्को पुरस्कार हात पाऱ्यो अमेरिकाकै नेभाडा राज्यको लस भेगास सन पत्रिकालाई लस भेगस क्षेत्रमा निर्माण मजदुरहरूको बढ्दो मृत्युदरसम्बन्धी समाचारका लागि पब्लिक सर्भिस विधामा पुलित्जर पुरस्कार प्रदान गरियो । विश्व आर्थिक संकटका सम्बन्धमा रिपोर्टिङ गर्ने कसैले पनि पुलित्जर पुरस्कार पाएनन् । पुलित्जरका लागि मनोनयनमा परेका ६५ वटा अनलाइनमध्ये कसैले पनि पुरस्कार हात पारेनन् ।

व्याख्यात्मक समाचारमा लस एन्जल्स टाइम्सकी वेटिना वोक्साल र जुली कार्टले, स्थानीय रिपोर्टिङमा डेट्रोएट फ्री प्रेसका जिम स्काफर तथा एमएल एल्रिक साथै इस्ट भ्याली ट्रयुव्युनका रायन ग्याब्रिल्सन र पाउल गिब्लिनलाई दिइयो । राष्ट्रिय रिपोर्टिङमा सेन्ट पिट्सवर्ग टाइम्सले, फिचर राइटिङमा पिट्र्सवर्ग टाइम्सकै लेने डिग्रेगोरीले पाए । कमेन्ट्री विधामा द वासिङटन पोस्टका अउगेन रविन्सन्ले, सम्पादकीय लेखनमा द पोस्ट स्टारका मार्क महनी, सम्पादकीय कार्टुनिङमा द सान डियागो युनियन ट्रिब्युनका स्टेभ व्रिन, व्रेकिङ न्युजमा द मियामी हेराल्डका प्याट्रिक फारेलले पाए ।


### वुकर नोबेल हिलारीलाई

यस वर्षको बुकर नोबेल पुरस्कार बेलायती लेखिका हिलारी मोन्टेलले हात पारिन् । उल्फ हल नामक पुस्तक लेखेबापत हिलारीलाई बुकर पुरस्कारबाट सम्मानित गरिएको थियो । पुरस्कारका लागि हिलारीसहित पाँच जनाको दाबेदारी थियो ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

पुस १७ गते : सन् २०१० प्रारम्भ, विश्व परिवार दिवस, विश्व शान्ति दिवस, २० गते : बडागणेश जयन्ती, २१ गते : गुरुगोविन्दसिंह जयन्ती, २२ गते : विश्व युद्ध टुहुरा दिवस ।

### मेष

आफन्तहरूको सहयोग मिल्नेछ भने घरेलु काम एवं अध्ययनमा रुचि बढ्नेछ । व्यवसायमा सोचेजस्तै सफलता पाउनुहोला । यात्रा रमाइलो हुनेछ । धेरैले सहयोगको तत्परता देखाउनेछन् । धन आर्जन गर्ने अवसर जुट्नेछ । प्रतिस्पर्धामा पनि जित तपाईंकै हुनेछ ।

### मिथुन

बोलीको प्रभाव बढ्नेछ । अरूलाई विश्वास दिलाउन सकिनेछ । पराक्रम तीव्र हुनेछ । सानै प्रयासले काममा सफलता पाउनुहोला । मित्रहरूसित गरिने अन्तरक्रियाले मनको बोझ हल्का हुनेछ । ठूला व्यक्तिले प्रशंसा गर्नेछन् । अध्ययनमा सोचेजस्तै सफलता प्राप्त हुनेछ ।

### सिंह

मन प्रसन्न रहनेछ । धन आर्जन पनि होला । अरूले तपाईंको भरोसा गर्नेछन् । कुरा काट्नेहरू प्रशस्तै हुनेछन् । सोमबारदेखि मान-सम्मान मिल्ने, काममा सुधार आउने, भोज-भतेर तथा सभा-सम्मेलनमा सहभागी हुन पाइने अवसर जुट्नेछ । अध्ययनमा सफलता प्राप्त हुनेछ ।

### तुला

काममा सफलता मिल्नेछ । जोस-जाागर बढ्नेछ । सानै प्रयासले पनि ठूलो काममा सफलता पाइनेछ । धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । बुधबार र बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ ।

### धनु

रमाइलो यात्रा हुने तथा प्रसन्नता बढ्ने देखिन्छ । धन आर्जन गर्ने अवसर जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । सप्ताहन्तमा स्वास्थ कमजोर हुनुका साथै मनमा चिन्ता एवं शरीरमा आलस्यता बढ्नेछ ।

### कुम्भ

रोग एवं शत्रुले सताउनेछन् । काम गर्दा चनाखो हुनुपर्नेछ । शुक्रबार, सोमबार र मंगलबार सोच्ने शक्ति बढ्ने, काममा सफलता मिल्ने, यात्रा रमाइलो हुने तथा भेटघाटमा रमाउने अवसर मिल्नेछ । अध्ययन एवं व्यवसायमा सफलता हात लाग्नेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ ।

### वृष

पराक्रम बढ्ने, अधुराकाम बन्ने तथा नयाा काम पाइने योग छ । सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला । मित्रहरूबाट सहयोग पाउनुहोला । व्यवसायमा गरेका प्रयास फलदायी रहनेछन् । स्वास्थ्य गडबड रहने, चिन्ता बढ्ने तथा झूटा आरोप लाग्ने सम्भावना पनि छ । लेनदेनमा विवादको सामना गर्नुपर्ला ।

### कर्कट

खर्च, विवाद एवं चिन्ता बढ्ने भएकाले सजग रहनुहोला । शनिबारदेखि मानसम्मान पाइने योग छ । पराक्रमको गति तीव्र हुनेछ । अधुरा काम पूरा हुनेछन् । व्यवसायबाट सफलता हात लाग्नेछ । स्वास्थ्य गडबड रहने भएकाले खानपानमा विचार पुऱ्याउनुहोला । भाग्यको भरोसा छाडेर कर्ममा जोड दिनुपर्ने बेला छ ।

### कन्या

मनसम्मान पाइने छ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । धन आर्जन गर्ने अवसर जुट्नेछ । अध्ययनमा राम्रै सफलता मिल्नेछ । सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ । व्यवसायमा अवरोध आउने र स्वास्थ्य गडबड रहने भएकाले खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला ।

### वृश्चिक

स्वास्थ्य गडबड रहनेछ । काममा अवरोध आउनाले चिन्ता बढ्नेछ । गलत विचार बढ्नुका साथै समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन् । शनिबारदेखि भाग्यले साथ दिने, काममा सुधार आउने तथा मान-सम्मान पाइने योग छ । धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ ।

### मकर

काममा अवरोध आउन सक्छ । घरेलु समस्याले पनि सताउनेछ । समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन् । मुद्दा-मामिलाको सम्भावना पनि छ । अरूको काम धेरै गर्नुपर्ला । शनिबार तथा आइतबार व्यवसायबाट लाभ मिल्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ । भेटघाटमा मन रमाउनेछ ।

### मीन

सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ । महत्त्वपूर्ण जिम्मेबारी पाइनेछ । आफन्तहरूसित हुने संवादले अघि बढ्न मद्धत पुग्नेछ । अध्ययन एवं व्यवसायमा सोचेभन्दा बढी नै सफलता प्राप्त हुनेछ । जोस-जाँगर बढ्नेछ । धेरैले तपाईंको लगनशीलता र इमान्दारीताको प्रशंसा गर्नेछन् ।

# विश्वका चर्चित घटना



परिवर्तन संसारको नियम हो। यही नियमका कारण संसारभरि प्रत्याशित-अप्रत्याशित घटना घटिरहन्छन्। वर्ष २००९ यसबाट अछुतो रहेन। वर्ष २००९ मा केही यस्ता घटना घटे, जसको प्रभाव दशकौंसम्म रहने देखिन्छ।

### तमिल टाइगरको अन्त्य

तमिल टाइगरको अन्त्यले हिंसात्मक आन्दोलनको औचित्य छैन भन्ने कुरालाई फेरि एकपटक पुष्टि गरेको छ। सन् १९७६ मा प्रभाकरणको नेतृत्वमा श्रीलंकाको उत्तर-पूर्वी क्षेत्रलाई छुट्टै देश बनाउने अभियानमा भएको हिंसात्मक आन्दोलन ७० हजार व्यक्तिको मृत्युपछि सन् २००९ मा तुहिएको छ। यो आन्दोलनलाई एसिया महादेशको सबैभन्दा लामो हिंसात्मक आन्दोलन मानिन्छ। विश्वमा सुसाइट बमर सिर्जना एवं प्रभावशाली व्यक्तिको हत्या गर्न यो संसारमै कहलिएको संगठन थियो। सुसाइट बमरका रूपमा महिला तथा बालबालिका प्रयोग गर्ने आतंकवादी संगठनमा पनि यो संस्था पहिलो नम्बर मानिन्थ्यो। मे १९ का दिन यसका प्रमुख भेलुपिल्ले प्रभाकरणलाई चौतर्फी घेराबन्दी गरेर श्रीलंकाली सेनाले मारेपछि यो संगठन तहस-नहस भयो। प्रभाकरणको मृत्युसँगै श्रीलंकाली प्रधानमन्त्री महिन्दा राजापाक्षेले लिट्टे हिंसाको अन्त्य भएको घोषणा गरेयता यसको गतिविधि शून्य छ।

### चीनको चर्चा

सन् २००९ मा चीन दुईपटक विश्वव्यापी चर्चामा रह्यो। चीनको सिनसियाङ प्रान्तमा भएको एक साता लामो जातीय हिंसामा झन्डै २ सयको ज्यान गयो। मुस्लिमबहुल यो क्षेत्रमा बेलाबखत जातीय द्वन्द्व हुने गरेको थियो। यद्यपि यसपटकको हिंसा यति भयावह थियो कि यसले संसारको ध्यान खिच्यो। हिंसा भड्काएको आरोपमा अहिलेसम्म चीन सरकारले २९ जनालाई मृत्युदण्ड दिइसकेको छ भने करिब १ सय व्यक्तिमाथि अझै पनि मुद्दा चलिरहेको छ।

चीनले आफ्नो ६० औं गणतन्त्र दिवसका अवसरमा गरेको भव्य समारोहले दोस्रो पटक संसारको ध्यान तान्यो। उक्त समारोहले चीनको आर्थिक प्रगति एवं सैनिक क्षमतालाई प्रस्ट्याएको थियो। यसलाई विश्वकै सबैभन्दा महँगो सार्वजनिक कार्यक्रम मानिएको छ।

### शस्त्रविहीन विश्वको कल्पना

अमेरिकी राष्ट्रपति बाराक ओबामाले आफ्नो शपथग्रहणका बेला घोषणा गरेको शस्त्रविहीन विश्वको कल्पनालाई साकार पार्न केही प्रयास थाले। उनले सन् २००९ मा रूससँग परमाणु शस्त्र कटौती गर्न नयाँ सम्झौता गरे। सम्झौताअनुसार रूस तथा अमेरिकाले आफूसँग भएका परमाणु हतियारलाई २५ प्रतिशतले कटौती गर्नेछन्। गत महिना चीन भ्रमणका क्रममा बाराक ओबामाले शिखर सम्मेलनमा गरेको सम्झौताको एक प्रति चिनियाँ राष्ट्रपतिलाई बुझाएका कारण पनि यसको चर्चा विश्वव्यापी भएको थियो।

### स्वाइनफ्लु आतंक

गत वर्ष विश्व स्वास्थ्य संगठनले स्वाइन फ्लु रोगले महामारीको रूप लिन सक्ने चेतावनी दिएपछि यसले संसारको ध्यान तान्यो। मेक्सिकोबाट प्रारम्भ भएको यो रोगले विश्वभरि हजारौं व्यक्तिको ज्यान लिएपछि यसलाई महामारीको कोटिमा राखिएको थियो। विश्व स्वास्थ्य संगठनले यो रोगमाथि नियन्त्रण गर्न नसके दुई वर्षमा ७ लाख व्यक्तिको ज्यान जाने अनुमान गरेको छ।

### मालदिभ्सदेखि कोपेनहेगनसम्म

जलवायु परिवर्तनमा विकसित राष्ट्र दोषी रहेको ठहर गर्दै विश्वभरि भएका विभिन्न कार्यक्रमले पनि यो वर्ष चर्चा पायो। विकसित राष्ट्रहरूले प्राकृतिक सम्पदाको

बाँकी पृष्ठ ६ मा






● सम्पादकीय ●

# बिदा भयो प्रविधिको दशक

**आजदेखि हामी २१ औं शताब्दीको दोस्रो दशकमा प्रवेश गर्दैछौं । वितेको दशकलाई मानिसहरूले कसरी सम्झना गर्लान् ? यो प्रश्नको अनेक जवाफ हुन सक्छ तर कतिपय विश्लेषकले वितेको दशकलाई मानव सभ्यताको सर्वश्रेष्ठ दशकका रूपमा लिनुपर्ने राय जाहेर गरेका छन् । दशक प्रारम्भ हुँदा भर्खरै स्थापित हुन थालेको सूचना प्रविधिलाई त्यतिखेर वाइटुके (२००० को सन्दर्भमा) भनिने प्राविधिक समस्याले गाँजेको थियो । उक्त समस्या समाधान गरिएपछि आम मानिसले सजिलो तरिकाले उपयोग गर्न सक्ने प्रविधिहरूको जुन गतिमा विकास भयो त्यसले समाजमा आमूल परिवर्तन ल्याएको तथ्य हामी सबैले अनुभव गरेकै कुरा हो । कम्प्युटर, टेलिफोन नेटवर्क, मोबाइल प्रविधि, टेलिभिजन, इन्टरनेट, डिजिटल क्यामेरा, पेनड्राइभ, आइपोड, एलसिडी जस्ता प्रविधिहरू जुन गतिले विकसित र प्रसारित भए त्यसले मानव सभ्यतालाई नयाँ उचाइ मात्र दिएन अपितु आम मानिसको दैनिकीलाई पनि सहज एवं सरल बनाइदियो । प्रविधिको विस्तारसँगै राजनैतिक तथा सामाजिक आन्दोलनले समेत वितेको दशकमा जुन उचाइ प्राप्त गऱ्यो त्यसले मानव समुदायलाई समेत गौरवान्वित तुल्याएको छ । समाजमा व्याप्त अभाव र गरिबी विरुद्ध विश्व समुदायले वितेको दशकमा जुन संघर्ष गऱ्यो त्यसले सामाजिक असमानतालाई कम गर्दै लगेको आभास निरन्तर विस्तार हुँदै गएको उपभोक्तावादले समेत पुष्टि गरेको छ ।**

**अनेक किसिमका ठोस उपलब्धिहरूका बाबजुद पनि वितेको दशकका केही अवगुणलाई हामीले सम्झनै पर्छ । वितेको दशकमा आर्थिक तथा सामाजिक क्षेत्रमा मानव समुदायले हासिल गरेको उपलब्धिलाई निरन्तर रूपमा क्षयीकरण हुँदै गएको पर्यावरणीय सन्तुलनले कतै ओझेलमा पार्ने त होइन ? भन्ने आशंका समेत देखापरेको छ । निरन्तर तातिंदै गएको पृथ्वी, घट्दै गएको उब्जाऊ जमिन, पग्लँदै गएको हिउँ, हराउँदै गएको जैविक विविधता, चर्कँदै गएको हतियारको होडबाजी, अनियन्त्रित आतंकवाद जस्ता समस्याले वितेको दशकमा जसरी मानव समुदायलाई झकझक्याएको छ त्यसले हाम्रो यो साझा पृथ्वीका बारेमा ठोस चिन्तालाई विश्वव्यापी बनाएको छ । वितेको दशकमा विभिन्न उपलब्धिका बाबजुद पनि समस्याहरू देखापरेका छन् । ती समस्याहरू एउटा समाज वा राष्ट्रको परिधिबाट बाहिर निस्किएका छन् र त्यस्ता समस्याको निराकरण गर्न नयाँ दशकले मानव समाजलाई निरन्तर सक्रिय हुन घच्घच्याउनेछ भन्ने आशा गर्न सकिन्छ ।**

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

# फेसबुकले हराएका आमा-छोरालाई भेट्टाइदियो

सोसियल नेटवर्किङ फेसबुकले राम्रो काम पनि गरेको छ। करिब २७ वर्षदेखि हराइरहेको छोरो खोजिरहेकी एक आमालाई उनको छोरो भेट्टाइदिन फेसबुकले मद्दत गरेको छ। इङ्ल्यान्ड डोरसेट काउन्टीकी एबरिल ग्रुबेको कथा हो यो। एबरिलको हंगेरीका एक नागरिकसँग विवाह भएको थियो, जसबाट छोरो गेविन पेरोस जन्मिएका थिए। सन् १९८२ मा गेविनका पितासँग सम्बन्ध-विच्छेद भएपछि अदालतको निर्णयबमोजिम ग्रुबेले छोरो आफ्नो साथ राख्ने मौका पाइन्। सम्बन्ध-विच्छेद भएपछि पनि छोरा भेट्ने बहानामा उनका श्रीमान् घर आइरहन्थे, यही क्रममा एकपटक चिडियाघर डुलाउने निहुँमा दुई वर्षको छोरा लिएर हिँडेका बाबु फर्किएनन्। छोरो एकाएक हराएपछि उनले हंगेरी दूतावास मात्र होइन, तत्कालीन प्रधानमन्त्री मार्गरेट थ्याचरसमक्ष पनि आफ्नो पीडा पेस गरिन्, तर छोराको अत्तोपत्तो लागेन। ग्रुबेकि बहिनी विल्सनका अनुसार त्यसपछि ग्रुबेको स्वास्थ्य बिग्रँदै गयो, एक दिन विल्सनले नै इन्टरनेट सर्च इन्जिनमा गेविन पेरोस टाइप गर्दा पेरोसको फेसबुक प्रोफाइल भेट्टाइन्। त्यसपछि फेसबुकमा पेरोसले आफ्नी आमाको सही नाम तथा उनी जन्मिएको स्थान भनेर सही स्थान उल्लेख गरेको देखेपछि इमेलमार्फत छोरालाई आमा भेट्न सानिमा विल्सनले आग्रह गरिन्। लगभग नभेटिने भनेर आश मारिसकेको छोरो भेटिएपछि यतिखेर आमा ग्रुवे दंग छिन्। ग्रुवे भन्छिन्- अब मलाई छोरो बेलायत बसिदिए पुग्छ।

**फेसबुककै कारण हत्या**

केही समयअघि लन्डनको एक टेब्लोइड पत्रिकाको कभर स्टोरीले त्यहाँ सनसनी मच्चायो। समाचार फेसबुकसँगै सम्बन्धित थियो। रातो रङ पोतिएको समाचारपृष्ठमा लन्डनका ३४ वर्षीय वायने फरेस्टरले आफ्नी श्रीमतीको हत्या गरेको समाचार थियो। अधिकांश समय फेसबुकमा बिताउने उनकी श्रीमतीले वैवाहिक सम्बन्धमा 'सिंगल' लेखेको विषयबाट उब्जिएको झगडा अन्त्यमा हत्यामा परिणत भएको कुरा उक्त समाचारमा उल्लेख छ। नेटवर्किङ साइट फेसबुकमा श्रीमतीले बढी समय दिएको आक्रोशमा हत्या गरेको वायनले स्थानीय अदालतमा बयान दिए। पश्चिमा समाज भर्च्युअल वर्ल्डमा हराउन थालेकाले त्यहाँ यस्ता दुःखद घटना घटिरहेको विश्लेषकहरूले बताएका छन्।

**सम्बन्ध-विच्छेदको कारक फेसबुक**

बिछोडिएका साथीभाइ तथा आफन्तहरूसँग मिलन गराउन प्रभावकारी मानिएको सोसियल नेटवर्किङ वेबसाइट फेसबुक अमेरिकाको दाम्पत्यजीवनमा खलल पार्न भिलेनका रूपमा उभिएको छ। अहिलेसम्म हजारौं अमेरिकनको दाम्पत्यजीवन विच्छेद गराउने काममा फेसबुक महत्त्वपूर्ण कारक बनेको एक अध्ययनले देखाएको छ। डिभोर्स अनलाइनले गरेको एक अध्ययनअनुसार यो वर्ष अमेरिकामा भएका सम्बन्ध-विच्छेदका घटनामध्ये २० प्रतिशत सम्बन्ध-विच्छेदका कारण फेसबुक बनेको छ। खासगरी श्रीमान्-श्रीमती फेसबुकमार्फत अनलाइन साथीभाइसँग सेक्स च्याटिङमा रमाउन थालेपछि उनीहरूका जीवनसाथी सम्बन्ध विच्छेदको बाटोतर्फ अग्रसर भएको प्रतिवेदनमा उल्लेख छ। डिभोर्स अनलाइनका मार्क केननका अनुसार किन सम्बन्ध-विच्छेद ? भन्ने प्रश्नमा दम्पतीहरूले फेसबुक तथा अन्य सोसियल नेटवर्किङ वेबसाइटमा आफ्नो जीवनसाथीको व्यवहार देखेर भन्ने उत्तर दिएका थिए। त्यसो त फेसबुकका अतिरिक्त माइस्पेस, बेबो तथा ट्विटर पनि सम्बन्ध-विच्छेदका लागि उत्तिकै जिम्मेवार छन्।

**फेसबुकमा अलमलिए कर्मचारी**


एक अन्तराष्ट्रिय संस्थाको सर्वेक्षण रिपोर्टअनुसार विभिन्न कम्पनीमा काम गर्ने कर्मचारीहरू कार्यालय समयमा फेसबुकमा व्यस्त रहेर १२ दशमलव ५ प्रतिशत समय नष्ट गरिरहेका हुन्छन्। भारतीय कम्पनीहरूको साझा संगठन एसोचेमका अनुसार हरेक कम्पनीका कर्मचारी औसतमा १ घण्टा सोसियल नेटवर्किङ खासगरि फेसबुकमा व्यस्त रहेको पाइएको छ। यसबाट कर्मचारीहरू ८ घण्टा काम गर्नुपर्नेमा ७ घण्टा मात्र काम गर्छन् भन्ने देखिन्छ। भारतलगायत अन्य केही राष्ट्रका सहरमा रहेका कम्पनीहरूमा गरिएको अनुसन्धानका क्रममा यो तथ्य खुलेको हो। यो सर्वेक्षणमा २१ वर्षदेखि ६० वर्षसम्मका कर्मचारीहरूलाई समेटिएको थियो। प्रतिवेदनअनुसार प्रत्येक कम्पनीका ८२ प्रतिशत कर्मचारीको फेसबुक एकाउन्ट छ।

**फेसबुकका सम्बन्धमा ओबामाको दृष्टिकोण**

अमेरिकी राष्ट्रपति बाराक ओबामाले फेसबुकलगायत अन्य सोसियल नेटवर्किङ वेबसाइटमा आफ्नो व्यक्तिगत जानकारी राख्नुपूर्व एकपटक सचेत रहन आग्रह गरेका छन्। सोसियल नेटवर्किङ साइटमा गएर आफ्ना सबै कुरा खुला रूपमा राख्दा त्यसले हानि पनि गर्न सक्छ भन्दै उनले यसले सामाजिक सञ्जालका सदस्यहरूको जीवनमा पर्न सक्ने खतराप्रति सजग रहन सावधान गरेका हुन्। सोसियल नेटवर्किङ साइटमा आपराधिक मूलका मानिसहरू पनि रहने हुनाले राष्ट्रपछि ओबामाले उनीहरूसँगको साझेदारी सम्बन्धकै कारण निर्दोष व्यक्ति पनि अपराधीको सूचीमा पर्न सक्ने खतराप्रति संकेत गरेका थिए।

# नयाँ वर्षको धूम आ-आफ्नै





नयाँ वर्षको अवसरलाई संसारभरि नै खुसी, सुख, हर्ष र उल्लासमय मानिन्छ। हरेक देशमा यसलाई आ-आफ्नै पारम्परिक तरिकाले मनाइन्छ।

## जर्मन नयाँ वर्ष

जर्मनीको नयाँ वर्षको कुरा गर्दा सिल्वेस्टर शब्दलाई बिर्सन सकिंदैन। सिल्वेस्टर शब्द जर्मन नयाँ वर्षको पूर्वसन्ध्यासँग सम्बन्धित छ। जर्मनीमा नयाँ वर्षको पूर्वसन्ध्यालाई सिल्वेस्टरको नाममा मनाइन्छ। कुरा चौथो शताब्दीको हो, त्यतिबेला सेन्ट सिल्वेस्टरको सम्मानमा ३१ डिसेम्बरको साँझ एउटा डिनर पार्टीको आयोजित गरिएको थियो। त्यसैले यो साँझलाई सेन्ट सिल्वेस्टरका रूपमा नामकरण गरिएको हो। जर्मनीमा नयाँ वर्षको स्वागत आफ्ना नजिकका आफन्तजनका साथ पार्टी गरेर मनाइन्छ। यसका अतिरिक्त जर्मनीमा नयाँ वर्षको अवसरमा केही पारम्परिक खेलहरू खेल्ने प्रचलन पनि छ। ती खेल खेल्दा आउँदो वर्षका बारेमा भविष्यवाणी समेत गरिन्छ। यसका लागि पगालिएको सिसालाई चिसो पानीमा हालेर आकार दिइन्छ। पानीमा सिसाले जस्तो आकार लिन्छ त्यसैमा भविष्य निर्भर हुन्छ। जस्तै- यदि सिसाले मुटु वा रिङको आकार लिए आउँदो वर्षमा व्यक्तिको विवाह हुने सम्भावना हुन्छ। यदि सिसाको आकार ढुंगाजस्तो बन्छ भने आउँदा दिनमा उक्त व्यक्तिले यात्रा गर्ने सम्भावना हुन्छ। ३१ डिसेम्बरको आधा रातपछि स्याम्पेन खोलेर नयाँ वर्षको सुरुवात गरिन्छ। नयाँ वर्षका अवसरमा जर्मनीको ब्रेडेनबर्ग गेटको पार्टी सबैभन्दा आकर्षण एवं भव्य मानिन्छ।

## इटालियन नयाँ वर्ष

इटालीमा नयाँ वर्षलाई त्यहाँ मनाइने पर्वहरूमध्ये सबैभन्दा विशेष मानिन्छ। इटाली आफ्नो सांस्कृतिक धरोहरका लागि विश्वभर चर्चित छ। नयाँ वर्षमा पनि इटालीमा परम्पराको विशेष ख्याल राखिन्छ। इटालियनहरूलाई तिनको भक्तिभावका लागि पनि चिनिन्छ। नयाँ वर्षको अवसरमा इटालीमा चर्चहरू सबैभन्दा बढी आकर्षणको केन्द्र हुन्छन्। त्यहाँ प्रार्थना गर्नेहरूको घुइँचो सामान्यभन्दा बढी हुन्छ। त्यस दिन हजारौं मानिस भेटिकन सिटी पनि जान्छन्। इटालीमा नयाँ वर्षको स्वागत अतिसबाजीका साथमा गर्ने परम्परा छ। उक्त अवसरमा आतिसबाजी प्रतियोगिता पनि आयोजित गरिन्छ। नीलो जगमगाउँदो आकाश हेर्न हजारौं मानिस सडकमा उत्रन्छन्। रोम, मिलान, फ्लोरेन्स आदि सहरमा यस्तो प्रतियोगिताले बढी महत्त्व पाउँछ। इटालीमा अतिसबाजीलाई नकारात्मक शक्ति र प्रवृत्तिलाई जलाउने अर्थका रूपमा लिइन्छ।

## जापानी नयाँ वर्ष

जापानी नागरिक आफ्नो नयाँ वर्ष ग्रेगरियन क्यालेन्डर अनुसार जनवरी एकमा मनाउँछन्। यो पर्वलाई जापानमा ओसेसी नामबाट पनि मनाइन्छ। खानपान तथा मोजमस्तीका लागि जापानीहरू यो अवसरको प्रतीक्षा गर्छन्। डिसेम्बरको अन्त र जनवरीको प्रारम्भ जापानी हुलाकहरूका लागि सबैभन्दा व्यस्त समय हुन्छ। नयाँ वर्षको अवसरमा जापानीहरू आफन्त एवं मित्रलाई पोस्ट कार्ड पठाउँछन्। यो चलन ग्रिटिङ कार्ड पठाउने जस्तै नै हुन्छ। परम्परा अनुसार जापानीहरू बितेको वर्षमा मृत्यु भएको परिवारमा कार्ड पठाउँदैनन्। जापानी हुलाकले पनि कार्डलाई पहिलो जनवरीमै सम्बन्धित ठेगानामा डेलिभरी गर्छन्।

## न्युयोर्कमा नयाँ वर्ष

न्युयोर्कमा नयाँ वर्षको सेलिब्रेसन ग्ल्यामरस हुन्छ, जसका कारण संसारको नजर त्यहाँ पर्छ। टाइम्स स्क्वायरमा गरिएको सुन्दर र आकर्षक लाइटिङ तथा अतिसबाजीका बीच न्युयोर्कनिवासी नयाँ वर्षको भव्य स्वागत गर्छन्। विश्व प्रसिद्ध नयाँ वर्ष बल ड्रपका लागि टाइम्स स्क्वायर एक उपयुक्त साइट बन्छ। वर्षैपिच्छे मनाइने यो ड्रपिङ इभेन्टको प्रारम्भ सन् १९०६ बाट भएको हो। यो इभेन्ट हेर्न मानिसहरूको जमघट हुन्छ। नेसनल टेलिभिजनहरूबीच यसलाई प्रसारण गर्ने होडबाजी चल्छ। नयाँ वर्षको प्रारम्भको एक मिनेटपूर्व न्युयोर्कमा यति धेरै हल्ला हुन्छ कि व्यक्ति बहिरो हुने सम्भावना समेत हुन्छ। यो हल्लासँगै बितेको वर्षलाई बाईबाई गरिन्छ। त्यसबाहेक न्युयोर्कमा कनफेटी थ्रो गर्ने परम्परा पनि छ। जसअन्तर्गत कागज वा मेटालिक पिसमा आउँदो वर्षका लागि आफ्नो आशा र अपेक्षालाई लेखेर हावामा फालिन्छ।

## बहमासको नयाँ वर्ष

नयाँ वर्षमा बहमासमा कार्निबलको धूम रहन्छ। बहमासमा नयाँ वर्ष मनाउने तरिका विभिन्न परम्पराबाट हुन्छ। थरीथरीका परेड तथा मेसकरेड (यस्तो परेड जहाँ व्यक्ति आफूलाई मास्क पछाडि लुकाएर प्रस्तुत गर्छ) को आयोजना गरिन्छ। बहमासमा नयाँ वर्षको अवसरमा जंकानु फेस्टिभल आकर्षणको केन्द्र बन्छ। यो फेस्टिभलमा मानिसहरू विभिन्न रंगीन कपडा पहिरिएर काउबेल, ड्रम्स तथा सिटीको तालमा नाच्छन्। जंकानु परेड मूलतः कुनै एक थिमअन्तर्गत आयोजना गरिन्छ। परेडमा सहभागी हुने भीडले पहिरिएको रंगीबिरंगी पहिरन तथा परेडको संगीतले त्यसको थिमलाई दर्साउँछ। नयाँ वर्षमा पारम्परिक भोजन अन्तर्गत ब्ल्याक केक, जिन्जर बियर, गार्लिक पार्क, पेपर पट, पिकल्ड अनियन्स र ह्याम आदि खाने-ख्वाउने काम गरिन्छ।

## चिनियाँ नयाँ वर्ष

चिनियाँ नयाँ वर्ष संसारभर लोकप्रिय छ। यहाँ नयाँ वर्षलाई स्पिङ फेस्टिभल वा ल्युनार नयाँ वर्षका नामबाट पनि मनाइन्छ। चीनमा चिनियाँ क्यालेन्डर अनुसार पहिलो महिनाको पहिलो दिनदेखि पन्ध्रौं दिनसम्म नयाँ वर्ष मनाइन्छ। यो उत्सवलाई लेन्टर्न फेस्टिभल पनि भनिन्छ। नयाँ वर्षको अवसरमा चिनियाँहरू सबैभन्दा बढी सपिङमा खर्च गर्छन्। त्यसबेला चिनियाँहरू घर सजाउनेदेखि लिएर आफ्ना आफन्तजनलाई उपहार दिनेसम्मका सबै रहर पूरा गर्छन्। नयाँ वर्षको इभमा परिवार र मित्रजनका साथमा डिनर गर्ने परम्परा छ। नयाँ वर्षको पहिलो दिन बालबालिकाहरू आफ्ना ठूलाबडालाई नयाँ वर्षको शुभकामना दिन्छन् र आशीर्वादमा तिनलाई रातो रंगको खाममा चिनियाँ मुद्रा राखेर दिने परम्परा छ। परम्पराअनुसार नयाँ वर्षको अवसरमा चीनमा मानिसहरू आफ्नो शत्रुलाई पनि क्षमा गर्छन् र अँगालोमा बाँधेर एउटा नयाँ सम्बन्धको प्रारम्भ गर्छन्। ग्रेगोरियन क्यालेन्डर अनुसार चिनियाँ नयाँ वर्ष २१ जनवरीदेखि २० फेब्रुअरीको बीचमा पर्छ।

# चर्चित व्यक्तिहरू

## बाराक ओबामा

राष्ट्रपतिमा चुनिएपछि बाराक ओबामाले विवादास्पद स्वास्थ्य कानुनलाई व्यावहारिक रूप दिए। यही वर्ष उनले प्रसिद्ध नोबेल पुरस्कार पनि पाए, तर पनि ओबामासामु चुनौतीका पहाड उभिएका छन्। अमेरिकामा बेरोजगारको संख्या बढेर १० प्रतिशत पुगेको छ भने अफगानिस्तानमा युद्ध जटिल बन्दै गएको छ। उनलाई कुनै महत्वपूर्ण काम नगरी नामका लागि मात्र नोबेल पुरस्कार दिइएको आरोप पनि लाग्यो।

## एन्जेला मर्केल

गत नोभेम्बरमा जर्मनीको चान्सलर पदमा पुन निर्वाचित भएपछि एन्जेला मर्केलको लोकप्रियता अझ बढ्यो। उनी युरोपको सबैभन्दा प्रभावशाली महिलाका रूपमा परिचित भइन्। उनका कारण जर्मनीको अर्थतन्त्रमा अन्य देशमा जस्तो दुष्प्रभाव पनि परेन र अफगानिस्तानमा जर्मन सैनिकको प्रभाव पनि उल्लेखनीय रहयो।

## सिल्भियो बर्लुस्कोनी

इटालीका प्रधानमन्त्री सिल्भियो बर्लुस्कोनी यो वर्ष निकै चर्चित रहे। खासगरी यौन मामिलामा बर्लुस्कोनीले व्यापक चर्चा पाए। यसले गर्दा उनको घरायसी जीवनमा समेत असर पऱ्यो। वर्षको पछिल्लो समयमा एक जना व्यक्तिले उनको मुखमा मुक्का हानेर दाँत झारिदिएको विषयले पनि उनलाई चर्चित बनायो।

## हमिद कारजाई



यो वर्ष अफगानिस्तानको युद्धले निकै चर्चा पायो। अफगानिस्तानबाट अमेरिकी सेना हटाउने वा नहटाउने भन्ने विषयले अमेरिकामा समेत निकै महत्व पायो। अर्कातर्फ त्यहाँ राष्ट्रपतिको निर्वाचन पनि सम्पन्न भयो। निर्वाचनमा हमिद कारजाईले सर्वाधिक मत प्राप्त गरे। यद्यपि उनले स्पष्ट बहुमत भने ल्याउन सकेनन्। विपक्षी उम्मेदवार अब्दुल्ला अब्दुल्लाले दोस्रो चरणको निर्वाचन परित्याग गरेपछि निर्वाचन आयोगले हमिद कारजाईलाई विजयी घोषित गऱ्यो।

## थाक्सिन सिनावात्रा

थाइल्यान्डका पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्रा यो वर्ष पनि समाचारमा आइरहे। उनी विभिन्न देशमा शरण लिएर बसिरहेका थिए। पछिल्लो समयमा कम्बोडियाले उनलाई राष्ट्रिय सल्लाहकार नियुक्त गऱ्यो। यसले गर्दा थाइल्यान्ड र कम्बोडियाबीचको सम्बन्धमा पनि तनाव उत्पन्न भएको छ।


## स्टिभ जब्स

स्टिभ जब्स एप्पल कम्पनीका सीइओ हुन्। गत नोभेम्बरमा फर्चुन म्यागेजिनले उनलाई यो दशककै उत्कृष्ट सिइओको उपमा दियो। यो वर्ष एप्पलले बजारमा ल्याएको आइफोनबाट मात्र एक अर्बभन्दा बढी पटक डाउनलोड गरेर रेकर्ड कायम गऱ्यो। यसबाट आफूलाई मन पर्ने कुनै पनि सामग्री किन्न मानिसहरू जस्तोसुकै त्याग गर्न पनि तयार हुन्छन् भन्ने कुरा प्रमाणित भएको छ। स्वास्थ्यसम्बन्धी विभिन्न समस्याका कारण वर्षको सुरुका ६ महिनासम्म उनी खासै सक्रिय थिएनन्, तर वर्षको पछिल्लो समयमा आइफोनको लोकप्रियताले जब्सको लोकप्रियताको उचाइलाई पनि बढाइदियो।

## स्टयान्ली म्याकक्रिस्टल

म्याकक्रिस्टल अफगानिस्तानमा रहेका अमेरिकी उच्च सैनिक अधिकारी हुन्। उनले संकटको समाधानका लागि विभिन्न रणनीति निर्माण गर्न तथा अमेरिकी राष्ट्रपति ओबामालाई अफगानिस्तानमा थप सैनिक पठाउन प्रेरित गर्न सफलता पाए।

## वर्ष व्यक्ति बेन बेरनान्की



अमेरिकी म्यागजिन टाइमले वर्ष २००९ का लागि बेन बेरनान्कीलाई वर्ष व्यक्ति घोषणा गरेको छ। टाइमले संसारभरका मानिसमध्ये कुनै पनि कुरामा विशेष प्रभाव पार्न सफल व्यक्तिलाई यो सम्मान प्रदान गर्छ।

बेरनान्की अमेरिकाको केन्द्रीय बैंक फेडरल रिजर्भ बैंकका प्रमुख हुन्। उनी मन्दीका विशेषज्ञ हुन्। यो वर्ष आर्थिक मन्दीले सताएको समयमा उनी यसको समाधानका लागि उपयुक्त व्यक्तिका रूपमा चर्चामा आए। उनले खर्बौं डलरको उचित परिचालन गरेर अमेरिकालाई मन्दीबाट मुक्त गर्न ठूलो भूमिका निर्वाह गरे।

टाइमले बेरनान्कीलाई कुनै पनि कुरामा विशेष दक्षता राख्ने ब्रम्हाण्डको सबैभन्दा सशक्त बौद्धिक व्यक्तित्वसमेत भनेको छ। टाइमले लेखेको छ- यो वर्षको कथा कमजोर अर्थतन्त्र हो। त्यो अझ धेरै कमजोर हुन सक्थ्यो। धन्यवाद छ त्यो व्यक्तिलाई, जसले फेडरल रिजर्भ बैंक सञ्चालन गरे, जसले हाम्रो आर्थिक बोझलाई कम गरेको छ। उनले अमेरिकी मौद्रिक नीतिलाई नयाँ ढाँचा मात्र दिएनन्, विश्व अर्थतन्त्रलाई बचाउने प्रयासको नेतृत्व समेत गरे।

बेरनान्की सन् २००६ देखि केन्द्रीय बैंकको अध्यक्ष बनेका थिए। उनले प्रिन्सटन, स्टान्फोर्ड र न्युयोर्क विश्वविद्यालय तथा म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीमा वर्षौंसम्म प्राज्ञिक अभ्यास गरेका थिए।




+2/SLC एक बर्षमै
भारतको सरकारी NIOS Delhi Board मा
Math/Sci नदिई पांच बिषयमात्र दिई SLC
SLC पास भई १ बर्ष ग्याप भए एक बर्षमै +2
६ महिनामै American +2
KANTIPUR INTL OPEN EDUCATION
New Baneshwor KTM, Nepal
Ph:2044082, 2042831

नेपालको पहिलो तथा १ मात्र मान्यता प्राप्त
Maths/Science/Test नदिई SLC, १ वर्षमा +2 (NIOS), ६ महिनामा गर्न सकिने
American +2 मा नयाँ भर्ना खुल्यो।



Pratyus Bhandari Nepal Top 2009

☛ कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने ☛ +2, A level फेल भएता पनि १ वर्षमै +2 पास गर्न सकिने ☛ कुनै ५ विषय पास गरे पुग्ने/पास गर्न सजिलो, विश्वभरी मान्यता भएको ☛ नेपाली/अंग्रेजी माध्यममा परीक्षा दिन पाईने ☛ Online पढ्न सकिने ☛ जागिरे तथा गृहिणीले घरमा पढेर परीक्षा दिन सकिने ☛ सरकारी जागिर खान मिल्ने
www.hwhitehouse.edu.np
नोटः भर्ना हुन अगावै सबै कुरा बुझि बुद्धिमानीको परिचय दिऊ।
"Nepal's Largest Open School"
Himalayan White house Open School
Bagbazar- 4244499
Pulchowk- 5009200
Bhaktapur-2020758




३ ईन्च सम्म उचाई बढाउने
Height Plus
१०५० पर्ने Japani Yoko Free मा अन्तर्राष्ट्रिय होलोग्राम प्राप्त।
जाँड रक्सी र चुरोटको कुलत थाहै नदिई छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal product को साथमा।
Japani Oil
मोटोपना घटाउने तौल बढाउने १२ Kg सम्म
Breast बढाउने, घटाउने र टाईट गर्ने।
तुरुन्त केश झर्न रोकी उमार्ने।
१००% ग्यारेण्टि ०% साईडईफेक्ट
फ्रि होम डेलिभरी
Gorkha Herbal
Hotline: 4282138, 9841079654
9851026391 चितवन: 9845279326

६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !!
(Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।
४/४ महिना मै IA/ICom Pass!! (TU)
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरुका लागी IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, IA, ICom, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400
9851021071
चावाहिल: 2290690
नयाँ बानेश्वर: 2160822
पोखरा: 9846147694
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665

वर्ष २००९ पनि विभिन्न दुर्घटनाका कारण धेरै मानिसको असामयिक मृत्यु भयो । बाढी, पहिरो, भूकम्प, आँधीजस्ता प्राकृतिक कारणले धेरै मानिसको मृत्यु भयो । त्यसैगरी हवाई दुर्घटना, बम हमला, बन्दुक आक्रमणजस्ता मानवीय स्वभाव एवं त्रुटिका कारण पनि धेरैले ज्यान गुमाए ।

### प्राकृतिक कारणले भएका दुर्घटना

जनवरी ९ मा कोस्टारिकामा गएको ६ दशमलव २ रेक्टर स्केलको भूकम्पका कारण कमसेकम २० जना मानिसको मृत्यु हुनुका साथै हजारौं मानिस घरवारविहीन भए ।

जनवरी २४ मा सन् १९९९ यताकै सबैभन्दा ठूलो प्रतिघण्टा १ सय माइलको गतिको आँधी आउँदा फ्रान्स र स्पेनमा १८ भन्दा बढीको मृत्यु हुनुका साथै १० लाखभन्दा बढी घरवारविहीन भए ।

मार्च २७ मा अमेरिकाको नर्थ डाकोटाको रेड रिभरमा आएको अवधिमा १७ इन्च पानी परेको थियो । यसरी आएको बाढी मनिलाको ५० वर्षको इतिहासमा सबैभन्दा ठूलो थियो ।

सेप्टेम्बर २९ मा समोआ तथा अमेरिकन समोआमा आएको ८ रेक्टर स्केलको भूकम्पपछि उत्पन्न सुनामीका कारण १ सय १५ भन्दा बढी मानिसको मृत्यु भयो ।

सेप्टेम्बर ३० मा इन्डोनेसियाको सुमात्रा टापुमा आएको ७ दशमलव ६ रेक्टर स्केलको भूकम्पका कारण १ हजारभन्दा बढी मानिसको मृत्यु भयो । यसका साथै पाडाङ सहरका

## सन् २००९ का दुर्घटनाहरु

बाढीले १ सय ५० भन्दा बढी घर बगायो । यसले छिमेकी राज्य मिनेसोटाको मुरहेड सहरलाई पनि गम्भीर क्षति पुऱ्यायो । राष्ट्रपति बाराक ओबामाले मिनेसोटामा आपत्कालीन स्थितिको घोषणा गरे ।

अप्रिल ६ मा इटालीको मध्यक्षेत्रमा आएको ६ दशमलव ३ रेक्टर स्केलको भूकम्पका कारण २ सयभन्दा बढी मानिसको मृत्यु भयो भने १ हजारभन्दा बढी व्यक्ति घाइते भए ।

अगस्त १० मा ताइवानमा आएको मोराकोट नामक आँधीका कारण पहिरो जाँदा स्कुल तथा ठूला-ठूला भवनहरू पुरिए, जसमा कमसेकम ६ सय मानिसको पुरिएर मृत्यु भयो ।

सेप्टेम्बर २८ मा फिलिपिन्समा आएको केटसाना नामक समुद्री आँधीका कारण ९० भन्दा बढी मानिसको मृत्यु भयो, जसका कारण १२ घण्टाको भवनहरूमा हजारौं मानिस च्यापिए ।

नोभेम्ब ९ मा एल साल्भाडोरको दक्षिणी भागमा भएको वर्षाका कारण आएको बाढी तथा पहिरोका कारण १ सय ४० भन्दा बढी मानिसको मृत्यु भयो भने १ हजार ५ सय भन्दा बढी घरवारविहीन भए ।

डिसेम्बरको दोस्रो पक्षमा फिलिपिन्सको अबे प्रान्तको लिगेज्पी सहर नजिकै रहेको एउटा ज्वालामुखी विस्फोट हुँदा दसौं हजार मानिस विस्थापित भए । २ हजार ४ सय ६९ मिटर अग्लो उक्त ज्वालामुखी अहिलेसम्म पनि लगातार रूपमा विस्फोट भैरहेको छ । विशेषज्ञहरूका अनुसार मानवीय क्षति नभए पनि उक्त ज्वालामुखी पछिल्लो सय वर्षकै सबैभन्दा ठूलो मानिएको छ ।

## मानवीय त्रुटिका कारण भएका दुर्घटना

जनवरी १२ मा इन्डोनेसियाको सुलावेसी टापुमा २ सय ५० जना मानिस बोकेको डुंगा दुर्घटनाग्रस्त हुँदा २ सयभन्दा बढी मानिस बेपत्ता भए । एउटा माछा मार्ने डुंगाले १८ यात्रु तथा चालकको उद्धार गऱ्यो ।

फेब्रुअरी ९ मा अस्ट्रेलियाको जंगलमा आगलागी हुँदा १ सय ६० भन्दा बढी मानिसको मृत्यु भयो । विभिन्न स्थानमा फैलिएको यो आगो अस्ट्रेलियाको इतिहासमै सबैभन्दा ठूलो थियो ।

मार्च १० मा अमेरिकाको अलावामामा २८ वर्षीय माइकल केनेथ म्याकक्लेडनले चलाएको गोलीका कारण कमसेकम १० जना मनिसको एकै स्थानमा मृत्यु भयो । मृत्यु हुने अधिकांश म्याकक्लेडनकै परिवारका थिए ।

मार्च ११ मा दक्षिणी जर्मनीको अल्बर्टभिल टेक्निकल हाइस्कुलमा १७ वर्षीय विद्यार्थीले गोली चलाउँदा १५ जना मानिसको मृत्यु भयो ।

अप्रिल ३ मा अमेरिकाको न्युयोर्कको एउटा शरणार्थी केन्द्रमा जिभर्ली वङले बन्दुक चलाएर १३ जनालाई मारे । त्यसपछि उनले आफूलाई पनि मारे । त्यो समयमा मारिने शरणार्थीहरू अंग्रेजी कक्षा लिइरहेका थिए ।

जून १ मा सन् २००१ यताकै सबैभन्दा ठुलो हवाई दुर्घटना भयो । एयर फ्रान्सको एयरबस ए ३३० ब्राजिलको उत्तरपूर्वी भागतिर बेपत्ता भयो, जसमा २ सय २८ यात्रु थिए । एयर बस ब्राजिलको रियो डि जेनेरियोबाट फ्रान्सको पेरिस जाँदै थियो ।

जून ३० मा कोमोरस जाँदै गरेको एउटा यमनी जेट हिन्द महासागरमा दुर्घटना भयो, जसमा भएका १ सय ५३ यात्रुमध्ये एक जना १४ वर्षीय बालिका मात्र जीवित रहन सफल भइन् । खराब मौसमका कारण उक्त जेट दुर्घटनामा परेको थियो ।

जुलाई ६ मा चीनमा मुस्लिम उइगुर तथा हान चाइनिज जातिबीच द्वन्द्व भयो । यो द्वन्द्वका क्रममा १ सय ५६ जनाको मृत्यु भयो । प्रहरी प्रशासनले उइगुर जातिको प्रदर्शनलाई रोक्न नसकेको आरोप लाग्यो ।

जुलाई १५ मा तेहरानबाट आर्मेनियाको येरेभानतर्फ गैरहेको क्यास्पियन एयरलाइन्सको जहाज दुर्घटनाग्रस्त हुँदा सबै १ सय ६८ यात्रुको मृत्यु भयो ।

अक्टुबर २६ मा अफगानिस्तानमा भएको दुईवटा छुरुाछुट्टै हेलिकोप्टर दुर्घटनामा ११ अमेरिकी सैनिक तथा ३ सर्वसाधारण गरी १४ अमेरिकीको मृत्यु भयो । अफगानिस्तानमा भएको आठवर्षे युद्धको इतिहासमा यो सबैभन्दा दुखद घटना थियो ।

# विश्वका चर्चित घटना

पृष्ठ ३ बाट जारी

मनपरी ढंगले गरेको दोहनका कारण पृथ्वीको तापक्रम बढेपछि हिमालबाट हिउँ पग्लन थालेको छ । तापक्रमले हिमाल पग्लँदा समुद्री तटका गाउँ तथा सहर डुब्ने खतरा बढेको छ । यसतर्फ विकसित देशको ध्यान आकृष्ट गर्न मालदिभ्स सरकारले समुद्रमुनि मन्त्रिपरिषद्को बैठक बसायो भने नेपालमा हिमालको फेदमा मन्त्रिपरिषद्को बैठक बस्यो । डेनमार्कको राजधानी कोपेनहेगनमा भएको दुई साता लामो सम्मेलनमा यी विषयलाई गम्भीरतापूर्वक विश्लेषण गरियो । यसबाट विकसित राष्ट्रहरूले अल्पविकसित राष्ट्रलाई सहायता गर्न अर्बौं डलरको कोष बनाउने निर्णय गरे ।

### सत्ता परिवर्तन

गत वर्ष विश्वमा प्रभावशाली राष्ट्रमा भएको सत्ता परिवर्तनले विश्वमा तरंग ल्यायो । तीमध्ये जापानको सत्ता परिवर्तन महत्त्वपूर्ण थियो । वर्ष २००९ मा विश्वको तेस्रो ठूलो आर्थिक शक्ति जापानका जनताले ५४ वर्षपछि सत्ता परिवर्तन गरे । सन् १९५६ मा भएको संसदीय निर्वाचनमा सत्तासीन जापानको लिभरल डेमोक्रेटिक पार्टीले जापानमा लगातार ५४ वर्षसम्म शासन गरेर जापानलाई विश्वको प्रमुख विकसित राष्ट्र बनायो । उक्त दललाई जापानी जनताले सन् २००९ मा साह्रै कम मत दिएर विपक्षी दल बनाए । ५४ वर्षपछि डेमोक्रेटिक पार्टीले अत्यधिक बहुमत प्राप्त गऱ्यो । सन् २००८ मा करिब १ दर्जन विपक्षी दलको एकीकरणपछि डेमोक्रेटिक पार्टीको जन्म भएको थियो ।

यो वर्ष सत्ता परिवर्तन भएका देशमध्ये जर्मनी, पोर्चुगल, नेपाल,



दक्षिण अफ्रिका, कुवेत प्रमुख छन् । यी सबैले कुनै न कुनै रूपमा परिवर्तनको संकेत दिए । साउदी अरेबियामा राजसंस्था कायम रहे पनि यो वर्ष पहिलो पटक महिलालाई मन्त्री बनाएर उसले ख्याति कमायो । जर्मनीमा भएको संसदीय निर्वाचनमा बहुमत ल्याएर एंजेला मार्केल फेरि चान्सलर भइन् । पोर्चुगलमा पनि त्यहाँको समाजवादी दल नै सत्तामा पुग्यो । नेपालमा माओवादी नेतृत्वको सरकार आफ्नै कारणले ढलेपछि २२ वटा विपक्षी दलको सरकार बन्यो । दक्षिण अफ्रिकामा जैकब जुमा अध्यक्ष रहेको अफ्रिकी नेसनल पार्टीले बहुमत हासिल गरेर सरकार बनायो । कुवेतमा पनि पुरानो सरकार कायम रहे पनि यसपटक चार महिलाले संसदीय निर्वाचन जितेर मुस्लिम बहुल राष्ट्रमा महिलाहरू अघि बढिरहेको संकेत दिए ।

### आर्थिक मन्दीको अन्त्य

सन् २००८ ले विश्वमा आर्थिक मन्दीको त्रासदी ल्याएको थियो । आर्थिक मन्दीको खबरसँगै युरोप तथा अमेरिकाका सयौं वर्ष पुराना औद्योगिक घरानाहरू ढले । सन् २००९ सँगै अमेरिकाको केन्द्रीय बैंकले लिएको सुधारवादी नीतिले आर्थिक मन्दी अन्त्य गर्न सहयोग पुऱ्यायो । अन्तर्राष्ट्रिय मुद्राकोषले थप ५ प्रतिशत रकम विकसित राष्ट्रमा परेको अप्ठ्यारो टार्न सहयोग गर्ने नीति बनायो । चीन तथा भारत विश्वका महाशक्ति बन्ने भविश्यवाणी यसै बखत गरियो । यद्यपि विश्वमा छाएको यो मन्दीबाट अहिले विश्वका २३ राष्ट्रले पार पाइसकेको बताएका छन् भने दुबईजस्ता केही क्षेत्र अझै पनि आर्थिक स्थिति सुदृढ गर्न लागिपरेका छन् ।


ब्युटीसियन कोर्स
नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त ।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
• रोजगारीको ग्यारेण्टी ।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

उद्घोषण
New year Discount
5000 को कोर्ष मात्र 1500/-
Rj,VJ,MC मा
तालिमका साथमा अवसर
Janas Media
01-2141246, 9841497000, 9841457750

+2/SLC ९महिना मै
❑ ९ महिना मै +२ पास गर्न चाहानुहुन्छ ?
❑ ८,९,१० पास नगरी SLC दिन चाहानुहुन्छ ?
❑ Maths/Science साथै Sent up नदिई SLC पास गर्न चाहानुहुन्छ ?
❑ SLC/+2 मा ५ विषय पढे पुग्ने ।
❑ जागिरे / गृहिणीहरुले घरमै बसी पढ्न सक्ने ।
❑ TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त ।
❑ Nepali/English भाषामा परीक्षा दिन सकिने ।
पाथ-फाईन्डर ग्लोबल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोर्टर्स क्लबको अगाडि) 01-2005077

होटल तालिम विशेष छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
➡ ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
➡ थप Industrial Training लाई Star Hotel मा पठाइने
➡ आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
➡ जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
➡ Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
रयाडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरवोट मार्ग
2040782, 016200757, 98510-93629
रयाडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

ब्युटिसियन कोर्ष
CTEVT बाट मान्यताप्राप्त प्रशिक्षकद्वारा धमाधम भर्ना लिईदैछ ।
साथै अन्य सेवा
विद्यार्थीहरुलाई २५% छुट
◇ चाँया, पोतो १००% ग्यारेण्टीका साथ फेसियल गरिन्छ ।
◇ आँखामुनिको कालोको फेसियल ।
◇ १००% ग्यारेण्टीका साथ Hair Straight गरिन्छ ।
◇ ब्युटिसियन सम्बन्धि सम्पूर्ण काम १००% ग्यारेण्टीका साथ गरिन्छ ।
◇ विदेश जानेहरुका लागि Special Classes दिईन्छ ।
मेरीगोल्ड हर्बल ब्युटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टर
सकेधारा चोक, काठमाण्डौ
फोन: ९८४९२६३९६३, ९८४१७८४५५३, ९८४१८१२३९९

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver,Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801


खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टीकल
नेपालमै पहिलो पटक
CCTV, Security System, Fire alarm control system, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic विषयहरुमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो । धमाधम भर्ना लिइदैछ, सिट सिमीत छ ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि.
अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाण्डौ
४२४६९३६, ९८०२०३१७६६

सौन्दर्यका सामान
❁ Height बढाउने (Yoko Japanese) - 1050/-
❁ मोटोपन घटाउने (Sauna Belt)
❁ अनुहार गोरो बनाउने (Roop Amrit)
❁ स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
❁ डण्डीफोर, चाया पोतो हटाउने (Cream)
❁ धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
❁ कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
❁ एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

Learn to Speak English
★2 & 3 Months Packages
★Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel
4359170

निशुल्क होटलतालिम
वेटर/वेट्रेस
साथमा रु 3000/- भत्ता
☞ उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:- जस्तै ★Cook ★waiter/ss ★Bartender ★Coffee Making ★House Keeping ★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना
Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587, 01-4277104, 9841032377

# नयाँ वर्षमा के-कस्ता संकल्प गर्न सकिन्छ ?



नयाँ वर्षसँगै सफलता, सुख र समृद्धिका मार्गहरू प्रशस्त हुन् भन्ने कामना हामी सबैमा हुन्छ। यसका लागि स्वयं आफैंले केही प्रतिबद्धता जनाउनु आवश्यक छ भने तीनलाई व्यवहारमा उतार्ने हरसम्भव प्रयास गर्नु पनि उत्तिकै आवश्यक छ।

**पारिवारिक जीवन**

आफ्नो पारिवारिक जीवनमा मानिसले कैयन् भूमिका एकसाथ निर्वाह गर्छन्। आफूले निर्वाह गरेका यी भूमिकाहरू कति सफल छन् भन्ने विषयमा बुझ्न केही प्रश्नको उत्तर दिनुपर्ने हुन्छ। तिनै उत्तरका आधारमा आफ्नो पारिवारिक जीवनलाई सुदृढ गर्न सकिन्छ।

- आफ्ना आमाबुबाको हेरचाह गर्ने जिम्मेवारी एक जनाको मात्र हो भन्ने सोच्नु गलत हो। छोराछोरीका रूपमा आफूले आफ्ना आमाबुबाका लागि आफूले के गरिएको छ ? यदि केही खास छैन भने यो नयाँ वर्षमा संकल्प गर्नुहोस् कि तपाईं उहाँहरूको नियमित मेडिकल चेकअप गराउने जिम्मेवारी लिनुहुन्छ  वा त्यस्तो केही कार्य गर्नुहुन्छ जसले उहाँहरूलाई खुसी प्रदान गर्छ।
- हरेक व्यक्तिको जीवनमा भाइबहिनीको विशेष स्थान हुन्छ। यो सम्बन्धलाई जीवन्त राख्न तपाईंले आफ्नो तर्फबाट के गर्नुभएको छ ? यदि तपाईंलाई आफ्नो प्रयासमा कुनै कमी महसुस हुन्छ भने आफैंलाई यो वचन दिनुहोस् कि यो वर्ष तपाईं आफ्ना भाइबहिनीसित निरन्तर सम्पर्कमा रहनुहुन्छ।
- हरेक व्यक्तिलाई लाग्छ कि उनले आफ्ना सबै जिम्मेवारी राम्रोसँग निर्वाह गरिरहेका छन् तर जिम्मेवारी निर्वाह गर्नु बाहेक आफ्नो दाम्पत्य जीवन सुमधुर राख्न तपाईंले के गर्नुभएको छ ? बितेका दिनमा श्रीमान् वा श्रीमतीसँग के-कस्ता कुरामा मनमुटाव भयो, के कस्ता कुराले तपाईं दुईबीच असमझदारी बढ्यो ? तिनलाई यो वर्ष सदाका लागि हटाउने प्रयास गर्नुपर्छ।
- त्यसो त बाबुआमाका रूपमा जिम्मेवारीको अन्त कहिल्यै हुँदैन। त्यसै पनि आजभोलिका अधिकांश आमाबुबा कामकाजी नै हुन्छन्। अतः आफ्ना बालबालिकाको लालनपालन उनीहरूका लागि चुनौतीपूर्ण बनेको छ। इमान्दारीपूर्वक मूल्यांकन गर्नुहोस्- तपाईंले आफ्ना बालबालिकालाई कति क्वालिटी टाइम दिनुहुन्छ ? नयाँ वर्षमा यो वचन र प्रतिबद्धता अँगाल्नुहोस् कि यो वर्षको छुट्टी र बिदाका अधिकतम समय आफ्ना बालबालिकाका लागि प्रयोग गर्नुहुन्छ। तिनीहरूसित कुरा गरेर तिनका समस्या बुझ्ने तथा उनीहरूसित मित्रवत् सम्बन्ध कायम गर्ने प्रयास गर्नुहुन्छ।
- आफ्ना सासूससुरा एवं परिवारका अन्य सदस्यको हेरचाह गर्नु तथा तिनका साथ स्नेहपूर्ण सम्बन्ध राख्नु जो-कसैको कर्तव्य हो। यदि सासूससुरा आफूसँग बस्नुहुन्न भने पनि उहाँहरूप्रतिको आफ्नो कर्तव्य र जिम्मेवारीबाट पन्छिनु हुँदैन। यो वर्ष उहाँहरूका लागि केही गर्ने संकल्प लिनुहोस्। उहाँहरूको खुसी वा सम्मानमा कुनै पनि कार्य गर्ने प्रयास गर्नुहोस्। उहाँहरू आफूसित नबसेको स्थितिमा समय मिलाएर भेट्न जाने वा फोनमै भए पनि हालखबर सोध्नुपर्छ।
- आफ्ना भाइबहिनी बाहेक श्रीमान्-श्रीमतीका भाइबहिनी आदिप्रति तपाईंको जिम्मेवारी हुन्छ। यो वर्षको प्रारम्भमा संकल्प लिनुहोस् कि तपाईं ती आफन्तका लागि अत्यन्त स्नेही रूपमा प्रस्तुत हुनुहुनेछ, साथै उनीहरूको खुसीको पूरा ख्याल गर्नुहुनेछ।

**करियर**

करियर आज हरेकको प्राथमिकतामा छ। यदि विवाह गरेपछिका वर्ष करियरका दृष्टिबाट त्यति राम्रो भएन भने आफूबाट के कस्ता गल्ती भए नियाल्नु आवश्यक छ।

- आफ्नो क्यारियरलाई सुदृढ गर्न आफ्ना कमी कमजोरीको पहिचान गर्ने प्रयास गर्नुपर्छ। जस्तै- समयको महत्त्व नबुझ्नु, सजगता, धैर्यता एवं आत्मविश्वासको कमी आदि। वर्ष २०१० का लागि आफू स्वयंसित वचनबद्धता अँगालनुहोस् कि म आफ्ना ती सबै कमीकमजोरी हटाउने प्रयास गर्नेछु जुन मेरो सफलताको मार्गमा बाधक छन्।
- यदि सफलताको दौडमा आफ्ना सहकर्मीभन्दा पछि पर्नुभएको छ भने पनि हडबडाउनु पर्दैन। दृढनिश्चयी भएर नयाँ वर्षको प्रारम्भदेखि नै आफ्नो कार्यकुशलता एवं क्षमता दुवैलाई वृद्धि गर्ने प्रयासमा लाग्ने प्रण गरी त्यसमा जुट्नुहोस्।
- आफ्नो कार्यक्षेत्रमा आउने नयाँ परिवर्तन र त्यससित सम्बन्धित नवीन जानकारी र उपलब्धिहरूमा जागरूक भएर तिनलाई आफ्नो कार्यशैलीमा अँगाल्ने बानी बसाल्नुपर्छ। यो तपाईंको क्यारियरका लागि सहयोगी सावित हुन्छ।
- हरेक कार्यक्षेत्रमा केही त्यस्ता व्यक्ति हुन्छन् जो आफ्नो काम गर्नुको साटो सहकर्मीको कुरा काट्न समय खर्चन्छन्। यस्ता व्यक्तिबाट टाढा रहेर तिनका कुरामा ध्यान नदिई आफ्नो काममा ध्यान केन्द्रित गर्नुपर्छ।
- करियरमा सफलताका लागि मात्र कडा मेहेनत भएर पुग्दैन, आफ्नो हाकिमलाई पनि आफ्नो कार्यको जानकारी हुनुपर्छ। अतः समय-समयमा आफ्ना अधिकारीलाई आफूले अहिलेसम्म सम्पन्न गरेका कार्यका सम्बन्धमा जानकारी गराउनुपर्छ।
- यदि तपाईंलाई कुनै कारणवस आफ्नो वर्तमान नोकरी चित्तबुझ्दो लाग्दैन वा त्यहाँको वातावरण कुनै कारणवश अनुकूल छैन भने वर्तमान नोकरीभन्दा राम्रो विकल्प खोज्नु नै नयाँ वर्षको एजेन्डा हुनुपर्छ।

**स्वास्थ्य**

स्वास्थ्यभन्दा ठूलो कुरा अरू केही हुँदैन। सम्भवतः बितेको नयाँ वर्षमा पनि तपाईंले नियमित रूपमा आठ घन्टा सुत्ने, बिहान सबेरै उठेर मर्निङवाक गर्ने, खानपानको बानीमा सुधार ल्याउनेजस्ता संकल्प लिनुभएको होला तर समयसँगै त्यसलाई अवलम्बन गर्नुभएन। यसपटक आफूसित आफूले गर्न सक्ने कुराको वचन दिनुहोस्।

- यो कुरा तय गर्नुहोस् कि कुनै समस्या नभए पनि तपाईं यसपटक रुटिन मेडिकल चेकअप अवश्य गराउनुहुन्छ।
- राति चाँडै सुत्ने प्रयास गर्नुहुन्छ र आफ्नो सुविधा अनुसार बिहान-बेलुकी व्यायामका लागि समय निकाल्नुहुन्छ।
- यो वर्ष किचेनलाई हेल्दी किचेन बनाउने संकल्प बनाउनुहोस्। साथै आफ्नो परिवारलाई पूर्णरूपमा स्वस्थ राख्ने प्रयास गर्नुहोस्। खाना बनाउँदा घ्यू-तेलको सीमित मात्रामा प्रयोग, जंक फुडमा नियन्त्रण, बढीभन्दा बढी मात्रामा पानीको सेवन, हरिया सागसब्जी एवं फलफूलको सेवनलाई प्राथमिकता दिनुपर्छ।
- तौल बढेको छ भने डाइटिङ नगरी नियमित वर्कआउटबाट तौल कम गर्ने प्रयास गर्नुपर्छ।
- आफूलाई जहिले पनि सक्रिय राख्नुपर्छ। सम्भव भएसम्म लिफ्टको साटो भऱ्याङ प्रयोग गर्नुपर्छ। नजिकको यात्रामा गाडी तथा बाइकको साटो पैदल यात्रालाई प्राथमिकता दिनुपर्छ।
- कुनै पनि स्वास्थ्य समस्यालाई साधारण हो भनेर लापरबाही नगर्ने तथा आफूखुसी औषधी पनि सेवन नगर्ने।

**व्यक्तित्वमा निखार**

हरेक व्यक्तिको जीवनमा त्यस्तो समय पनि आउँछ जब ऊ आफ्नो व्यक्तित्वका सम्बन्धमा लापरबाह हुन्छ। यदि त्यस्तो हुनुहुन्छ भने यो वर्ष आफ्नो आन्तरिक एवं बाह्य व्यक्तित्वमा निखार ल्याउने संकल्प गर्नुहोस् र त्यसलाई अझ आकर्षक बनाउने प्रयत्न गर्नुहोस्।

- नयाँ वर्षपूर्व नै आफ्नो वार्डरोबलाई व्यवस्थित बनाउनुहोस्। आउट अफ फेसन भएका ड्रेसलाई निकालेर ट्रेन्ड अनुरूपका पहिरनमा आफूलाई ढाल्ने प्रयत्न गर्नुपर्छ।
- आउटफिट बाहेक फुटवेयर, पर्स, ज्वेलरी जस्ता एक्सेसरिज पनि व्यक्तित्वमा सुगन्ध छर्न सफल हुन्छन्। सम्भव भएसम्म आफ्नो ड्रेससित मिल्दो एक्ससेसरिज तयार राख्नु राम्रो हुन्छ।
- आफ्नो छाला, केश एवं हात-खुट्टाको सौन्दर्यको विशेष रूपमा हेरचाह, एक पटक मेनिक्योर-पेडिक्योर, वेक्सिङ एवं फेसियल गर्नुपर्छ। यसबाट व्यक्तित्वमा निखार आउँछ।
- राम्रो कपडा, सुन्दर मेकअप एवं सुहाउँदो हेयर स्टाइल बाहेक आफ्नो बोल्ने शैली, उठ्ने-बस्ने तरिकालाई सही रूपमा अँगाल्नुपर्छ, अर्थात् आफ्नो बढी ल्यांग्वेजलाई ठीक राख्नुपर्छ।
- बाह्य व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्व पनि निखार्नु आवश्यक छ। मुहारमा सधैं मुस्कान हुनुपर्छ।
- कठिन परिस्थितिमा पनि आफ्नो भावनालाई नियन्त्रणमा राख्ने आफ्नो व्यवहारलाई पनि सन्तुलित राख्ने प्रतिज्ञा गर्नुपर्छ।

**सामाजिक सम्बन्ध एवं सरोकार**

के तपाईं आफ्ना छिमेकी, मित्रजन एवं आफन्तहरूसित भेट्न समय निकाल्न सक्नुहुन्छ ? आवश्यक परेको बेला तपाईं उनीहरूको मद्दत गर्नुहुन्छ ? के तपाईं आफ्ना लागि मात्र जिउनुहुन्छ ? समाजको भलोका लागि केही गर्ने सोच छ ? यी प्रश्नको जवाफ खोज्नुपर्छ। साथै आफ्नो सामाजिक जीवन सुधार्न केही अन्य कुरामा पनि ध्यान पुऱ्याउनुपर्छ।

- व्यस्तताका बखत पनि आफ्ना मित्रजन, आफन्तजनसित आफ्नो सम्बन्धलाई कायम राख्ने प्रयास गर्नुपर्छ। फोन, इमेल वा सोसल नेटवर्किङका माध्यमबाट उनीहरूसित सम्पर्क कायम राख्नुपर्छ।
- आफ्ना मित्र एवं छिमेकीलाई आवश्यक समयमा सहयोग गर्न पछि पर्नुहुन्न। सामाजिक सम्बन्ध 'गिभ एन्ड टेक' को सिद्धान्तमा आधारित हुने कुरालाई बुझ्नुपर्छ।
- नयाँ व्यक्तिसँग चिनारी बढाउने प्रयास गर्नुपर्छ। नयाँ मित्र बनाउने प्रयास जारी राख्नुपर्छ। यसबाट सामाजिक दायरा बढ्छ।
- हामी जुन समाजमा रहन्छौं त्यसप्रति केही नैतिक जिम्मेवारी पनि हुन्छ। अतः समाजको कमजोरी र आवश्यकता अनुसार आफू तयार रहनुपर्छ। सामाजिक क्रियाकलाप जस्तै- गरिब तथा असाहयको मद्दत, वृक्षरोपण, सरसफाइ, रक्तदान आदि काममा क्रियाशील हुनुपर्छ। यसका लागि इच्छाशक्ति नै ठूलो कुरा हुन्छ। समाजमा मिलेर बस्न सहयोग र भाइचाराको व्यवहार अँगाल्नुपर्छ। यी संकल्पलाई यदि व्यवहारमा उतार्न सकिए बितेको वर्षभन्दा यो वर्ष बढी फलदायी, उपलब्धिमूलक एवं सुखद भविष्य निर्माणमा सहायक हुनेछ।

**–रोजिन शाक्य**

"निःशुल्क संगीत शिक्षा"
यस संस्थाको बार्षिक उत्षवको अवसरमा जाडोको विदामा बसेको विद्यार्थीहरु र सम्पूर्ण संगीतप्रेमीहरुका लागि विषेश प्याकेजको संगीत शिक्षाको व्यवस्था गरिएकोछ। ईच्छुक ब्यक्तीले तलका ठेगानामा सम्पर्क राख्नुहोला।
अभिनव कला मञ्जरी
संगीत शिक्षालय :- धोवीधारा, पुतलीसडक, फोन – ४४२५६६२
Note भर्ना २०६६-९-१०बाट २० सम्म। भर्ना गर्दा परिक्षा लिईने छ।

Language / Computer
English: Elementary, Intermediate & Advanced courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive classes..)
Computer: Basic/Advanced/Accnt./Graphic
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Study Abroad: USA, UK Canada, Australia .. Wide range of courses, Free counselling ..
Language books/Cassettes/CDs/Video DVDs:
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945 OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
www.theflyinginstitute.edu.np
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu
Information Office: 4785609, New Baneswor
(Opp. of New Baneswor Department Store)

The pioneer Air Hostess Training Institute in Nepal
Be an Air Hostess
Be a Flight Steward
My Dream My AHTI Thank You!
Admission OPEN
After successful training we provide Job Placement Assistant in Domestic & International Airlines
FREE Facilities
Swimming
Airport Familiarization
Stationery
Uniform & Scarf
Highly experienced instructors
Licence holder from CAAN
Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np

# संसारका धनी व्यक्तिहरू




१
बिल गेट्स



२
वारेन बफेट

३
कार्लोस सिलम हेलु




४
लरेन्स एलिसन






५
इङ्भार काम्प्राड



६
कार्ल अलब्रेच्ट

७
मुकेश अम्बानी




८
लक्ष्मी मित्तल





९
थिओ अल्ब्रेच्ट



१०
अमान्सियो ओर्टेगा

**अमेरिकाबाट प्रकाशित हुने फोर्ब्स पत्रिकाले प्रत्येक वर्ष विश्वका धनी व्यक्तिहरूको सूची प्रकाशित गर्छ । यो वर्ष पनि उक्त पत्रिकाले आफ्नो सूची प्रकाशन गरेको छ । लगातार १३ वर्ष सम्म विश्वकै सर्वाधिक धनी व्यक्तिका रूपमा रहेका बिल गेट्स गत वर्ष तेस्रो नम्बरमा थिए, तर यो वर्ष उनी फेरि पहिलो नम्बरमै आएका छन् । विश्वव्यापी आर्थिक मन्दीका कारण सबैभन्दा धनी घोषणा भएका बिल गेट्सको सम्पत्ति अघिल्लो वर्षको तुलनामा १८ अर्ब डलरले कम छ । सन् २००८ सबैभन्दा धनी बारेन बफेटको सम्पत्तिमा गत वर्षभन्दा २५ अर्बले कमी आएपछि गेट्सले उनलाई पछि पार्न सफल भएका हुन् । फोर्ब्स म्यागेजिनले गत वर्ष विश्वका धनी अर्बपतिमा सूचीकृत भएका ३ सय ३२ व्यक्तिको नाम यो वर्षको सूचीमा अटाउन नसकेको पनि उल्लेख गरेको छ । गत वर्ष १ हजार १ सय २५ ब्यक्ति अर्बपति घोषित भएकोमा आर्थिक मन्दीका कारण यो वर्ष सो संख्या ७ सय ९३ मा सीमित हुन पुगेको छ ।**

### बिल गेट्स

५३ वर्षीय बिल गेट्स अमेरिकाका नागरिक हुन् । उनको सम्पत्ति ४० अर्ब डलर छ । एक वर्षको अवधिमा उनको सम्पत्तिमा १८ अर्ब डलरको कमी आएर पनि उनले यो उपाधि प्राप्त गरेका हुन् । बिलले सन् २००९ को अवधिमा ३ दशमलव ८ अर्ब डलर विभिन्न सामाजिक कार्यमा लगानी गरेका छन् । आफू र आफ्नी श्रीमती मेलिन्डा गेट्सको नाममा उनले बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनको स्थापना गरेका छन् । उनी तीन सन्तानका पिता हुन् । उनले हार्वर्ड विश्वविद्यालयमा अध्ययन गर्दागर्दै सफ्टवेयरको व्यापारमा लागेर पढाइ छोडेका थिए । सफ्टवेयरको सानो व्यापारबाट प्रारम्भ भएको उनको व्यवसाय अहिले विश्वव्यापी भएको छ । उनको माइक्रोसफ्ट कम्पनीबाट उत्पादित अपरेटिङ सिस्टमद्वारा अहिले विश्वका ९४ प्रतिशत कम्प्युटर सञ्चालित छन् ।

### वारेन बफेट

७८ वर्षीय वारेन बफेट पनि अमेरिकी नागरिक हुन् । उनलाई संसारका धनीको दोस्रो सूचीमा राखिएको छ । उनको कुल सम्पत्ति ३८ अर्ब डलर छ । गत वर्ष बफेट संसारकै पहिलो धनी थिए । यो वर्ष उनले २५ अर्ब डलर गुमाए पनि दोस्रो स्थानमा रहन सफल भएका छन् । उनले युनिभर्सिटी अफ नेब्रास्काबाट आर्ट्स र साइन्समा स्नातक तथा कोलम्बिया युनिभर्सिटीबाट साइन्समा स्नातक गरेका छन् । वित्तीय क्षेत्रमा चर्चित बफेटले सेयर, बैंकिङ तथा बिमा क्षेत्रमा लगानी गरेर यत्रो सम्पत्ति हासिल गरेका हुन् । उनको सेयर अमेरिकन एक्सप्रेस, कोकाकोला, जिलेटजस्ता प्रमुख कम्पनीहरूमा छ । उनी बिमा कम्पनीको प्रमुखसमेत छन् ।

### कार्लोस सिलम हेलु

मेक्सिकोका ६९ वर्षीय नागरिक कार्लोस सिलम हेलु सबैभन्दा धनी व्यक्तिको सूचीमा तेस्रो नम्बरमा छन् । हेलु मुख्यत दूरसञ्चार क्षेत्रका व्यवसायी हुन् । उनको यो व्यापारले मेक्सिकोमा प्रभुत्व नै जमाएको छ । त्यसबाहेक सम्पूर्ण ल्याटिन अमेरिका क्षेत्रमा समेत उनको प्रभुत्व छ । उनी खुद्रा व्यापार, बैंकिङ तथा बिमासम्बन्धी कारोबार पनि गर्छन् । उनको कुल सम्पत्ति ३५ अर्ब डलर छ । उनका ६ सन्तान छन् । तीमध्ये ३ छोराले उनको कारोबारमा पूर्ण रूपमा सहयोग गरिरहेका छन् ।

### लरेन्स एलिसन

लरेन्स एलिसन अमेरिकी नागरिक हुन् । उनको कुल सम्पत्ति साढे २२ अर्ब डलर छ । एलिसन ओराकल सफ्टवेयरका मालिक हुन् । उनले सन् १९७७ मा ओराकलका क्षेत्रमा काम गर्न थालेका थिए । सन् १९८६ देखि यो सार्वजनिक प्रयोगमा आएको थियो । यसको सेयर मूल्य बढ्दै जाँदा उनी यही वर्षदेखि धनीको सूचीमा पहिलो दस स्थानभित्र पर्न सफल भएका हुन् । एलिसनले युनिभर्सिटी अफ सिकागोमा भौतिक शास्त्र पढेका थिए, तर स्नातक नगर्दै बीचैमा पढाइ छोडेका थिए । उनको ४ सय ५३ फुट अग्लो राइजिङ सन नामक पानीजहाज छ । उनले जसलाई उनी आफ्नो निजी प्रयोजनका लागि प्रयोग गर्छन् ।

### इङ्भार काम्प्राड

८३ वर्षीय काम्प्राड स्वीडेनका उद्योगपति हुन् । उनका ४ सन्तान छन् र उनको कुल सम्पत्ति २२ अर्ब डलर छ । उनको आम्दानीको प्रमुख स्रोत खुद्रा व्यापार नै हो । उनले आफ्नो र आफ्नो जन्मस्थानको सुरुका अक्षरहरूबाट आइकेइए नामक कम्पनी खोलेका छन् । अहिले यो कम्पनीले विश्वका ३६ देशमा ९ हजार ५ सय प्रकारका सामग्री बिक्री गर्छ । यो कम्पनी स्थापना गर्दा उनी १७ वर्ष मात्र थिए । सुरुमा उनी साइकलमा सलाई बेच्ने काम गर्थे । त्यसपछि उनले आफ्नो व्यवसायलाई बढाउँदै लगेर माछा, क्रिसमस ट्रीको सजावट तथा बल पेन र पेन्सिलसमेत बेचे । उनी सन् १९७६ देखि स्वीजरल्यान्डको एपालिन्जमा बस्छन् । सन् १९८६ देखि नै काम्प्राडले रिटायर्ड लाइफ बिताइरहेका छन्, उनी अहिले उक्त कम्पनीको प्रमुख सल्लाहकार छन् ।

### कार्ल अलब्रेच्ट

कार्ल अल्ब्रेच्टको कुल सम्पत्ति साढे २१ अर्ब डलर बराबर छ । उनी जर्मन नागरिक हुन् । उनको अल्डी नामक सुपर मार्केट छ । उनको जर्मनी मात्र नभएर विश्वका विभिन्न मुलुकमा सुपरमार्केटहरू छन् । सन् २००९ मा उनले अमेरिकामा मात्र ७५ वटा नयाँ सुपरमार्केट खोल्ने योजना बनाएका थिए । यो वर्ष बिक्रीमा २० प्रतिशत वृद्धि भएका कारण पनि उनी यो सूचीमा पर्न सफल भएका हुन् ।

### मुकेश अम्बानी

पेट्रोकेमिकल्सका भारतीय व्यापारी मुकेश अम्बानीको सम्पत्ति साढे १९ अर्बभन्दा बढी छ, जुन उनलाई यो पैतृक सम्पत्तिका रूपमा प्राप्त भएको हो र त्यसलाई अम्बानीले बढाएका पनि छन् । उनको स्वामित्वमा रहेको भारतको रिलायन्स पेट्रोकेमिकल्स नामक कम्पनी विश्वव्यापी आर्थिक मन्दीको समयमा पनि निकै माथि उठ्यो । आफ्ना बुवा धीरुभाइ अम्बानीको मृत्युपश्चात् विभिन्न क्षेत्रमा रहेको व्यवसायलाई मुकेश र अनिलले बाँडेका थिए ।

### लक्ष्मी मित्तल

भारतको राजस्थानमा जन्मिएका ५८ वर्षीय लक्ष्मी मित्तल हाल लण्डनको किङस्टनमा वस्छन् । उनलाई फोर्ब्सले विश्वको आठौं धनीको सूचीमा राखेको छ । उनको कुल सम्पत्ति १९ दशमलव ३ अर्ब डलर छ । उनले सानो उमेरमै गरिबीमा बिताउनुपरेको थियो । भारतको स्वतन्त्रताभन्दा अघि उनको बुबाले सम्पूर्ण परिवारलाई कलकत्ता लगे । त्यहाँ उनको बुबाले एउटा स्टिल कम्पनीमा साझेदार बनेर काम गरे । कलकत्ताकै सेन्ट जेभियर्स कलेजबाट लक्ष्मीले सन् १९६९ मा कमर्समा स्नातक गरे । त्यसपछि उनले आफ्नो बुबासँगै स्टीलको व्यापार गर्न थाले । सन् १९९४ मा आफ्नो बुबा र दाजुसँग खटपट भएपछि उनले स्वतन्त्र रूपमा व्यापार संचालन गर्न थाले । पछि उनले लन्डनमा आफ्नो कम्पनीलाई स्थापित गरे । उनको मित्तल स्टिल कम्पनीले उत्पादन गरेका स्टील रोमानिया, बोस्निया हर्जगोभिना, दक्षिण अफ्रिका, अमेरिका आदि देशमा प्रसिद्ध छन् ।

### थिओ अल्ब्रेच्ट

८७ वर्षीय जर्मन नागरिक थिओ अल्ब्रेच्टसँग १८ दशमलव ८ अर्ब डलरबराबरको सम्पत्ति छ । उनको अल्डी नोड नामक सुपरमार्केट छ । कार्लको सुपरमार्केटको क्षेत्र दक्षिणी जर्मनी, ब्रिटेन, अस्ट्रेलिया आदि राष्ट्रमा छ भने थिओको क्षेत्र उत्तरी जर्मनी र युरोपको बाकी भागमा छ । यसबाहेक उनको जोए नामक सुपथ मूल्यको खाद्यान्न पसल पनि छ । अमेरिकामा मात्र जोएका ३ सय २० भन्दा बढी स्टोर छन् ।

### अमान्सियो ओर्टेगा

स्पेनका ७३ वर्षीय व्यापारी अमान्सियो ओर्टेगाको कुल सम्पत्ति १८ दशमलव ३ अर्ब डलर बराबर छ । उनको जारा नामक स्टोर छ । यो स्टोरमा विभिन्न सामग्री पाइन्छन् । यी सामग्रीमा लत्ताकपडादेखि लिएर घरायसी उपभोगसम्मका सामान छन् । विश्वका ७१ देशमा यस्ता ४ हजारभन्दा बढीस्टोर छन् । यसबाहेक ओर्टेगाको ग्याँस, पर्यटन उद्योग, बैंकिङ तथा रियल स्टेटका क्षेत्रमा पनि विश्वका विभिन्न राष्ट्रमा लगानी छ ।

# संसार तताएका सेक्स स्क्यान्डलहरू



समाजले वैधानिकता दिएको लोग्नेस्वास्नीका अतिरिक्त अन्य महिला-पुरुष अर्थात् विपरीत लिंगका बीच यौनका घटना हुनुलाई अहिलेको समाजमा सामान्य मान्न थालिएको छ। यति हुँदाहुँदै पनि विशेषगरी सेलिब्रेटीहरूका यौनविवाद अर्थात् सेक्स स्क्यान्डलहरूले व्यापक चर्चा पाउने गरेका छन्।

### बाबु-छोरीको सम्बन्ध

यसै वर्ष हलिउडकी ५० वर्षीया गायिका तथा अभिनेत्री मेक्यान्जी फिलिप्सलाई अमेरिकी टेलिभिजन कार्यक्रम ओपेरा सोमा निम्त्याइएको थियो, जसमा उनले गरेको एउटा खुलासाले उक्त बहुचर्चित टक शोका दर्शक मात्र होइनन्, थाहा पाउनेजति सबै दिवंगत संगीतकार तथा गायक जोन फिलिप्सको निन्दा गर्न विवश भए। गायक तथा संगीतकार जोनकी छोरी मेक्यान्जीले उनका बाबुले उनलाई बलात्कार गरेको कुरा उक्त सोमार्फत खुलासा गरेकी थिइन्। जोनले लागू पदार्थको इन्जेक्सन लगाएर लठ्ठ पारेपछि बलात्कार गर्थे। हाडनाता सम्बन्धको यो खुलासाले अमेरिकी कलाक्षेत्रमै ठुलो भुइँचालो गयो।

### गभर्नरसँग अर्जेन्टियन प्रेमिका

अमेरिकाको दक्षिण क्यारोलिनाका गभर्नर मार्क सानफोर्ड वर्ष २००९को जुलाई महिनाताका एउटै यौनकाण्डले चर्चामा चुलिए। उनी बारम्बार अर्जेन्टिना गैरहन्थे। मार्कको भनाइमा उनी 'आत्मीय साथी' सँग हाइकिङ जान्थे। सुरुमा नकारे पनि पछि गएर उनले ती आफ्नी प्रेमिका भएको बताए। यो कुरा थाहा भएपछि मार्कको २० वर्ष लामो दाम्पत्य जीवन टुंगियो।

### अठार वर्षसम्म यातना

अमेरिकाको क्यालिफोर्नियाबाट १९९१को जून १० तारिखदेखि हराएकी एउटी ११ वर्षीय बालिका १८ वर्षपछि प्रहरीको सम्पर्कमा आइन्। उनले बताएको यथार्थले अमेरिकामा हुने यौन अत्याचारको पराकाष्ठालाई चित्रण गऱ्यो। उनलाई एक ५८ वर्षीय व्यक्ति फिलिप गारिडोले अपहरण गरेका रहेछन्। उनले ती बालिका जेयसी डगार्डलाई आफ्नो घरको पछाडि १८ वर्षसम्म थुनेर बलात्कार गरेछन्। जसबाट दुई सन्तान पनि भएछन्। जसोतसो मुक्त भएपछि उनी प्रहरीको सम्पर्कमा पुगिन्। गारिडोसँग उनकी पत्नी नेन्सीको पनि मिलोमतो रहेको सार्वजनिक भएपछि हाल दुवै कारावासको सजाय भोगिरहेका छन्।

### अरूको व्यंग्य गर्नेको व्यंग्य

अमेरिकी टेलिभिजन कार्यक्रम सञ्चालक डेविड लेटरम्यान आफ्नो कार्यक्रममा राजनैतिक पार्टीका नेता, कलाकार आदि चर्चित व्यक्तित्वका क्रियाकलापमाथि व्यंग्य गर्थे। यस पटक आफ्नै क्रियाकलापका कारण उनी आफैं लज्जित भए। उनको आफ्नै सहायक स्टेफेनी ब्रिकिटसँगको यौनसम्बन्धले उनका अरू सम्बन्धहरूको पनि खुलासा भयो। कार्यक्रम सञ्चालक डेविडको महिला कर्मचारीहरूसँग सम्बन्ध रहने गरेको कुराले अरूमाथि व्यंग्य गर्ने उनलाई धेरैले 'खुच्चिङ' भन्ने मौका पाए।

### अमेरिकी सुन्दरीको सेक्स टेप

मिस क्यालिफोर्निया भएपछि मिस युएसएमा फर्स्ट रनरअप भएकी सुन्दरी केरी प्रिजिनको सेक्स टेप तथा नग्नतस्बिरहरू सार्वजनिक भए। लगत्तै उनले आफ्नो बचाउ गर्दै भनिन्- 'ती सबै उनी १७ वर्ष भएको बेला खिचिएका थिए। वयस्क नहुँदै त्यस्तो कार्य गरेकोमा कानुनी कारबाही हुने डर भएपछि उनले फेरि भनिन्- त्यतिबेला म २० वर्षकी थिएँ।' टेलिभिजन कार्यक्रम ल्यारी किंग लाइभमा उनले मिस यूएसएमा सहभागी हुन शल्यक्रिया गरी स्तन बढाएको र समलिंगीहरू मन नपर्ने कुरा बताएपछि उनका गसिप निकै बनाइए।

### विगतको कुकृत्यले पक्राउ

ओस्कार विजेता चलचित्र निर्देशक रोमन पोलान्स्की यो वर्ष स्वीजरल्यान्डमा पक्राउमा परे। रोमनले झन्डै ३० वर्षअघि एउटी १३ वर्षीया किशोरीलाई लागूऔषध प्रयोग गराई



मुखमैथुन गर्न लगाएको उजुरी परेपछि उनलाई पक्राउ गरिएको थियो। हाल घरमै बन्दी भएका निर्देशक पोलान्स्की उक्त घटनाका कारण निकै बदनाम भएका छन्।

### पति, पत्नी र उनी

अमेरिकी अभिनेत्री रेबिका गेहार्ट, उनका पति चलचित्र अभिनेता एरिक डेन तथा पूर्व मिस टिन युएसए केरी एन पेनिके नग्न भएको भिडियो गावकर डटकममा राखिएपछि नौलो यौनकाण्ड मच्चियो। लोग्ने-स्वास्नीबीचको यौन क्रियाकलापको भिडियो सार्वजनिक हुनुलाई नौलो नमानिने अमेरिकी समाजमा पति-पत्नी र उनीसहितको भिडियो आउनुलाई अत्यधिक चर्चामा राखियो।

### प्रधानमन्त्रीको यौनक्रिया

इटलीका प्रधानमन्त्री सिल्भियो बेर्लुस्कोनीमाथि उनका महिला सहकर्मीहरूले यौन क्रियाकलाप गर्न खोजेको आरोप लगाएपछि उनी बदनाम भए। महिलाहरूको आरोप थियो- बेर्लुस्कोनीले उनीहरूलाई विभिन्न व्यवहारबाट यौनआमन्त्रण दिन्छन्। यद्यपि बेर्लुस्कोनीले उक्त आरोपको खण्डन गरेका छन्।

### स्ट्रिपरसँग सम्बन्ध

अमेरिकी अभिनेता जोश डुहामेल 'स्ट्रिपर' अर्थात् आफूलाई क्रमशः नग्न बनाउँदै प्रस्तुत हुने युवती निकोल फोरेस्टरसँग यौनसम्बन्ध राखेपछि चर्चामा आए। निकोलले ती अभिनेताले आफूसँग नाचेपछि



यौनसम्बन्ध राखेको बताएपछि उक्त घटनाले चर्चा पाएको थियो।






## किले हाजेल

१६ वर्षको उमेरदेखि मोडलिङ यात्रा प्रारम्भ गरेकी हाजेल अहिले २२ वर्ष पुगिन् । उनको जन्म बेलायतको लन्डनमा भएको हो । १७ वर्षको उमेरमा उनले द डेली स्टारको सर्च फर द अ विच बेबको टाइटल जितिन् । सन् २००७ को आरम्भमा पूर्वप्रेमी लियोड मिलरले उनीहरूबीचको यौनक्रीडालाई इन्टरनेटमार्फत सार्वजनिक गरेपछि यी अमेरिकी मोडलको चर्चा बढ्न थालेको हो । यो वर्ष उनी अमेरिकामा गुगल साइटमार्फत सबैभन्दा बढी सर्च गरिएकी ब्रिटिस नागरिक बनेकी थिइन् ।

## एन्ना फ्रिएल

३२ वर्षीय अमेरिकी अभिनेत्री एन्ना फ्रिएल चलचित्र पुसिङ डेसिजकी अभिनेत्री हुन् । यसबाहेक उनी यो वर्ष द ल्यान्ड अफ द लस्टमा पनि अभिनय गर्दैछिन् । यसको चर्चा अहिले नै प्रारम्भ भैसकेको छ ।



# सर्वाधिक कामुक महिला


## एलिसा कुटबर्ट

२७ वर्षीया एलिसा कुटबर्ट क्यानेडियन चलचित्र अभिनेत्री हुन् । १७ वर्षको उमेरमा उनी अमेरिकाको लस एन्जल्स पुगिन् । उनको पहिलो चलचित्र डान्सिङ अन द मुन हो । यो सन् १९९७ मा प्रदर्शित भएको थियो । द गर्ल नेक्स्ट डोर नामक चलचित्रमा पोर्न स्टारको भूमिकाका कारण पनि उनी चर्चित बनिन् । उनले सबैभन्दा बढी चर्चा ट्वेन्टीफोर नामक अमेरिकन एक्सन थ्रिलर टेलिभिजन श्रृंखलाबाट पाएकी हुन् ।

कामुकताको मापन धेरै किसिमले धेरैले गर्न सक्छन्। विश्वका धेरै संस्था र वेबसाइटहरूले सर्वाधिक कामुक महिलाहरुको सूची प्रकाशित गर्दै आएका छन्। एफएचएम म्यागाजिनले निकाल्ने सूची सबैभन्दा विश्वसनीय र चर्चित मानिन्छ। उक्त म्यागेजिनका आधारमा विश्वका सर्वाधिक कामुक दस महिला :

## चेरिल कोल


बेलायतको न्युक्यासल अपनटाइनमा जन्मिएकी २६ वर्षीय चेरिल ट्वीडी कोल प्रसिद्ध गायिका हुन् । ६ वर्षको उमेरदेखि नै उनले मोडलिङका क्षेत्रमा काम गर्न थालेकी हुन् । उनी स्थानीय हुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मोडलिङका विभिन्न प्रतियोगितामा सामेल भैसकेकी छिन् । कोलले साथीहरूसँग मिलेर निर्माण गरेको द गर्ल्स एलाउड सांगीतिक समूहको साउन्ड अफ द अन्डरग्राउन्ड एल्बम निकै चर्चित छ । उनको विवाह सन् २००६ मा फुटबल खेलाडी एस्ली कोलसँग भएको थियो ।





## ब्रिटनी स्पेयर्स

कहिले प्रेमीसँग झगडा गर्ने, कहिले कपाल खौरिने घटनाका कारण समाचारमा छाइरहेकी गायिका तथा मोडल ब्रिटनी स्पेयर्स यो वर्ष पनि चर्चित रहिन् । उनी यो वर्ष सर्वाधिक कामुक महिलाको सूचीमा चौथो नम्बरमा रहन सफल भइन् ।



## जेसिका अल्बा

जेसिका अल्बा १३ वर्षको उमेरमै द सिक्रेट वर्ल्ड अफ एलेक्समा देखा परेकी थिइन् । प्ले ब्वाई पत्रिकामा छापिएका अर्धनग्न तस्विरहरूका कारण पनि उनी चर्चामा आइन् । उनका हनी, सिन सिटी, फेन्टास्टिक फोर, गुड लक चक आदि चलचित्र निकै चर्चित छन् ।



## क्रिस्टिन क्रुक

२६ वर्षीया क्रिस्टिन क्रुकले स्ट्रिट फाइटर, द लिजेन्ड अफ चुन लि, सुपरम्यान गर्ल आदिमा अभिनय गरेकी छिन् । सुपरम्यान गर्लका रूपमा उनको भूमिकाले उनलाई कामुक युवतीको श्रेणीमा उभ्याएको हो ।



## मेगान फक्स

सन् २००१ मा होलिडे इन द सन नामक चलचित्रबाट चर्चा पाएकी मेगानले सन् १९९९ देखि अभिनययात्रा प्रारम्भ गरेकी हुन् । आकर्षक शरीरकी धनी मेगानको शरीरमा कुदिएका टाटुले उनलाई थप कामुक बनाएको छ । उनका कन्फ्रेसन अफ अ टिन एज ड्रिम क्विन, क्राइम्स अफ फेसन, ट्रान्सफर्मर आदि चलचित्र प्रसिद्ध छन् ।



## एन्जेलिना जोली

२६ वर्षीया क्रिस्टिन क्रुकले स्ट्रिट फाइटर, द लिजेन्ड अफ चुन लि, सुपरम्यान गर्ल आदिमा अभिनय गरेकी छिन् । सुपरम्यान गर्लका रूपमा उनको भूमिकाले उनलाई कामुक युवतीको श्रेणीमा उभ्याएको हो ।



## फ्रिडा पिन्टो


२४ वर्षीया फ्रिडा पिन्टो चर्चित चलचित्र स्लमडग मिलेनीयरकी नायिका हुन् । चलचित्रसँगै फ्रिडाको चर्चा पनि यो वर्ष निकै भयो । त्यसैका कारण नै फ्रिडा यो सूचीमा एक्कैपटक माथि पुग्ने अभिनेत्री पनि बनिन् ।

# सर्वाधिक कामुक पुरुष

पिपुल म्यागेजिनले प्रत्येक वर्ष विश्वका सर्वाधिक कामुक पुरुषहरूको सूची प्रकाशित गर्छ। विभिन्न व्यक्तिसँगको अन्तर्वार्ता, अनलाइन सर्वेक्षण तथा लोकप्रियताका आधारमा यो सूची प्रकाशित गरिन्छ। यो वर्ष जोनी डेप सूचीको पहिलो नम्बरमा पर्न सफल भएका छन्। पिपुल म्यागजिनले छानेका दस कामुक पुरुष :

**जोनी डेप**

पाइरेट्स अफ द क्यारिबियनमा विभिन्न भूमिकामा देखिएका जोनी डेप यो वर्ष पनिसर्वाधिक कामुक पुरुषको



सूचीमा रहन सफल भए। ४६ वर्षीय जोनी युवा अवस्थादेखि नै सुन्दरीहरूको मनमा रहन सफल छन्।

**रेयान रेनोल्ड्स**


३३ वर्षीय रेयान रेनोल्ड्स क्यानेडियन टेलिभिजन कलाकार तथा चलचित्रकर्मी हुन्। सन् १९९८



मा टु गाइज एन्ड अ गर्ल नामक टेलिभिजन कार्यक्रमपश्चात् उनको चर्चा प्रारम्भ भएको हो। उनी हास्यव्यंग्यलगायत विभिन्न भूमिकामा देखिन्छन्।

**जेक गाइलेनहाल**

२९ वर्षीय जेक गाइलेनहाल अमेरिकाको क्यालिफोर्नियानिवासी हुन्। उनी प्रसिद्ध चलचित्र कलाकार



हुन्। उनी सन् १९९१ देखि यो क्षेत्रमा क्रियाशील छन्। त्यसबाहेक जेक विभिन्न सामाजिक, राजनैतिक एवं वातावरणीय अधिकारका क्षेत्रमा पनि क्रियाशील छन्।

**ब्राड्ली कुपर**


३४ वर्षीय ब्राड्ली कुपर हेर्नमा सुन्दर मात्र छैनन्, उनको व्यक्तित्व पनि आकर्षक छ। उनी पनि अमेरिकी चलचित्र, स्टेज र टेलिभिजन कलाकार हुन्। कुपर खासगरी द ह्याङओभर चलचित्रमा फिल बेनेकका रूपमा, टेलिभिजन शृंखला एलियासमा विल



टिपिनका रूपमा, हास्यचलचित्र वेडिङ क्रयासरमा जाचरी स्याक लजका रूपमा गरेको अभिनयबाट प्रसिद्ध छन्।

**रोबर्ट डाउनी जुनीयर**


४४ वर्षीय रोबर्ट डाउनी जुनियर पनि अमेरिकी कलाकार, चलचित्र निर्माता एवं संगीतकार हुन्। डाउनी पाँच वर्षको उमेरमा आफ्नो बुबाले निर्माण गरेको चलचित्रमा अभिनय गरेपछि लगातार यो क्षेत्रमा क्रियाशील छन्। उनी जीरो, एयर अमेरिका तथा



सोपडिसजस्ता चलचित्रका कारण चर्चित छन्। रोबर्टले सन् १९९२ मा च्यापलिन चलचित्रमा गरेको चार्ली च्यापलिनको भूमिकाका कारण सर्वश्रेष्ठ अभिनेताका लागि एकेडेमी एवार्ड पाएका थिए।

**डेभिड बेकह्याम**

३४ वर्षीय डेभिड बेकह्याम इङ्ल्यान्डका प्रसिद्ध फुटबल खेलाडी हुन्। उनी कुशल खेलाडी मात्र नभइ



आकर्षक पुरुष पनि हुन्। आफ्नी श्रीमती र छोराप्रति उनले देखाउने जिम्मेवार भूमिकाका कारण पनि उनी चर्चित छन्।

**गिल्स म्यारिनी**


३३ वर्षीय गिल्स म्यारिनी फ्रान्सेली कलाकार हुन्। उनी सुरुमा फ्रेन्च आर्मीमा भर्ना भएर पेरिसमा बसेका थिए। पेरिसमै रहँदा उनको



भेट प्रसिद्ध फोटोग्राफर फ्रेड गाडनसँग भयो, जसले उनलाई पहिलो पटक मोडलिङको संसारमा प्रवेश गराए। सैनिक जीवन सकिएपछि उनी अमेरिका गएर अंग्रेजी भाषा सिक्न थाले। त्यसपछि नै उनको मोडलिङतर्फको यात्रा अघि बढ्यो। त्यसपछि उनी लगातार यो क्षेत्रमा क्रियाशील छन्।

**द ग्रिल गाइज**

द ग्रिल गाइज एउटा ब्यान्डको नाम हो। यसमा २७ वर्षीय कोरी मोन्टेथ, ३१ वर्षीय म्याथ्यु मोरिसन



तथा २७ वर्षीय मार्क सेलिङ छन्। उनीहरूले लगाउने सुटले धेरैको मन लोभ्याएको छ। विभिन्न स्टेज कार्यक्रममा उनीहरूले प्रस्तुत गर्ने गीत तथा हाउभाउका कारण पनि सबैको मन जितेका छन्।

**निक क्यानन**


२९ वर्षीय निक क्यानन अमेरिकाज गट ट्यालेन्ट शोका सञ्चालक हुन्। उनलाई कुन शब्द कस्तो बेला बोल्नुपर्छ भन्ने कुरा थाहा छ। कुन मुडमा कुन सगीत बजाउनुपर्छ भन्ने कुरा पनि उनलाई थाहा छ। सायद यसैका कारण नै उनी यो सूचीमा पर्न सफल भएका हुन्। उनले विभिन्न चलचित्रमा



अभिनय पनि गरेका छन्। उनी अहिले टिनिक नामक संस्थाका अध्यक्ष छन्।

**एडम ल्याम्बर्ट**

अमेरिकाको क्यालिफोर्निया निवासी २७ वर्षीय ल्याम्बर्ट अमेरिकन आइडल स्टार हुन्। उनी गायक, गीत लेखक तथा कलाकारसमेत हुन्। उनले यो वर्षको फेब्रुअरीमा निकालेको फर योर इन्टरटेनमेन्ट एल्बमले नयाँ रेकर्ड कायम गरेको थियो।





# घाटै घाटामा बलिउड



भारतीय चलचित्र उद्योगका लागि वर्ष २००९ खासै उपलब्धिमूलक रहेन। यो वर्ष एउटा पनि त्यस्तो चलचित्र आएन, जसलाई सुपर-डुपर हिट भन्न सकियोस्। बृहत् लगानी र नाम कहलिएका स्टारहरू भएका चलचित्रलाई समेत दर्शकले मन नपराएपछि आगामी वर्ष के हुने हो ? भन्ने त्रास त्यहाँका चलचित्रकर्मीको मनमा छ। स्टारहरूलाई अत्यधिक पारिश्रमिक दिए पनि गतिलो चलचित्र नबन्दा कतिपय चलचित्र 'फ्लप'को सूचीमा अंकित भएका छन्। 'कम्बख्त इश्क' र 'ब्लु' जस्ता चलचित्र यसका उदाहरण हुन्। यी दुई चलचित्र कलाकारहरूलाई दिइएको पारिश्रमिकका कारण महँगो चलचित्र भए पनि तिनले निर्मातालाई डुबाए।

**सुपरहिट चलचित्र**

वर्ष २००९ मा सुपर-डुपर हिट चलचित्रको सूचीमा कुनै पनि चलचित्र परेनन्। सुपरहिट चलचित्र भन्न सकिने गरी कुनै पनि चलचित्रले बलिउडको बक्सअफिसमा आफ्नो प्रभाव जमाउन सकेनन्। चलचित्र 'गजनी'ले २००९मा राम्रो व्यापार गरे पनि उक्त चलचित्र २००८ को अन्तिम साता प्रदर्शनमा आएकाले त्यसलाई २००९को चलचित्र मान्न सकिँदैन। बलिउडमा तुरुपको एक्का मानिएका शाहरुख खान र चल्तीका अर्का स्टार ऋत्विक रोशनका एउटा पनि चलचित्र आएनन् भने पनि हुन्छ। शाहरुख खानले अतिथिको भूमिका निर्वाह गरेको 'बिल्लु' तथा ऋत्विक रोशन पनि अतिथि भूमिकामा देखिएको चलचित्र 'लक बाइ चान्स'ले उनीहरूको कमीलाई केही हदसम्म पूरा गरिदियो। विगत केही वर्षदेखि हरेक वर्ष सुपरहिट चलचित्र दिँदै आएका आमिर खानको पनि वर्ष २००९को अन्त्यमा गत शुक्रबार मात्र चलचित्र 'थ्री इडियट्स' सार्वजनिक भएको छ। यो चलचित्रको व्यावसायिक परिणाम आगामी केही सातापछि मात्र स्पष्ट हुनेछ। यद्धपि यो चलचित्रलाई सुपरहिट मानिसकिएको छ।

**हिट चलचित्र**

एक-दुईवटा अपवादलाई छाड्ने हो भने बलिउडमा कपुरहरू निकै भाग्यमानी मानिएका छन्। पृथ्वीराज कपुरदेखि अहिलेका रणवीर कपुरसम्म चलचित्रमा प्रवेश गरेका कपुर परिवारका सदस्य सबैले 'स्टारडम' पाएका छन्। दुई वर्षअघि पहिलो चलचित्र 'साँवरिया' व्यावसायिक रूपमा



असफल भए पनि नवनायकका एवार्डहरू थापेका रणवीरको खातामा २००८मा आएको चलचित्र 'वचना ए हसिनौँ'ले खासै उत्साह थपेन, तर २००९मा भने उनका तीन चलचित्र आए 'वेक अफ सिद', 'रकेट सिंह' र 'अजब प्रेमकी गजब कहानी'। तीमध्ये 'अजब प्रेमकी गजब कहानी' वर्षको हिट चलचित्रमा दरियो। फेसन र स्टाइलका कारण चर्चामा आइरहने सलमान खानको केन्द्रीय भूमिका भएको चलचित्र 'वान्टेड' पनि वर्षको अर्को हिट चलचित्र मानिएको छ।

**सेमी हिट चलचित्र**

निर्माताका रूपमा बलिउडका 'नबाब' सैफअली खानको लगानी खेर गएन। आफ्नै लगानीमा उनले मुख्य चरित्र निर्वाह गरेको चलचित्र 'लव आजकल'ले सामान्य व्यवसाय गर्‍यो। यो चलचित्रको गीतसंगीत निकै मन पराइयो। २००१ को सेप्टेम्बर ११ मा अमेरिकामा भएको त्रासदीपूर्ण आतंकवादी आक्रमणलाई आधार बनाई निर्माण गरिएको चलचित्र 'न्यूयोर्क'ले पनि व्यावसायिक रूपमा निर्माता-निर्देशकलाई निराश पारेन। प्रायः हिट चलचित्र बनाउने यशराज फिल्म्सले वर्ष २००९मा ल्याएको एक मात्र सेमी हिट चलचित्र त्यही थियो। कम लागतमा बनाइएको चलचित्र 'पा'ले भने अनुमानविपरीत व्यवसाय गरिरहेको छ। अमिताभ बच्चनले बिल्कुलै पृथक् भूमिका निर्वाह गरेको यो चलचित्रको निर्माण लागत १७ करोड भा.रु. थियो, यति लागतलाई बलिउडमा कम लागत भनिन्छ।

**औसत सफल**

हास्यचलचित्रले अघिल्ला वर्षहरूमा सफलताको झन्डा गाडेका भए पनि यो वर्ष दर्शकहरू दोहोरिने हास्यदृश्यबाट वाक्क भएछन्। पछिल्लो पटक अनवरत हास्यचलचित्रको निर्देशन गरिरहेका निर्देशक प्रियदर्शनको निर्देशन रहेको चलचित्र 'दे दनादन' हेरुन्जेल दर्शक हाँसे पनि चलचित्रको विषयवस्तु गहकिलो नहुँदा उक्त चलचित्रले सामान्य व्यवसाय गर्‍यो। अर्को हास्यचलचित्र 'अल द बेस्ट' सर्वत्र अल द बेस्ट हुन सकेन। उक्त चलचित्रका निर्माताले पनि सामान्य व्यवसायमा चित्त बुझाउनुपर्‍यो।




किसिङ हिरो इमरान हासमीद्वारा अभिनीत डर र त्रासमा आधारित चलचित्र 'राज'लाई पनि औसत चलचित्र मानियो।

**सुपर फ्लप र फ्लप**

यो शीर्षकमा वर्ष २००९मा बलिउडबाट सार्वजनिक भएका चलचित्रको सूची लामो छ। सबैभन्दा पहिले ती चलचित्रको प्रसंग कोट्याऔं, जसबाट निकै आशा गरिएको थियो, जुन प्रदर्शनपछि 'हात्ती आयो फुस्सा' भए। चलचित्र 'कम्बख्त इश्क'मा बलिउडका हटकेट नायक अक्षयकुमार र नायिका करिना कपुरका अतिरिक्त हलिउडका कलाकारहरूको भीड थियो। निर्माणमा पनि अत्यधिक खर्च भएको थियो। त्यति भएर पनि उक्त चलचित्र सफलताको स्वाद लिनबाट वञ्चित भयो। सार्वजनिक हुनअघि चलचित्र 'ब्लु'लाई भारतको सबैभन्दा महँगो चलचित्र मानिएको थियो। जब प्रदर्शन भयो, विषय र प्रस्तुतिमा उक्त चलचित्र सस्तो देखियो। आतंकवादीको प्रेम र जीवनमा आधारित 'कुर्बान' पनि बेकम्मा साबित भयो। 'रकेट सिंह-द सेल्सम्यान अफ द इयर'को रकेटले उडान मार्न सकेन। 'लगान', 'स्वदेश' र 'जोधा अकबर' जस्ता प्रशंसनीय चलचित्र निर्देशन गरेका आशुतोष गोवारिकरद्वारा निर्देशित चलचित्र 'ह्वाट्स योर राशि'को रीशफलमा 'फ्लप' लेखियो। 'अलादिन'लाई पनि उसको जिन्नले असफल हुनबाट बचाउन सकेन। मधुर भण्डारकरको चलचित्र 'जेल'को हालत पनि ठकि भएन। सलमान खान र करिना कपुर भएर पनि चलचित्र 'मै और मिसेस खन्ना'को अवस्था यस्तो भयो कि त्यसलाई सार्वजनिक भएको केही दिनमै मुम्बईका केवल च्यानलहरूले देखाए। यी चलचित्रका कारण बलिउडले वर्ष २००९मा करोडौंको घाटा सहनुपर्‍यो। 'वेक अप सिद', 'कमिने', 'दिल्ली सिक्स', 'लक बाइ चान्स' जस्ता चलचित्रको चर्चा निकै भयो। चलचित्र



समीक्षकहरूले यी चलचित्रलाई 'हाई रेटिङ' दिएका थिए, यद्यपि बक्स अफिसमा यी चलचित्रले निर्माताहरूलाई निराश पारे।



**उत्कृष्ट दस नायक**

१. अमिताभ बच्चन - पा, अलादिन
२. आमिर खान - थ्री इडियटस्
३. सलमान खान - वान्टेड, लन्डन ड्रिम्स
४. रणवीर कपुर - अजब प्रेमकी गजब कहानी, वेकअप सिद, रकेट सिंह
५. अक्षयकुमार - कम्बख्त इश्क, चाँदनी चौक टु चाइना
६. जोन अब्राहम - न्युयोर्क
७. अभिषेक बच्चन - दिल्ली सिक्स, पा
८. अजय देवगन - लन्डन ड्रिम्स, अल द बेस्ट
९. शाहिद कपुर - कमिने, दिल बोले हडिप्पा
१०.इमरान हासमी - राज, तुम मिले

**उत्कृष्ट दस नायिका**

१. क्याटरिना कैफ - न्युयोर्क, अजब प्रेमकी गजब कहानी, ब्लु
२. प्रियंका चोपडा - कमिने, ह्वाट्स योर राशि
३. करिना कपुर - कम्बख्त इश्क, कुर्बान
४. विद्या बालन - पा
५. दीपिका पादकुण - लभ आजकल, चाँदनी चौक टु चाइना
६. रानी मुखर्जी - दिल बोले हडिप्पा
७. विपाशा बसु - अल द बेस्ट, आ देखे जरा
८. असिन - लन्डन ड्रिम्स
९. लारा दत्ता - ब्लु, बिल्लु
१०. कंगना रणावत - राज

**उत्कृष्ट दस चलचित्र तथा निर्देशक**


१. थ्री इडियटस् - राजकुमार हिरानी
२. पा - आर.बाल्की
३. अजब प्रेमकी गजब कहानी - राजकुमार सन्तोषी
४. वान्टेड - प्रभु देवा
५. लभ आजकल - इम्तियाज अली
६. लन्डन ड्रिम्स - विपुल शाह
७. बिल्लु - प्रियदर्शन
८. दिल्ली सिक्स - राकेश ओमप्रकाश मेहरा
९. वेकअप सिद - आयन मुखर्जी
१०.तुम मिले - कुणाल देशमुख

# विवाद र बलिउड

बलिउड र विवाद भनेका नङ र मासुजस्ता हुन् । विवादै नहुने कुरामा पनि बलिउडकर्मीहरू बखेडा खडा गर्न माहिर छन् । 'पब्लिसिटी स्टन्ट' भनिने ती विवादले सञ्चारमाध्यमहरूमा गतिलो स्थान पाइरहेका हुन्छन् । बलिउडमा हुने विभिन्न कन्ट्रोभर्सी, गसिप, स्क्याण्डलहरूमध्ये केही सत्य पनि हुन्छन् । ती घटनाका कारण बलिउडका चलचित्रकर्मीहरूको करियर नै धरापमा पनि परेको छ । वर्ष २००९ भरिमा बलिउडमा सयौं विवादित घटना भए । जसको निकै चर्चा भयो । तीमध्ये अत्याधिक विवादमा परेका घटना :







### शाइनी आहुजा र बलात्कार

'ग्याङ्स्टर', 'लाइफ इन अ मेट्रो' जस्ता चलचित्रका नायक शाइनी आहुजाद्वारा घरमा काम गर्ने महिलामाथि गरिएको बलात्कारको घटनाले समस्त चलचित्र जगत् नै अचम्भित भयो । उनको डीएनए टेस्टसमेत गरियो । जेलबाट जमानतमा छुटे पनि हाल उनी अदालतको चक्कर काटिरहेका छन् ।

### अक्षयकुमारको टाँक खुल्लै

एक फेसन शोमा अतिथिका रूपमा र्‍याम्पमा हिंडेका बलिउडका नायक अक्षयकुमारले आफूले लगाएको पाइन्टको टाँक र्‍याम्पकै एउटी मोडललाई खोल्न लगाए, अनि दर्शकदीर्घाको अग्रपङ्क्तिमा बसेकी उनकी श्रीमती ट्वीन्कल खन्नालाई लगाउन लगाए । उक्त घटनालाई विवादित बनाइयो । केही युवाले अक्षयविरुद्ध प्रहरीमा उजुरीसमेत गरे । अन्त्यमा अक्षयले माफी माग्नुपर्‍यो ।

### शाहरुखको अमेरिका काण्ड

शाहरुख खान अमेरिका पुग्दा न्युयोर्कस्थित एयरपोर्टको अध्यागमनका कर्मचारीले उनलाई अमेरिका प्रवेशमा रोक लगाउन खोजे । उनलाई रोक्नुको कारण उनको थर 'खान' थियो । उनलाई केही घण्टा अध्यागमनमा बयान लिएपछि मात्र अमेरिका प्रवेश गर्न दिइएको थियो । अमेरिकी सरकारको विरोध गर्दै उक्त घटनालाई भारतीय सञ्चारमाध्यमहरूले महत्त्वका साथ प्रचार गरे । भनिन्छ, उक्त घटना मिलेमतोमा भएको थियो । वास्तवमा शाहरूखले आफ्नो आगामी चलचित्र 'माइ नेम इज खान'को प्रचारका लागि उक्त 'पब्लिसिटी स्टन्ट' गरेका थिए ।




### करिनालाई साडी

नायिका करिना कपुरले चलचित्र 'कुर्बान'को पोस्टरमा 'टपलेस' भएको कुरालाई शिवसेनाले रुचाएन । कतिपय स्थानमा उक्त चलचित्रको पोस्टर च्यातियो भने कतिपय स्थानमा पोस्टरलाई साडीले छोपियो । यहाँसम्म कि नायिका कपुरलाई समेत शिवसेनाले साडी उपहार पठायो । यस्तै प्रकारको अर्को घटना पनि चर्चामा आयो । करण जौहरले निर्माण गरेको चलचित्र 'वेकअप सिद'को एउटा दृश्यमा 'मुम्बई'लाई 'बम्बे' उच्चारण गरिएको कुरामा शिवसेना कार्यकर्ता रिसाए । बबाल हुने भएपछि करण जौहरले माफी माग्नुपर्‍यो । त्यस्तै शाहरुख खानले निर्माण गरेको चलचित्र 'बिल्लु बार्बर'को शीर्षकमा 'बार्बर' शब्द प्रयोग गरिएकोमा भारतका हजामहरूले विरोध जनाए । परिणाम स्वरूप चलचित्रको शीर्षकबाट उक्त शब्द हटाएर 'बिल्लु' मात्र राख्नुपर्‍यो ।

### नीलको नाङ्गो शरीर

पुराना गायक मुकेशका नाति नील नितिन मुकेशले अझै बलिउडमा स्थान जमाउन सकेका छैनन् । त्यसैले उनी पनि चर्चा पाउन जे पनि गर्ने भएका छन् । चलचित्र 'जेल'को एउटा दृश्यमा उनी पूर्ण नग्न भए । उक्त दृश्यका कारण सेन्सरले चलचित्रलाई 'यू' श्रेणीको सर्टिफिकेट दियो । त्यति भएर पनि चलचित्र भने फ्लप भयो ।

### ब्रेकअप, ब्रेकअप अनि ब्रेकअप



प्रेम गरेपछि या त विवाह हुन्छ, नभए 'ब्रेकअप' अर्थात् विछोड । बलिउडमा हरेक वर्ष प्रेमकथामा अनेकौं चलचित्र बन्छन् । ती चलचित्रमा प्रेमका गाथा गाइन्छ । प्राय: चलचित्रमा नायक-नायिकाको सुखान्त मिलन देखाइन्छ तर यथार्थ भने त्यस्तो छैन । बलिउडमा प्रेम हुने हल्ला चलेको केही समयमै बिछोड भएको कुरा सुन्न पाइन्छ । वर्ष २००९मा मिलन भएको खबरभन्दा विछोड भएको खबर धेरै सुनियो । वर्ष २००९ मा मिलन भएको खबरभन्दा विछोड भएको खबर धेरै सुनियो । ती विछोड अर्थात् 'ब्रेकअप'को

**टपफाइभ :**

१. नायिका दीपिका पादकुणेको ब्रेकअप नायक रणवीर कपुरसँग
२. नायिका कंगना रणावतको ब्रेकअप अभिनेता अध्ययन सुमनसँग
३. नायिका सोहाअली खानको ब्रेकअप अभिनेता सिद्धार्थसँग
४. नायिका सुस्मिता सेनको ब्रेकअप लेखक तथा निर्देशक मुद्धस्सर अजिजसँग
५. नायिका प्रियंका चोपडाको ब्रेकअप नायक हरमन बावेजासँग




**२००९ हलिउड**

# एनिमेसन र स्पेसल इफेक्ट्सको वर्ष

अहिलेभन्दा २ सय वर्षपछि मानवजाति र प्रकृतिलाई विज्ञानले बनाउने स्वरूप । १० फिट अग्ला नीलो रंगका मानिसहरू । इराकको बमदस्तामा बसोबास गर्ने एक जना लागूऔषध प्रयोग गर्ने व्यक्तिको काम । एउटा सन्की बूढो मान्छे र मोटा बालकको साहसिक यात्रा । ब्वाँसोको छाला ओढेको एक जना अपराधी र उसले बनाएको जनावरको संसार । एउटी युवतीको लामो समयसम्म चलेको प्रेमकथा र त्यसबाट उनले पाएको अनुभूति । दोस्रो विश्वयुद्धको त्रासदीको सम्झना । एउटी गर्भवती किशोरीको उद्धार । एउटा सनकी खेल प्रशंसक र खेलाडी । वर्ष २००९मा हलिउडमा यस्तै विषयलाई तन्काउँदै चलचित्र बनाइए र ती चलचित्रलाई नै दर्शकले अत्यधिक रुचाए ।



हलिउडबाट वर्ष २००९ मा मिश्रित विषय समेटिएका चलचित्र बनाइए । हलिउडका निर्माता तथा निर्देशकहरूले आ-आफ्ना चलचित्रबाट नौलो 'ट्रेन्ड' बसाउन खोजे, तर सदा नौलो विषयको आगमन भैरहने अमेरिकाको चलचित्र उद्योग अर्थात् हलिउडबाट सार्वजनिक भएका चलचित्रबाट ती नौला कुरा आउँदा दर्शकहरू हेरुन्जेल मात्र आकर्षित भैरहने वातावरण बन्यो ।

वर्षको अन्त्यमा सार्वजनिक भएको चलचित्र 'अवतार' हालसम्मकै सबैभन्दा बढी लगानीमा बनेको 'फिक्सन' चलचित्र थियो । विगतको चलचित्र 'डान्स विद उल्भस्' कै कथानक प्रस्तुतिमा एनिमेसन र स्पेसल इफेक्ट्सको प्रयोग गरेर जेम्स क्यामरुनले निर्देशन गरेको यो चलचित्रले व्यावसायिक सफलताको कीर्तिमान राख्यो । त्योभन्दा पनि हास्य एवं सामाजिक परिवेशमा जेसन रिटम्यानको निर्देशन तथा जर्ज क्लुनेको स्वाभाविक अभिनयले गर्दा चलचित्र 'अप इन द एयर'लाई धेरैले मन पराए । इराकमा खटिएका बम डिफ्युज गर्ने एक अमेरिकी सैनिकको व्यक्तिगत चर्तीकलालाई चलचित्रमा समेटेर क्याथरेन बिगेलोले निर्देशन गरेको चलचित्र 'द हर्ट लकर'ले पनि दर्शकलाई 'हर्ट' गरेन । 'फाइभ हन्ड्रेड डेज अफ समर'लाई समीक्षकहरूले वर्षको मात्र होइन, दशककै सबैभन्दा रोचक तथा नौलो हास्य प्रेमकथात्मक चलचित्र मानेका छन् । परिवारका अग्रज सदस्यहरूलाई सम्झाउने प्रकृतिको क्यारेक्टर एनिमेसन गरिएको चलचित्र 'अप'ले बालबालिकाहरूलाई मात्र होइन, वयस्कहरूलाई समेत सिनेमाहलसम्म तान्यो । अभिनेता जर्ज क्लुनेलाई ब्वाँसोको चरित्रमा देखाइएको एनिमेटेड चलचित्र 'फेन्टास्टिक मिस्टर फोक्स'को परिवार र प्रेम हेरुन्जेलको रमाइलो बन्यो ।

**एनिमेसन र स्पेसल इफेक्ट्स**

वर्ष २००९ मा हलिउडले

बाँकी पृष्ठ १५ मा

# टेलिभिजनमा वर्ष २००९



नेपाली टेलिभिजनपारखीहरू भारतीय टेलिभिजन च्यानलमा आउने कार्यक्रमप्रति पनि उत्तिकै रुचि देखाउँछन् । अन्तर्राष्ट्रिय टेलिभिजन कार्यक्रमका भारतीय संस्करण प्रसारण हुने भएकाले पनि टेलिभिजन संसारमा इन्डियन च्यानलको वर्चस्व रहँदै आएको छ । यद्यपि सहरिया नेपालीहरू भने भारतीयका अतिरिक्त अन्य राष्ट्रका च्यानलमा पनि रुचि देखाउँदै आएका छन् । एक भारतीय अनलाइन संस्करणका अनुसार पृथक् शैलीका केही टेलिभिजन कार्यक्रम यसपटक सर्वाधिक चर्चामा रहे, जसले दर्शकको मन जित्यो ।

**राखीका स्वयंवर**

एनडिटिबी इम्याजिनबाट प्रसारित प्रिभ्यु प्रोमो आउँदादेखि नै दर्शकहरू राखीको विवाह हेर्न उत्सुक थिए । हजारौं युवामध्ये कुनै एक युवालाई छनौट गरेर ऊसँग स्वयंवर रचाउने राखीको यो कार्यक्रम अनौठो त छँदै थियो, कार्यक्रमको बीचमै राखी सो छाडेर भाग्ने हल्ला पनि चलेको थियो, तर कार्यक्रमको भावनाअनुरूप नै उनले क्यानाडा टोरन्टोका इलेस परजानवालासँग स्वयंवर गरिन् । पछिल्ला दिनमा एनडिटिभी इम्याजिनमै राखी र इलेस पति-पत्नीका रूपमा अर्को एक कार्यक्रममा एकसाथ प्रस्तुत भए, तर यो नाटक लामो समय टिकेन र राखीले आफ्नो इंगेजमेन्ट तोडिन् ।

**वर्ष २००९ का टप टेन टिभी इपिसोड**

द अफिस, 'स्ट्रेस रिलिफ'
ग्ली, 'पिलोट', बिग लभ ,'कम, ये साइन्ट्स', डल हाउस, 'ब्रिअर रोज', नर्स ज्याकी, 'टाइनी बबल्स'
थ्री ओ रक, 'अपोलो अपोलो'
म्याड मेन, 'माइ ओल्ड केन्टकी होम', पार्टी डाउन, 'टेलर स्टिल्टस्किन स्वीट सिक्सटिन'
ब्रेकिङ ब्याड, 'फोनिक्स', कर्ब योर इन्थसियज्म, 'द टेबल रिड'

**स्रोत : टाइम म्यागजिन**

**बालिका बधू**

कलर्स च्यानलबाट प्रसारण हुने टेलिश्रृंखला बालिका बधूले भारतमा मात्र होइन्, नेपालमा पनि उत्तिकै लोकप्रियता कमायो । राजस्थानको ग्रामीण इलाकालाई आधार बनाएर तयार पारिएको वास्तविक कथामा आधारित यो टेलिश्रृंखलामा बालविवाहको प्रसंगलाई मार्मिक ढंगले प्रस्तुत गरिएको छ । दर्शकको ठूलो संख्याले नछुटाई हेर्ने भएकाले वर्षको दोस्रो स्थानमा यो टेलिभिजन कार्यक्रमले लोकप्रियता बटुल्यो ।

**सचका सामना**

प्रसिद्ध टेलिभिजन सो 'मुभमेन्ट अफ ट्रुथ' लाई आधार बनाएर स्टार प्लसबाट प्रसारित 'सचका सामना' ले पनि सुरुदेखि नै ख्याति कमायो । टेलिभिजनमा प्रसारण हुनुपूर्व नै चर्चा कमाएकाले पनि यो सोको टीआरपी राम्रो थियो । राजीव खण्डेलवालले सोध्ने २१ वटा प्रश्नको उत्तर दिएर १० करोड भारु जित्न सक्ने यो कार्यक्रम प्रसारणमा आएदेखि नै विवादको घेरामा परेको थियो । मानिसको व्यक्तिगत जीवनका बारेमा खुलासा हुने भएकाले अदालतले यो कार्यक्रमलाई प्रसारण गर्न रोक लगाएको छ । भनिन्छ, यो कार्यक्रमकै कारण कतिपय व्यक्तिले आत्महत्यासमेत गरे ।

**अगले जन्म मोहे बिटिया हि किजो**

जीटिभीबाट प्रसारण हुने अगले जन्म मोहे बिटिया हि किजो टेलिश्रृंखला पनि वर्षका उत्कृष्ट

**वर्ष २००९का टप टेन टिभी सिरिज**

म्याड मेन
मोर्डन फ्यामिली
ब्रेकिङ ब्याड
बिग लभ
ब्याटलस्टार गालाक्टिका
लस्ट
फ्राइडे नाइट लाइट्स
ग्ली
सन्स अफ एनार्की
द अफिस/ पार्क्स एक्ड रिक्रिएसन

**स्रोत : टाइम म्यागजिन**


कार्यक्रममा पर्न सफल भएको छ । गाउँकी एक युवती लालीको जीवनमा आधारित यो कार्यक्रम मध्यमवर्गीय परिवारमा लोकप्रिय रहेको बताइएको छ । यो कार्यक्रमले पनि सोचेभन्दा बढी टीआरपी हासिल गरेको थियो । यो टेलिश्रृंखला नेपालमा पनि छायाकंन भैरहेको छ, जसमा केही नेपाली कलाकारले पनि अभिनय गरेका छन् ।

**डान्स प्रिमियर लिग**

सोनी टेलिभिजनबाट प्रसारण हुने यो कार्यक्रमको निर्णायकमा रानी मुखर्जी भएकाले पनि यसले राम्रो टीआरपी पायो । भारतका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्दै आएका डान्स टिमहरूबीचको प्रभावशाली प्रतिस्पर्धा यो कार्यक्रम लोकप्रिय हुने अर्को आधार थियो । रानीले खुलेर निर्णायकको भूमिका निर्वाह गरेकाले पनि यो कार्यक्रमलाई दर्शकले त्यसलाई रुचाएको बताइन्छ ।

**ये रिश्ता क्या कहलाता है**

स्टार प्लसमा प्रसारण हुने ये रिश्ता क्या कहलाता है भारतिय परम्परा तथा संस्कृतिलाई आधार बनाएर तयार पारिएको टेलिश्रृंखला हो, जसलाई दर्शकले खुबै रुचाए ।



प्रेमको सुन्दर खोजीको विषयलाई महत्त्वका साथ उठाइएको यो टेलिश्रृंखला हेरेपछि दर्शकले त्यसलाई आफ्नै जीवनशैलीमा लागू गर्ने प्रयास गरे ।

**बिगबोस श्री**

वर्षको अन्त्यतिर आइपुग्दा टेलिभिजन कार्यक्रमहरूमध्ये सबैभन्दा बढी चर्चा कलर्स च्यानलबाट प्रसारण हुने बिगबोस श्रीले पाएको थियो । बिन्दु दारासिंह यसपटकको बिगबोस श्रीका टाइटल विनर बने । अन्तिम तीनमा प्रवेश राना र पुनम ढिल्लनलाई पछाडि पार्दै उनले उपाधि आफ्नो हातमा पारे । अमिताभ बच्चन उद्घोषक भएकाले पनि यो कार्यक्रमले उल्लेख्य लोकप्रियता पायो । राजु श्रीवास्तवको ठट्यौली, शिल्पा सेठ्ठीकी बहिनी समिताको सुन्दरता, विदेशी सुन्दरी क्लाउडियाको भारतीय शैलीको अभ्यास आदिले पनि बिगबोसको टीआरपी बढाएका थिए ।

**दशका दम**

सोनी टेलिभिजनबाट प्रसारण हुने दशका दम पनि लोकप्रिय रह्यो । सलमान खानले सञ्चालन गर्ने उक्त कार्यक्रममा चर्चित सेलिब्रेटीहरू प्रतिस्पर्धामा उत्रने भएकाले यो शोले राम्रो टीआरपी पायो । वर्षको उत्तरार्द्धमा स्थगित यो कार्यक्रमको अर्को प्रस्तुति पनि चाँडै प्रसारणमा आउने बताइन्छ ।

**झासीकी रानी**

कलर्स च्यानलबाट प्रसारण हुने टेलिश्रृंखला झासीकी रानीले पनि राम्रो टीआरपी पाइरहेको छ । ऐतिहासिक महत्त्वको झासीकी रानीको कथालाई आकर्षक ढंगले प्रस्तुत गरिएकाले हुनसक्छ, टेलिभिजन दर्शकहरूले यो टेलिश्रृंखलालाई मन पराएका छन् ।

**उत्तरन**



कलर्सबाटै प्रसारण हुने टेलिश्रृंखला उत्तरनले पनि लोकप्रियता कमाउँदै गएको छ । टिआरपी रिपोर्टअनुसार वर्षको उत्तरार्द्धमा यो टेलिश्रृंखला लोकप्रिय बनेको हो । राजघराना र न्यून आर्थिक स्थिति भएकाहरूबीचको सम्बन्धलाई आधार बनाइएको यो टेलिश्रृंखलामा समसामयिक घटनालाई पनि जोडिएकाले यसको कथा एवं प्रस्तुती नौलो लाग्छ ।



पृष्ठ १४ बाट जारी

एनिमेसन र स्पेसल इफेक्ट्सलाई अझ बढी महत्त्व दियो। हलिउडमा चलचित्र हेर्दा एनिमेसन र स्पेसल इफेक्ट्स नभै अब चलचित्र नै बनाउन सकिँदैन भन्नेसम्मका विश्लेषण सुनिए, जसको प्रभाव संसारभरिका अन्य चलचित्र उत्पादन गर्ने देशका चलचित्रकर्मीहरूले समेत भोग्नुपरिरहेको छ। एनिमेसन र स्पेसल इफेक्ट्स प्रयोग नगरी चलचित्र बनाउँदा अबका दिनमा व्यवसाय गर्न सकिँदैन भन्ने भ्रम सिर्जना भयो। 'फेन्टास्टिक मिस्टर फोक्स', 'अप', 'आइस एज थ्री', 'मोन्स्टर भर्सेज एलियन्स' जस्ता दर्जनौं एनिमेटेड चलचित्रहरू एवं 'एन्जल्स एन्ड डेमोन्स', 'अवतार', 'कोरालाइन', 'ए क्रिसमस क्यारोल', 'डिस्ट्रिक्ट नाइन', 'जी-फोर्स', 'जीआई जो', ह्यारी पोर्टर एन्ड द हाफ ब्लड प्रिन्स', 'शेरलक होम्स', 'स्टार ट्रेक', 'ट्रान्सफर्मर्स', 'टर्मिनेटर साल्भेसन', '२०१२', 'वाचम्यान', 'हवेर द वाइल्ड थिङ्स् आर' जस्ता अनेकौं स्पेसल भिजुअल इफेक्ट्स अपनाएर बनाइएका चलचित्रलाई दर्शकले रुचाएपछि आगामी वर्ष सम्भवतः यस्तै चलचित्र थप बन्ने सम्भावना हलिउडका समीक्षकहरूले औंल्याएका छन्। क्यारेक्टर एनिमेसन मात्र होइन, 'अवतार'ले जस्तो मुड क्याप्चर गरेर क्यारेक्टरलाई भिजुअल इफेक्ट्सबाट चलायमान पार्दै दर्शकहरूलाई अवाक बनाउने चलचित्र बन्ने क्रम पनि बढ्यो। हलिउडका निर्माताहरूको अत्यधिक लगानी त्यस्तै चलचित्रमा भयो।

**के होला ओस्कारमा ?**

भिन्न-भिन्न विषय फरक-फरक प्रविधिबाट चलचित्रको निर्माण भएको वर्ष २००९मा उत्कृष्टताको लडाइँ विगतका वर्षजस्तो नहुने हो कि भन्ने विश्लेषण गरिन थालिएको छ। सामान्यतयाः ओस्कारजस्ता पुरस्कारमा एउटा चलचित्रलाई सर्वोत्कृष्ट मानिएपछि उक्त चलचित्रका निर्देशकदेखि अन्य विधाले पनि सर्वोत्कृष्टताको पुरस्कार पाइरहेका थिए। वर्ष २००९मा भने हरेक चलचित्रले आ-आफ्नै विशेषता बोकेका छन्। जस्तो कि 'अप इन द एयर'का अभिनेतालाई वर्षका सर्वोत्कृष्टहरूको चार्टमा पहिलो नम्बरमा राखिए पनि अभिनेत्रीमा 'जुली एन्ड जुलिया'की मेरल स्ट्रिप परेकी छिन्। त्यही 'अप इन द एयर' चलचित्रलाई सर्वोत्कृष्टको सूचीमा एक नम्बरमा राखिएको छ भने निर्देशकमा 'द हर्ट लकर'का निर्देशक क्याथरेन बिगेलोलाई राखिएको छ। त्यति मात्र होइन, समीक्षकहरूले आर्ट डाइरेक्सन, छायांकन, स्पेसल इफेक्ट्स आदिमा 'अवतार' परे पनि एनिमेटेड चलचित्रमा 'अप' परेको छ। पटकथामा 'अप इन द एयर'लाई मन पराइए पनि उत्कृष्ट सिक्वेन्स बनाएकोमा समीक्षकहरूले 'अप'को प्रशंसा गरेका छन्। यस अर्थमा आगामी ओस्कारमा 'अप इन द एयर'ले नै बाजी मार्छ कि भन्ने अनुमान पनि उनीहरूले गरिसकेका छन्। यद्यपि उनीहरूको भनाइ के पनि छ भने पहिलेका वर्षहरूमा जस्तो एउटै चलचित्रले दर्जनौं एवार्डमा आफ्नो हक जमाउन सक्दैन।



### उत्कृष्ट दस अभिनेता

- जर्ज क्लुने - अप इन द एयर
- जेफ ब्रिजेज - क्रेजी हार्ट
- माइकल स्टुहलबर्ग - ए सिरियस म्यान
- जेरेमी रेन्डर - द हर्ट लकर
- बेन फोस्टर - द म्यासेन्जर
- पेटोन असवाल्ट - बिग फ्यान
- टोबे म्याग्वेर - ब्रदर्श
- कोलिन फर्थ - अ सिंगलम्यान
- सार्लटो कोप्ले - डिस्ट्रिक्ट नाइन
- जोसफ गोर्डन - फाइभ हन्ड्रेड डेज अफ समर

### उत्कृष्ट दस चलचित्र

- अप इन द एयर
- द हर्ट लकर
- अवतार
- फाइभ हन्ड्रेड डेज अफ समर
- अप
- फेन्टास्टिक मिस्टर फोक्स
- एन एजुकेसन
- इन्ग्लोरियस बास्टर्डस्
- प्रिसियस
- बिग फ्यान

### उत्कृष्ट दस निर्देशक

- क्याथरेन बिगेलो - द हर्ट लकर
- जेसन रेइटम्यान - अप इन द एयर
- वेस एन्डरसन - फेन्टास्टिक मिस्टर फोक्स
- जेम्स क्यामरुन - अवतार
- जोन ऊ - रेड क्लिफ
- ली डेनियल्स - प्रिसियस
- क्वेन्टिन टारान्टिनो - इन्ग्लोरियस बास्टर्ड्स
- मार्क वेब - फाइभ हन्ड्रेड डेज अफ समर

### उत्कृष्ट दस अभिनेत्री

- मेरल स्ट्रिप - जुली एन्ड जुलिया
- कारे मुल्लिगन - एन एजुकेसन
- एब्बी कोर्निस - ब्राइट स्टार
- गाबोरे सिडिबी - प्रिसियस
- माया रुडल्फ - अवे टु गो
- निसरिन फाओर - एमरिका
- क्याटालिना सावाड्रा - द मेड
- सान्ड्रा बुलक - द ब्लाइन्ड साइड
- एमिली ब्लन्ट - द योङ भिक्टोरिया
- साओर्स रोनान - द लभ्ली बोन्स







मिस युनिभर्स २००९
स्टेफिना फर्नाण्डेज्
(भेनेजुएला)



साप्ताहिक

तस्बिरहरू : एजेन्सी





मिस अर्थ २००९
**लारिसा रामोस**
(ब्राजिल)







मिस वर्ल्ड २००९
**कायनी अल्डोरिनो**
(जिब्राल्टर)

# पाश्चात्य संगीतमा वर्ष २००९

पाश्चात्य संगीतको बजार तथा क्षेत्र जति बृहत् भए पनि वर्ष २००९ मा केही सीमित संगीतकर्मीमात्र चर्चामा आए। अघिल्लो वर्षदेखि अमेरिकाबाट प्रारम्भ भएको आर्थिक मन्दीले पाश्चात्य सांगीतिक क्षेत्रको बजारमा गएको वर्ष पनि नकारात्मक प्रभाव पर्‍यो। चर्चित संगीतकर्मीको गीतिसंग्रहको व्यापार आशातीत हुन सकेन। ठूला सांगीतिक समारोहको अभावमा संगीतकर्मीहरू आफ्नै देशभित्र सीमित रहे। आर्थिक रूपले जे-जस्तो परिणाम देखाएपछि संगीतकर्मीहरू व्यक्तिगत आचरणका कारण भने चर्चामा आइरहे।



**माइकल ज्याक्सनको निधन**

पपसम्राट् माइकल ज्याक्सनको निधनले विश्वभरिकै संगीतपारखीहरू स्तब्ध मात्र भएनन्, शोकाकुलसमेत बने । गत वर्षको जून २५ का दिन क्यालिफोर्नियाको लस एन्जलसस्थित होल्म्बाई हिल्सस्थित आफ्नै निवासमा ज्याक्सनको निधन भएको थियो । ५० वर्षकै उमेरमा मृत्युवरण गरेका ज्याक्सन केही सातापछि नै लन्डनमा हुने एउटा विशाल सांगीतिक कार्यक्रमको तयारीमा व्यस्त थिए । २९ अगस्ट १९५८ मा जन्मिएका माइकल ज्याक्सनको परिवारमा तीन छोरा-छोरी जोसेफ ज्याक्सन जुनियर, पेरिस माइकल क्याथरिन ज्याक्सन तथा प्रिन्स ब्ल्याकेट माइकल ज्याक्सन द्वितीय छन् ।

जीवित रहँदै प्राय: विवादमा आइरहने पप स्टार माइकल ज्याक्सन मृत्युपछि पनि विवादमुक्त रहन सकेनन् । निधनअघि उनले वर्ष १९९३ मा एक १२ वर्षीय किशोरसँग दुर्व्यवहार गरेको आरोप लागेको थियो । त्यसपछि एफबीआईले ज्याक्सनका विरुद्ध प्रमाणहरू संकलन गरेको थियो । यद्यपि ती किशोरले एफबीआईलाई सहयोग गर्न चाहेनन् । त्यसपछि ज्याक्सनलाई सन् २००५ मा सबै आरोपबाट मुक्त गराइयो, तर यही प्रसंग ज्याक्सनको निधनपछि अचानक चर्किएको थियो । ज्याक्सनको निधनपछि नै उनकी घरेलु कामदार एड्रियन म्याकमेनुसले ज्याक्सनमाथि स-साना बालबालिकाको यौनशोषण गरेको आरोप लगाइन् ।

**ज्याक्सनको भव्य अन्तिम संस्कार**

निधन भएको १० सातापछि मात्र ज्याक्सनको अन्तिम संस्कार सम्पन्न भएको थियो । अन्त्येष्टि



कार्यक्रममा उनका तीनै जना सन्तान सहभागी थिए । अन्त्येष्टि कार्यक्रममा २ सयभन्दा बढी सेलिब्रेटी सहभागी भए । निधन हुनुभन्दा केही वर्षअघि ज्याक्सनले एउटा अन्तर्वार्ताका क्रममा आफ्नो अन्तिम संस्कार विश्वकै सबैभन्दा उत्कृष्ट होस् भन्ने चाहना व्यक्त गरेका थिए । सांस्कृतिक कार्यक्रमका बीच सम्पन्न अन्तिम संस्कारमा स्टीवाई वन्डर, डायना रेस, जस्टिन टिम्बरलेकजस्ता चर्चित गायक-गायिकाले संगीत तथा नृत्य प्रदर्शन गरेका थिए ।

**म्याडोना वर्षभरि नै चर्चित**

कामुक गायिका म्याडोना वर्ष २००९ भरि नै चर्चामा रहिन् । प्रत्येक महिना उनका कुनै न कुनै नयाँ खबर पत्रपत्रिकामा प्रकाशित भैरहे । वर्षको प्रारम्भमै उनी एउटा सुखद समाचारमार्फत चर्चित बनिन् । २० वर्षको छँदै म्याडोनाको एउटा निर्वस्त्र श्याम-श्वेत तस्विर प्ले ब्वाई पत्रिकामा प्रकाशित भएको थियो । त्यो तस्विर सन् १९७९ मा खिचिएको थियो । वर्ष २००९ मा आएर उक्त तस्विरको लिलामी गरिंदा एक युरोपेली प्रशंसकले त्यसलाई ३७ हजार डलर तिरेर किने । लिलामी गर्ने संस्थाले उक्त तस्विर १५ हजार डलरभन्दा बढीमा बिक्री नहुने अनुमान गरेको थियो । वर्षको प्रारम्भमै सुखद खबरले गद्गद भएकी म्याडोना त्यसपछि वर्षभरि नै नकारात्मक टिप्पणीका कारण चर्चामा आइरहिन् । वर्षको मध्यताका उनलाई एउटा म्युजिक भिडियोले विवादमा ल्यायो । आफ्नी १२ वर्षीया छोरी लर्डेसलाई एउटा भिडियो 'लाइक अ भर्जिन' मा कम पहिरनमा अभिनय गराएपछि उनी विवादमा परेकी हुन् । पछि उनले क्षमा मागेकी थिइन् । बुल्गेरियाको स्पोर्ट्स स्टेडियमका



सञ्चालकले म्याडोनालाई वर्ष २००९ कै मध्यताका मुद्दा हाल्ने धम्की दिए । उक्त स्टेडियममा आयोजिक कन्सर्टबाट भएको हानिका कारण म्याडोनाविरुद्ध मुद्दा हाल्ने धम्की दिइएको हो । वर्षको अन्त्यमा म्याडोना आफूलाई सेक्सभन्दा जुत्ता प्यारो भएको अभिव्यक्ति दिएर चर्चामा आइन् ।

**सञ्चारमाध्यममा ब्रिट्नी नै अगाडि**

अमेरिकी पप गायिका ब्रिट्नी स्पेयर्स पनि वर्ष २००९ मा विभिन्न घटनाक्रममार्फत सञ्चारमाध्यममा छाइरहिन् । आफ्नो शरीरको तौल कम भएको प्रसंगदेखि घरजम गर्ने योजनासम्मका प्रसंगले उनलाई चर्चित बनायो । वर्षको प्रारम्भमा ब्रिट्नीले आफ्ना दुई सन्तानको अभिभावक आफैं हुन चाहेको बताएर चर्चा कमाइन् । सम्बन्ध-विच्छेद गरिसकेका श्रीमान्सँग आफ्ना छोरा-छोरीलाई राख्दा उनीहरूले पनि नराम्रो बानी सिक्न सक्ने भन्दै ब्रिट्नीले आफ्ना सन्तान जेडन जेम्स तथा सियान प्रिस्टनको अभिभावक आफैं हुन चाहेको बताएकी थिइन् ।

**अन्य प्रमुख प्रसंग**

स्पाइस गर्ल्स सांगीतिक समूहले एकताका विश्व संगीतमै राम्रो पकड जमाएको थियो, तर पछिल्ला केही वर्षयता यो समूह टुक्रिएको मात्र छैन, सँग-सँगै सांगीतिक कार्यक्रममा समेत देखिएको छैन । वर्ष २००९ को क्रिसमसमा भने समूहका सबै सहकर्मी एकै ठाउँमा भेला भएर रमाइलो गरे । स्पाइस गर्ल्सकी एक संगीतकर्मी भन्छिन्– 'क्रिसमसको अवसर पारेर हामी डेविड बेकह्याम तथा भिक्टोरियाको घर जान्छौं । त्यहाँ मीठा परिकार खान्छौं, स्तरीय मदिरा सेवन गर्छौं र हामीले नै तयार पारेका मीठा गीत गाउँछौं ।'

**२००९ का उत्कृष्ट नौ संगीतकर्मी**

| | |
|---|---|
| १.माइकल ज्याक्सन | : बिल्ली जिन... (एल्बम : थ्रिलर) |
| २.लेडी गागा | : ब्याड रोमान्स... |
| ३. जे जेड | : एम्पायर स्टेट अफ माइन्ड...(एल्बम : द ब्लुप्रिन्ट ) |
| ४.टेलर स्वीफ्ट | : फिफ्टिन...(एल्बम फियरलेस) |
| ५.ड्राक | : बेस्ट आई इभर ह्याड... |
| ६.बियोन्स | : स्वीट ड्रिम...(एल्बम : आई एम सासा फियर्स) |
| ७. किङ अफ लियोन | : युज समबडी...(एल्बम वन्ली बाई नाईट) |
| ८. पिंक | : फनहाउस...(एल्बम : फनहाउस) |
| ९. ग्रीन डे | : ट्वान्टिथ फस्ट सेन्चुरी ब्रेकडाउन |

आर एन्ड बी स्टार क्रिस्टिना मिलियनले वर्ष २०१० को प्रारम्भमै छोरी जन्माउने भएकी छिन् । छोरी जन्मने कुराले एकातिर उनी हर्षित छिन् भने अर्कातिर समयभन्दा अघि नै सुत्केरी हुने कुराले उनी चिन्तित समेत बनेकी छिन् । उनको चिन्ताको विषय हो, 'समयभन्दा अघि नै सुत्केरी भएँ भने थुप्रै सांगीतिक कार्यक्रमलाई दिएको वचन खेर जान्छ ।'

वर्ष २००९ मै पप स्टार क्रिस्टिना अगोलेरा पनि चर्चामा आइन् । आफ्नो जीवनशैलीमा परिवर्तन ल्याउन गरिएको प्रयासका कारण उनी चर्चामा आएकी हुन् । त्यसका लागि उनले स्वादिष्ट खाना बनाउन सिकेकी बताइन् । श्रीमान् तथा छोरालाई घरमै खाना पकाएर ख्वाउन त्यसो गरेको उनको कथन छ । क्रिस्टिनाले आगामी दिनमा कामको दबाव कम गर्ने तथा परिवारलाई बढीभन्दा बढि समय दिने घोषणासमेत गरेकी छिन् ।

मोडल केट मोस पनि यो वर्ष चर्चाको शिखरमा रहिन् । मोडलिङमा ख्याति आर्जन गरेपछि उनले अब सांगीतिक क्षेत्रमा करियर बनाउने घोषणा गरेकी छिन् । उनले वर्ष २००९ मै परफर्मिङ राइट्स सोसाइटीका लागि गीत गाउँदै आगामी दिनमा संगीत क्षेत्रमै व्यस्त हुने घोषणा गरेकी हुन् । ३५ वर्षीया यी नवोदित गायिकाले गीतकारका रूपमा समेत आफूलाई व्यस्त बनाउने योजना बनाएकी छिन् ।

लोकप्रिय सांगीतिक समूह बिटल्सका गीत मन नपराउने श्रोता कमै होलान् । सन् १९६० को दशकको यो चर्चित समूहको एउटा गीत 'सी लभ्स यू' लाई अहिले आएर यो समूहकै सबैभन्दा बढी बिक्री भएको गीत घोषणा गरियो । डेलीमेलका अनुसार बीबीसी रेडियोको खोजमा १९६३ मा पहिलो पटक बजाइएको यो रोमान्टिक गीत २००९ मा आएर बिटल्सको सबैभन्दा बढी बिक्री हुने गीतको सूचीमा पहिलो स्थानमा रहन सफल भएको छ ।


२००९ मा गायक जस्टिन टिम्बरलेक पनि चर्चामा रहे । पछिल्लो समयमा उनको गल्फ खेलप्रतिको रुचिले चर्चा पायो । गल्फ खेलप्रति आफ्नो अनुभवका सम्बन्धमा उनले अहिले एउटा पुस्तक तयार पारिरहेका छन् । 'हरियो घाँसमा टिम्बरलेकले बिताएको समय तथा विभिन्न प्रतियोगीसँगको अनुभव' उक्त पुस्तकमा समेटिनेछ । यसबीच विश्व सांगीतिक क्षेत्रका सुपरस्टार बोनो तथा म्याडोनालाई पछि पार्दै पप स्टार टिम्बरलेक वर्ष २००९ मा सेलिब्रेटी समाजसेवकहरूको सूचीमा अब्बल स्थान हासिल गरेका छन् । कन्ट्याक्ट म्युजिकका अनुसार 'सेक्सी ब्याक' का यी गायकले बालबालिकाहरूको एउटा अस्पतालमा गरेको कार्यलाई निरन्तरता दिएका छन् ।



बेलायती प्रशंसकहरूमाझ गरिएको एक सर्वेक्षणमा गायिका बेयोन्स नोल्सलाई विश्वकै सर्वश्रेष्ठ पप गायिका चुनिएको छ । कन्ट्याक्ट म्युजिक डटकमले गरेको उक्त सर्वेक्षणमा १ लाखभन्दा बढी मत परेको थियो । उक्त सर्वेक्षणमा नोल्सले ब्रिटनी स्पेयर्स तथा मेडोनासहित अन्य नौ जना गायिकालाई पछि पारेकी थिइन् ।

**सांगीतिक एवार्डका कुरा**

वर्ष २००९ को एमटिभी भिडियो म्युजिक एवार्ड समारोहमा विभिन्न संगीतकर्मी पुरस्कृत भए, जसमध्ये टेलर स्विफ्टले यू बिलोङ विद मि...भिडियोका लागि बेस्ट फिमेल भिडियोको एवार्ड जितिन् । गायिका बियोन्सेले सिङ्गल लेडिजका लागि भिडियो अफ द इयरको एवार्ड हासिल गरिन् । गायिका लेडी गागाले बेस्ट न्यू आर्टिस्टको एवार्ड जितिन् भने इमिनेमले बेस्ट हिपहप भिडियोको एवार्ड जिते । टी आईले बेस्ट मेल भिडियोको एवार्ड आफ्नो पक्षमा पारे । ब्रिट्नी स्पेयर्सले बेस्ट पप भिडियोको एवार्ड जितेर प्रशंसकलाई खुसी बनाइन् भने ग्रीन डेले बेस्ट रक भिडियोको एवार्ड जिते । लेडी गागाले नै फेबरेस्ट आर्टिस्ट तथा सङ अफ २००९ को एवार्ड पनि जितिन् । चर्चित पप गायक जस्टिन टिम्बरलेक तथा टिना फेले वर्ष २००९ को एमी एवार्ड जिते । दुवैले यो एवार्ड अमेरिकी टेलिभिजन कार्यक्रम 'स्याटर डे लाइभ' मा आफ्नो अद्वितीय प्रस्तुतिका कारण जितेका हुन् । टिम्बरलेकले 'बेस्ट गेस्ट एक्टर' तथा फेले 'बेस्ट गेस्ट एक्ट्रेस' एवार्ड जितेका थिए ।





# वर्ष २००९ मा बलिउड संगीत

वर्ष २००९ मा संगीतकार ए.आर.रहमानले अभूतपूर्व सफलता हासिल गरे । उनले चलचित्र 'स्लमडग मिलिनियर' को 'जय हो...' गीतबाट विश्वकै सर्वोच्च सम्मान ओस्कार एवार्ड पाए । यसै वर्ष उनले पाएको अन्तर्राष्ट्रियस्तरको प्रसिद्धिका कारण उनलाई हलिउडको युनिभर्सल पिक्सर्चले आफ्नो नयाँ रोमान्टिक चलचित्र 'कपल्स रिट्रिट' को संगीतकार बनायो । संगीतका जादुगरको उपनाम पाएका ए.आर.रहमान अब बलिउडमा मात्र सीमित नभै हलिउडमा समेत व्यस्त हुने पक्का छ । 'कपल्स रिट्रिट' का लागि संगीत तयार गर्नु रहमानका लागि एउटा चुनौती नै थियो । रहमानका अनुसार उक्त चलचित्रका लागि उनले फ्यूजन संगीत तयार पारेका छन् ।

रहमानले ओस्कारमा 'बेस्ट ओरिजिनल स्कोर' तथा 'बेस्ट ओरिजिनल संग (जय हो)' गरि दुईवटा एवार्ड जितेका थिए । गोल्डन ग्लोब एवार्ड पाउने पहिलो भारतीय कलाकार बन्ने सौभाग्य पनि रहमानले २००९ मै पाए । यतिमात्र होइन, रहमानले 'स्लमडग मिलिनियर' का लागि क्रिटिक्स च्वाइस एवार्ड, लस एञ्जलस फिल्म समीक्षकहरूको पुरस्कार तथा बाफ्टा पुरस्कार पनि यही वर्ष पाए । रहमानले स्कोर तथा साउन्ड ट्र्याकका लागि रोलिङ स्टोन, टाइम पत्रिका, न्यूयोर्क टाइम्स तथा लस एञ्जलस टाइम्ससहित थुप्रै प्रकाशन संस्थाको महत्त्वपूर्ण प्रशंसा हासिल गरे । टाइम पत्रिकाले त उनलाई २००९ को 'टाइम १००' को सूचीमा पनि सहभागी गरायो, जसमा विश्वका सबैभन्दा प्रभावशाली व्यक्तित्वहरू मात्र समेटिन्छन् । यसबाहेक उनलाई विश्वका शीर्ष २५ संगीतकर्मीको सूचीमा राखियो, जसको गीतिसंग्रह रेकर्ड तोड बिक्री हुन्छ । वर्ष २००९ मै संगीतकार ए आर रहमानले एउटा महत्त्वाकांक्षी सांगीतिक योजना प्रारम्भ गरेका छन्, जसअनुसार चेन्नईको एउटा सरकारी विद्यालयमा ३० जना विद्यार्थीलाई संगीतको निःशुल्क शिक्षा प्रदान गरिनेछ । रहमानको यो कदम उनको गरिबी हटाऊँ भन्ने अभियानको एउटा अंग हो ।

बलिउड संगीतकार अनु मलिकले वर्ष २००९ को बलिउड संगीतको समीक्षा गर्दै हिन्दी चलचित्रमा पुराना सुरिलो संगीतको युग फर्किएको बताएका छन् । मलिकका अनुसार पछिल्लो समयका दर्शक मेसिनभन्दा तीव्र गतिका संगीतबाट वाक्क भएका कारण अहिले निर्माण भैरहेका चलचित्रमा पुरानै संगीतको प्रयोग बढ्न थालेको हो । मलिक भन्छन्– 'अहिले हिन्दी चलचित्रमा प्रयोग भैरहेका संगीत दीर्घकालीन होइनन् । कुनै गीत केही समयका लागि राम्रो लाग्न सक्छ, तर ती गीत स्मरणीय हुँदैनन् । वर्ष २००९ मा बलिउडमा विदेशी धुनको चोरीको घटनाक्रम पनि बढ्यो । अधिकांश नयाँ संगीतकारले कस्तो संगीत तयार पारिरहेको छु भन्ने कुरा पनि बिर्सँदै गएका छन् । यो वर्ष हिन्दी चलचित्रमा पाकिस्तानी संगीतको प्रभाव पनि ह्वात्तै बढ्यो ।

हिन्दी चलचित्रको बजार भारतमा मात्र सीमित नभै विश्वभरि नै फैलिएपछि हिन्दी चलचित्रका गीत-संगीत पनि विश्वव्यापी रूपमै लोकप्रिय हुने क्रम वर्ष २००९ मा पनि जारी रह्यो । बलिउडमा गीतिसंग्रहको बिक्रीबाटै चलचित्रको केही प्रतिशत लगानी उठाउने परम्परा नयाँ होइन, तर विडम्बना वर्ष २००९ मा प्रदर्शन भएका कुनै पनि हिन्दी चलचित्रको संगीत अत्यधिक लोकप्रिय भने हुन सकेनन् ।



वर्ष २००९ मा बलिउडमा प्रदर्शन भएका दर्जनौं चलचित्रमध्ये केही चलचित्रका गीत-संगीतमात्र लोकप्रिय भए । यो वर्ष प्रदर्शन भएका चलचित्रका गीतहरूमध्ये इमोसनल अत्याचार तथा मसकली...जस्ता गीत अत्यधिक लोकप्रिय भए । यो वर्षका सर्वोत्कृष्ट १० गीतको सूचीमा संगीतकारद्वय ए.आर.रहमान तथा प्रीतम चक्रवर्ती अग्रपंक्तिमा रहन सफल भएका छन् ।

वर्ष २००९ को प्रारम्भमै प्रदर्शन भएको चलचित्र 'देव डी' को 'इमोसनल अत्याचार...' गीत वर्षकै सबैभन्दा मन पराइएको गीतको श्रेणीमा पर्न सफल भएको छ । अमित त्रिवेदीद्वारा संगीतबद्ध यो गीतका गायक बोनी चक्रवर्ती हुन् । खासगरी युवापुस्ताले अत्यधिक रुचाएपछि यसले लोकप्रिय गीतको सूचीमा पहिलो स्थान हासिल गर्‍यो ।

चलचित्र 'दिल्ली सिक्स' को 'मसकल्ली...' दोस्रो सर्वाधिक लोकप्रिय गीत बन्न सफल भएको छ । मोहित चौहानले गाएको यो गीतलाई ए.आर.रहमानले संगीतबद्ध गरेका हुन् । सलल बगेको, रमाइलो शैलीको यो गीत वर्षभरि नै विभिन्न टेलिभिजन च्यानल तथा रेडियोबाट प्रसारण भैरह्यो । अहिले पनि यो गीत सुन्न रुचाउने श्रोताहरू प्रशस्त छन् ।

व्यावसायिक रूपमा असफल भएको चलचित्र 'न्युयोर्क' को सांगीतिक पक्ष भने सफल रह्यो । चलचित्रको 'हे जूनुन...' गीत वर्षकै सर्वोत्कृष्ट १० गीतको सूचीमा तेस्रो स्थानमा पर्न सफल भएको छ । के.के.को स्वरमा तयार पारिएको यो गीतका संगीतकार प्रीतम चक्रवर्ती हुन् । युवापुस्ताले रुचाएको यो गीतमा फुट-स्टेपिङ शैलीको संगीतले श्रोताहरूको मन जितेको हो ।

व्यावसायिक रुपमा सफल मानिएको चलचित्र 'लभ आज कल' को सांगीतिक पक्षा पनि सफल रह्यो । यो चलचित्रको 'आहुँ आहुँ...' गीत वर्षको चौथो उत्कृष्ट गीत बन्न सफल भएको छ । यो पञ्जाबी पप गीतका गायक नीरज श्रीधर हुन् । यो गीतलाई संगीतकार प्रीतम चक्रवर्तीले संगीतबद्ध गरेका हुन् । त्यसो त यही गीत पञ्जाबी गायक ज्याजी बीले चलचित्रमा प्रयोग गर्नुअघि नै गाइसकेका थिए । संगीतकार प्रीतमले नै यसलाई पञ्जाबी भाषामा तयार पारेका थिए । पछि चलचित्रमा हिन्दी शब्द राखेर तयार पारिएको यो गीतले नयाँ तथा पुरानो पुस्तालाई जोड्ने काम गरेको छ ।

चलचित्र 'कमिने' को 'ढ्यान्ट्यान...' गीत पनि अत्यन्त लोकप्रिय भयो । विशाल भारद्वजद्वारा संगीतबद्ध यो गीतका सुखविन्दर सिंह तथा विशाल डाड्लानीले गाएका हुन् ।

चलचित्र 'दे दना दन' को 'पैसा पैसा...' गीत उत्कृष्टताको आठौं श्रेणीमा रहन सफल भएको छ । पञ्जाबी शैलीको यो गीत अधिकांश डान्सपार्टीमा बज्ने गरेको छ ।

मिका सिंह तथा सुनिधि चौहानले गाएको चलचित्र 'दिल बोले हडिप्पा' को 'हडिप्पा...' पनि लोकप्रिय भयो । यो चलचित्रको संगीतकार पनि प्रितम चक्रवर्ती नै हुन् । 'हडिप्पा...' लाई वर्ष २००९ को पहिलो लोकप्रिय डान्स गीत पनि भनिएको छ । यो गीतमा पञ्जाबी लोकशैली अपनाइएको छ । कुनै पनि समारोहमा बजाउन मिल्ने भएकाले यो गीत कम समयमै लोकप्रिय हुन सफल भएको संगीत समीक्षकहरूको तर्क छ ।

चलचित्र 'ब्लू' को 'चिग्गी विग्गी...' पनि उत्कृष्ट दसअन्तर्गत परेको छ । व्यावसायिक रूपमा असफल भएको चलचित्र ब्लूको यो गीत अन्तर्राष्ट्रिय पपगायिका केली मिनोगले गाएकी हुन् । उनलाई गायक सोनु निगमले साथ दिएका छन् । गीतको पहिलो खण्ड अंग्रेजी भाषामा मात्र छैन, पूर्णतया पाश्चात्य शैलीमा आधारित छ तर सोनु निगमको खण्ड प्रारम्भ भएपछि भने श्रोताले यसमा हिन्दी गीतको सुगन्ध पाउँछन् । यो गीतका संगीतकार ए.आर.रहमान हुन् ।

पाकिस्तानी गायक अतिफ असलमले गाएको चलचित्र 'अजब प्रेम की गजब कहानी' को 'तेरा होन लगा हुँ...' गीत लोकप्रिय गीतको सूचीमा नवौं स्थानमा रहन सफल भएको छ । यो गीतलाई वर्षकै सर्वोत्कृष्ट रोमान्टिक गीत बताइएको छ । गायिका एलिसा चिनोईको समेत स्वर सुनिने यो गीतका संगीतकार पनि प्रितम नै हुन् ।

भर्खरै प्रदर्शन प्रारम्भ भएको चलचित्र 'थ्री इडियट्स' को 'अल इज वेल...' गीतले उत्कृष्ट गीतको सूचीमा दसौं स्थान हासिल गरेको छ । यो गीतलाई क्याम्पस सङ्ग भनिएको छ । सोनु निगम, शान तथा स्वानन्द किरकिरेले गाएको यो गीतलाई शन्तनु मोइत्राले संगीतबद्ध गरेका हुन् ।

# भ्वाइस अफ पोखरेली झ्याल



हङकङ- गत शनिबार हङकङेली संगीतप्रेमीहरू चिम सो चोयस्थित काउलुन पार्कमा ओइरिएका थिए । सहभागी अधिकांश प्रतियोगी हङकङेली नेपाली माझ पहिले नै परिचित अनुहार भएकाले युवादेखि पाकासम्ममा थप उत्सुकता देखिन्थ्यो । आ-आफ्ना प्रतियोगीलाई हौस्याउन दर्शकहरू फाइनल प्रतिस्पर्धा सुरु हुनुअघि नै पार्कको खुला मैदानमा भेला भैसकेका थिए । अन्ततः अधिकांश दर्शकको ताली र हुटिङ पाएका सन्तोष गुरुङ पहिलो भ्वाइस अफ पोखरेली झ्याल घोषित भए । फाइनल राउन्डमा आधुनिक र पप दुवै विधामा एक-एकवटा गीत गाउनुपर्ने नियमबमोजिम सन्तोषले आधुनिकतर्फ अरुण थापाको 'ऋतुहरूमा तिमी...' र पपतर्फ सुनिल बर्देवाको 'यो साँझ यो रात...' गाएका थिए ।

सन्तोष स्थानीय सांगीतिक समूह 'शास्त्र' का भोकलिस्ट हुन । 'निकै खुसी छु, भविष्यमा अझ राम्रो गर्ने प्रयास गर्नेछु,' सन्तोषले साप्ताहिकसँगको कुराकानीमा भने, 'गायकको चिनारी मात्र थियो उपाधिसमेत थपिँदा रमाइलो लागेको छ ।' प्रतियोगितामा टोपराज तामाङ फस्ट रनर्सअप तथा रोषा लिम्बू सेकेन्ड रनर्सअप घोषित भए । प्रतिस्पर्धामा पहिलो, दोस्रो र तेस्रो हुनेलाई ट्रफीसहित क्रमशः ६० हजार, ३० हजार र १० हजार रुपैयाँ प्रदान गरियो । प्रतियोगितामा १६ प्रतियोगी सहभागी थिए । विजेता सन्तोषलाई नेपालमा आयोजना हुने 'नेपाली तारा' मा सहभागी गराउने आयोजकहरूले बताए ।

उक्त गायन प्रतिस्पर्धामा सुन्दरीहरूको क्याटवाक सबैका आकर्षणमा रह्यो । करिब पाँच घण्टा चलेको प्रतिस्पर्धामा बिरालो चाल हेर्न दर्शकले अन्तसम्मै पर्खिए । साँझ ढल्दै जादाँ चिसो बढ्दै थियो तर जब अग्रेजी धुनसँगै मिस पर्ल हङकङ नेपाल दीपा गुरुङ बारुली कम्मर मर्काउँदै स्टेजमा देखा परिन् । यत्रतत्र छरिएका दर्शकहरू दौडँदै स्टेज छेउपुगे । लगालग मिस पर्लकै सेकेन्ड रनर्सअप ज्योति गुरुङ आदि मोडल देखा परे । पहिलो सिक्वेन्समा वन पिस फर्गमा देखिएका मोडलहरू दोस्रो सिक्वेन्समा परम्परागत जातीय पहिरनमा प्रस्तुत भए ।

–निर्मल श्रेष्ठ

## बुधबारदेखि ओपन रोड शो




'खोजी प्रतिभाको' का निर्देशक दिनेश डिसीको सहभागितामा आगामी बुधबार अर्थात् पुस २२ गतेदेखि राजधानीमा सांगीतिक कार्यक्रम 'ओपन रोड शो' हुँदैछ । छ दिनसम्म चल्ने यो सांगीतिक कार्यक्रममा गायक रोज मोक्तान तथा गायिका रेश्मा सुनुवारले गीत-संगीत प्रस्तुत गर्नेछन् । चौधरी ग्रुपको नयाँ उत्पादन जोस सिगरेटको बजार व्यवस्थापन गर्ने उद्देश्यले राजधानीका छवटा व्यस्त सडकमा आयोजना गरिने यो सांगीतिक कार्यक्रमको सञ्चालन पनि दिनेश डिसीले नै गर्दैछन् ।


आकर्षक व्यक्तित्व
+ अनुहार गोरो बनाउन रुप अमृत
+ स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
+ शरिरको उचाइ बढाउन (YOKO Height)
+ अनुहारको चाउरीपना हटाउन Cream
+ केश झर्न रोक्न उमार्न तेल (Herbal-44)
+ रक्सी, चुरोटको कुलत छुटाउन (Anti Somoking & Alcohol)
+ लिङ्गको लम्बाइ, मोटाइ तथा शिघ्र स्खलन रोक्न (Handsum up)
+ शरीरको मोटापा घटाउन
+ डण्डीफोर तथा चायापोतो हटाउन (Cream)
+ शरिरको वजन बढाउन
+ एकमुखे रुद्राक्ष तथा हनुमान कवच
Suna Belt
Home Jogger
BCM Machine
Acupuncture, Acupressure, Magnet तथा (VASTU) सम्बन्धी सम्पूर्ण उपकरणहरुको लागि
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
Thamel, Galkopakha
☎: 97213-19662, 9803087729



बिहेवारी
विदेशी केटाहरु सँग विवाह गर्न इच्छुक नेपाली केटीहरुले सम्पर्क गर्नुहोला ।
NEPAL ESOL INT'L WEDDING COMPANY P. LTD.
4257928, 9803626710
9806652952



होटल तालिम
ATHTIN बाट स्विकृत प्राप्त
दक्ष प्रशिक्षकहरुद्वारा तालिम दिईने
Cook, Waiter, Barman, Reception, Housekeeping, Roomboy, Bellboy, Bakery, Ice-Cream, Jam, Tomato Ketchup, Coffee, Squash, Pickles, Special cooking Package.
तारे होटलमा Practical गर्न पठाइने
English Language Free
तालिम समय बिहान ७:०० - साँझ ७:०० सम्म
कुपण्डोल, बस स्टप हनुमानस्थान र कालदेवस्थानको बिचमा
५५३६०५७, ५५२३०८२
९८४१२०८७४९



उ द् घो ष ण
ANCHORING (RJ / VJ / STAGE / NEWS / TECHNICIAN)
Public Speaking / Speech Art / MC
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)
Videography / Camera / Technician
Rs. 1000 Discount on this winter.
The Media's Collection
Bagbazar (Opp. to Petrol Pump)
Ph: 4233042 Pokhara:-061- 530569
Also in Banepa and Itahari
Job oppertunity for the best

# स्टाइलको संसारमा वर्ष २००९

**शैलीमा विविधता**

परिवर्तनशील फेसन स्टाइलको संसारमा वर्ष २००९ मा सेक्सी लुकका साथै सोफिस्टिकेटेड लुकले पनि उत्तिकै महत्त्व पायो। यो वर्ष फेमिनेन टचका साथमा बोल्ड ड्रेसको फेसनले स्टाइलको संसारलाई तातायो भने फिटिङ पहिरनप्रति फेसनपारखीहरू लोभिएका देखिए। स्कर्टको फेसन पुनः हट स्टाइलका रूपमा देखापर्‍यो। विशेषगरी फुलर बुसन स्लिभ एवं सर्ट फुलरवेव स्लिभ स्कर्टले यौवनाहरूको ध्यान तानेको पाइयो। फिटिङ स्कर्टका साथमा स्ट्रेपलेस ब्लाउज र त्यसमाथि सल वा स्टोलको कम्बिनेसनले चिसो मौसमको फेसनलाई ऊर्जा प्रदान गरेको देखियो। युवतीहरूमाझ हाइवेस्ट स्कर्ट हट ट्रेन्ड बनेको पाइयो। चिसो मौसममा साटन टप, काउल नेक, स्वेटरका साथमा यस्ता स्कर्टले प्रभाव देखाएको पाइयो। क्लासिक, स्ट्रेट पेन्सिल कट्युक्त स्कर्ट पनि फेसन बजारमा उत्तिकै लोकप्रिय रहे। मूलतः सन् २००९ को क्याजुयल लुकमा धेरै भोल्युम वा घेरा भएको स्टाइल बढी प्रचलनमा रह्यो। यसको प्रभाव विशेषगरी स्लिभ, स्कर्ट एवं ज्याकेट र कोलरमा अनुभव गरियो। २००९ को समर फेसनमा विशेषगरी सी-थ्रु ट्रेन्डले सेक्सी लुकको शीतलता अनुभव गरायो। सफ्ट र फेमिनेन लुकअन्तर्गत सियर फ्याब्रिकको प्रयोग समर मौसममा बढी लोकप्रिय रह्यो। समर मौसममै फ्रिन्ज्ड ड्रेसहरूको क्रेज पनि उत्तिकै रह्यो। सिंगल सोल्डर्ड ड्रेसदेखि टपहरूमा एसेमेट्रिकल नेक लाइनको वहार, वर्षको प्रारम्भदेखि अन्तसम्म नै कायम रह्यो। वन सोल्डर ड्रेसको फेसन अमेरिकी प्रथम महिला मिसेल ओबामादेखि हलिउड



स्टार, र चर्चित फेसन सप्ताहका र्‍याम्पमा समेत प्रमुख आकर्षणको रूपमा देखा पर्‍यो। वन सोल्डर शैलीमा लङ ड्रेसबाहेक घुँडासम्म वा घुँडाभन्दा थोरै मुनिको लम्बाइका ग्रेसियन ड्रेसका रूपमा परिचित म्याक्सी पनि निकै हट रह्यो यो वर्ष।

सेक्सीदेखि युटिलिटी, इभिनिङ वेयरदेखि क्याजुयल सबैखाले मुडका लागि उपयुक्त जम्पर सुट, रम्पर सुट र प्ले सुटको फेसन स्टाइल पनि २००९ को फेसन वार्डरोबमा मनपराइएको फेसनमा दरियो। यो वर्ष असीको दशकताकाको पावर ड्रेसिङ स्टाइल पनि हिट रह्यो। ७० र ८० को दशकताकाको रेट्रो कलर तथा डायनेस्टी स्टाइल सोल्डर, ड्रामाटिक नेकलाइन र लेपलको प्रभाव थुप्रै फेसनमा देखियो। चाहे त्यो फ्ल्यापर फ्रिन्ज्ड लिटिल ब्ल्याक ड्रेस होस् वा फिगर हगिङ ब्यान्डेज ड्रे, वन सोल्डर स्टाइल होस् वा ६० को दशकताकाको क्लासिक ए लाइन सिफ्ट ड्रेस यी सबै उल्लेखित कुराको प्रभावमा देखिए। किमिनो स्लिभ, किमोनो ब्याक, स्लिन्की फ्रिन्ज, रफल्ड सोल्डर, कफ्तान ट्युनिक ड्रेस, ग्रेसियन गाउन आदि शैलीहरू पनि यो वर्ष निकै प्रयोगमा देखिए। भिक्टोरिया बेक्ह्यामको ट्रेड मार्क बनेको फिगर हगिङ स्टाइलका रूपमा परिचित बढी कोन ड्रेसको क्रेज पनि उत्तिकै रह्यो। मिनी र म्याक्सी ड्रेसहरूमा फ्लर्टी फ्रिन्जको प्रचलन बढी मात्रामा भएको देखियो।

यो वर्ष प्रोम ड्रेसहरूले स्ट्रेपलेस स्टाइलमा फेयरी टेल लुक प्राप्त गरेको पाइयो। प्रोम स्कर्ट स्टाइल, त्यसमा पनि ट्युब स्टाइल, स्ट्रोपलेस शैली रेड कार्पेट समारोहको आकर्षण बन्न पुग्यो। रोमान्टिक गाउनमा मूलतः सफल, रोजेट्स, पफ्ड स्लिभ तथा स्विपिङ ट्रेनको प्रयोग निकै देखा पाइयो।

एसिड वास्ड रिपड जिन्स र टर्न जिन्सको क्रेज पनि उत्तिकै देखा पाइयो। बोहेमियन स्टाइलकमा फुललेन्थ स्कर्टको आकर्षण पनि उत्तिकै रह्यो। ५० र ६० को दशकताका पपुलर रहेको क्याप्रिजका रूपमा चिनिने क्याप्री पाइन्टको पुनरावृत्ति पनि सन् २००९को स्टाइल स्टेटमेन्टका रूपमा रह्यो। यसबाहेक साटन पाइन्ट, वाइड लेग ट्राउजर, डिस्ट्रेस्ड डेनियम, लेदर, ट्राउजर, स्किन फिन जिन्सको स्टाइल पनि लोकप्रिय रह्यो।

विन्टर वार्डरोबमा भने मिलेटरी स्टाइलका कोट र ज्याकेटले बढी प्रभाव देखाए। ८० को दशकताका प्रचलनमा रहेको ब्राइट कलर कोटहरू, ओभर साइज हुट भएका डफल कोट, लेदर बाइकर ज्याकेट, विन्डप्रुफ एवं वाटरप्रुफ ट्वीड कोटहरू यसपटक बढी लोकप्रिय भए। ७० को दशकताकाका फेसन ट्रेन्डबाट प्रभावित फ्लेकार्ड ट्राउजर होस् वा ८० को दशकताका स्टाइल क्यारोट टप फुलर ट्राउजरले चिसो मौसमसित आत्मीयता गाँसेको पाइयो। स्ट्राइपिड लेगिङ, बोल्ड कलर्ड टाइटस, सेक्सी स्टकिङ, ग्रेनिटससँगै चेक स्टाइल पनि उत्तिकै लोकप्रिय रह्यो। चिसो मौसमको अभिन्न साथी निट वेयरभित्र मूलतः लङ कार्डिगन, टर्टलनेका नेक अराउन्ड, ओभर साइज स्कार्फ, किमोनो स्टाइल, स्कर्ट, मिडी, मफलर, ह्याट, निटेड सल, सर्ट ड्रेसको आकर्षण, विन्टर ड्रेसमा बढी लोकप्रिय रह्यो। पार्टीमा होस् वा क्याजुयल मुड स्कार्फको स्टाइल यो वर्ष निकै हट रह्यो। बोल्ड, स्मार्ट र ड्यासिङ लुक, निलेन्थ, काल्फलेन्थ तथा नि हाई बुटको प्रभाव पनि उत्तिकै देखियो।

पुरुष फेसनतर्फ भने फ्रिन्ज्ड मफलर र स्कार्फको विशेष आकर्षण देखियो। चारकोल ग्रे सुट, स्ट्राप्ड लङ, स्लिभ बटन अप सर्ट, सर्ट स्लिभ बटन अप सर्ट, फिटिङ ब्लु जिन्स, भि-नेक कटन टिसर्ट, फल्याट फ्रन्ट पकेट खाकी प्यान्ट, भी-नेक कार्डीगन, प्लेड सर्ट, चंकी प्याटर्न भएको नीट वेयर डीस्ट्रेस्ड जिन्स, कार्गो पाइन्ट आदिको प्रचलन विशेष आकर्षणका रूपमा रहे।

**रंगहरूको आकर्षण**

वर्ष २००९ को फेसनको रंगीन वातावरणमा समर स्प्रिङ मौसमतिर लेमन र साइट्रस लाइम, मेवा र आँपका फ्रुटी रंगहरूले प्राथमिकता पाए। नीलो, रंगको प्रभावमा रोज डस्ट तथा स्लेट ग्रेसको सोफिस्टिके टेड सेड्सको बाहुल्यता पनि रह्यो। कोबाल्ट ब्लुभन्दा कम गाढा स्काई ब्लुभन्दा गाढा सेड्सजस्तै लेभेन्डर, भाइब्रेन्ट प्यालेस ब्लुको चमक पनि उत्तिकै देखियो। फुसियादेखि रोजसम्मका सबै सेड्सको प्रभाव पनि उत्तिकै रह्यो। यस पटक वसन्त ऋतुमा ब्लु, रेड, ग्रीन र एलो रंगका विभिन्न सेड्स मुख्य आकर्षणमा रहे।

लाइट कलर सेड्सहरूमध्ये न्यानोपनको आभास दिलाउने हनी एलोको प्रयोगले बढावा पायो विन्टर कलर कोडमा। लाइट ग्रे र बेज कलरका बीचको सेड्स मानिने क्लासिक न्युट्रल कलर, फेमिनेन टोन भएको र्‍याप्चर रोज, नोम्याडभन्दा बढी फिक्का देखिने क्रिमी ब्लु सोफिस्टिकेटेड लुक दिने वार्म ओलाइभ, टिल ब्लु, र नेमी ब्लुबीचको सेडस, मोजालिक ब्लु आदि लाइट सेड्सले यस पटकको चिसो मौसमलाई रंगीन बनाएको पाइयो। डार्क सेड्सतर्फ भने अमेरिकन ब्युटी र पर्पल हार्टको प्रभाव देख्न पाइयो। सबै स्किन टोनलाई सुहाउने अमेरिकी ब्युटी स्याचुरेटेड रेड कलर हो। पर्पल हार्ट भने पर्पल र लिल्याक कलरबीच पर्ने कलर सेड हो। यसबाहेक जाडो मौसममा ओलाइभ, म्यापल, प्लम, साइट्राइन, गार्नेट आदि रंगको बहार देख्न पाइयो। क्लासिक ब्ल्याक, बेज, अर्डी, ग्रीन, ग्रे, तथा रेडको प्रभाव भने सदाबहार नै रह्यो।

**–रोजिन शाक्य**







# २००९ का पपुलर ट्रेन्ड

त्यसो त फेसन संसारमा नयाँ शैली तथा पुराना शैलीका परिमार्जित स्वरूप देखापर्ने कुरा नौलो होइन। सन् २००९ मा पनि यो क्रम चलिरह्यो । यहाँ २००९ मा अत्यधिक प्रचलनमा देखिएका केही शैलीलाई पपुलर ट्रेन्डका रूपमा समेटिएको छ।

**वन शोल्डर ड्रेसिङ**

अफ विट लुक होस् वा सोफिस्टिकेटेड लुक, बेल्टेड स्टाइल होस् वा पार्टी वेयर लुक। हलिउड रेड कार्पेट समारोहसम्म यो शैली निकै लोकप्रिय रह्यो। एसिमेट्रिकल नेकलाइन वा सिङ्गल सोल्डर ड्रेसका रूपमा पनि परिचित यो शैली अमेरिकी प्रथम महिला मिसेल ओबामाको स्टाइल स्टेटमेन्टसँगै हावी भएको देखियो।

सन् २००९ को समर स्प्रङ स्टाइलमा यो शैली निकै लोकप्रिय भयो। सिंगल पिस ड्रेसमा स्टाइलिस देखिन चाहनेहरूमाझ यो शैली स्टाइल स्टेटमेन्टका रूपमा रह्यो।

**शोर्ट्स इन स्टाइल**

बोल्ड एवं स्टाइलिस देखिन रुचाउनेहरू हुन् वा ग्ल्यामरस एवं सेक्सी देखिन चाहनेहरूदेखि टमब्याय स्टाइलप्रति झुकाव राख्नेबीच शोर्ट्स फेसन क्रेजकै रूपमा रह्यो। शोर्ट्स शैलीमा हट पाइन्ट र बरमुडा, निलेन्थ डेनिम, बक्सी, रेट्रो स्टाइल, रोल्ड अप, टाइ वेस्ट, स्टाइल बढी चलन चल्तीमा रहे।

**स्किनी जिन्स**

त्यसो त स्किनी जिन्स लामो समयदेखि फेसनमा देखिन्छ, तर यसपटक यसको प्रयोगले फेसनको तापक्रम बढाएको अनुभव गरियो। एङकल लेन्थ बुटसित होम वा नि-हाई बुटसितको स्मार्ट लुक होस् वा कन्भर्स जुत्ता वा फ्ल्याट फ्लीप-फ्लपसितको क्याजुयल मुड, स्किनी जिन्स वुमेन वार्डरोबको डिमान्डेड आइटमका रूपमा देखापर्‍यो।

**लेगिङको आकर्षण**

९० को दशकमा लेगिङको फेसन उचाइमा थियो भने सन् २००५ यता यसको क्रेजले निरन्तता पाएको देखिन्छ। गत वर्षमा पनि यसतर्फको आकर्षण कायमै रह्यो। मूलतः स्कर्ट तथा छोटो लेन्थका पहिरन जस्तै बेबी डल ड्रेस, लङ कार्डिगन, ओभर साइज सर्ट, रोम्पर ड्रेस, लङ टी स्वेटर, नि लेन्थ वन पिस आदिसित लेगिङको जोडाले क्रेज सिर्जना गर्‍यो। ब्ल्याक, नेभी ब्लु, र स्किन कलरका साथै ब्राउन, ग्रे डार्क, विभिन्न स्ट्राइप्सका पिन्ट तथा मल्टीकलर लेगिङप्रतिको झुकाव पनि उत्तिकै देखियो।

**लेयरिङ**

लेयरिङ अर्थात् एकसाथ एकभन्दा बढी कपडालाई संयोजन गरी पहिरिने तरिका यो वर्ष प्रचलनमा रहेको पाइयो। लेगिङ स्ल्याकसका साथमा वेल फिटेड पाइन्ट र फलोङ एसोमेट्रिकल टप, ज्याकेट वा स्टोलको कम्बिनेसनले विन्टर वेयरमा लेयरिङ लुक प्रदान गरेको अभास भयो। समर स्प्रङ मुडमा भने हल्का फ्याब्रिकका दुई-तीन लेयरको कम्बिनेसनले बजार तताएको पाइयो।

**रिप्ड जिन्स**

फेसन संसारमा भित्रिएयता कहिल्यै आउट अफ फेसन नभएको जिन्समा गत वर्ष डिस्ट्रेस्ड, टार्टड आदि नामले पनि परिचित रिप्ड जिन्सको स्टाइल पनि लोकप्रिय रह्यो । मूलतः पन्क र हिप्पी लुक मन पराउनेहरूमाझ यो शैली बढी प्रयोगमा देखियो। पाश्चात्य संगीतकर्मीहरूको सांगीतिक समारोहमा स्टाइल स्टेटमेन्टका रूपमा देखापरेको यो शैली ब्लेडले काटिएको, च्यातिएको वा फाटेको जस्तो देखिन्छ।

**स्कार्फ स्टाइलिङ**

सन् २००९ को फेसन ट्रेन्डमा स्कार्फले वुमेन वार्डरोबमा स्टाइल इलिगेन्स, स्मार्टनेस तथा सोफिस्टिकेसनको एक अलग परिचय बनायो। अमेरिकी प्रथम महिला मिसेल ओबामा हुन् वा जर्मन चान्सलर एञ्जेला मर्केल वा अमेरिकी विदेश मन्त्री हिलारी क्लिन्टन, यी शक्तिशाली महिलाहरूको व्यक्तित्वमा स्कार्फको अनिवार्यतासँगै यसले वुमेन फेसन एक्सेसरीको बोल्ड एन्ड पावरफुल आइटमका रूपमा आफ्नो प्रभाव जमाएको पाइयो।

**बुटमा व्यक्तित्व**

महिला व्यक्तित्वमा स्मार्टनेस स्टाइल एवं ग्ल्यामरस र बोल्डनेस सञ्चार गर्ने बुटको प्रचलन यो वर्ष पनि निकै हट रह्यो। आफूलाई बोल्ड र स्टाइलिस देखाउन चाहनेहरूमा काल्फ लेन्थ बुटको क्रेज रह्यो भने ग्ल्यामरस लुक रुचाउनेहरूमाझ निलेन्थ बुटको प्रयोग पाइयो। ओभर नि बुट, अकफर्ड स्टाइल, स्लाउच, फ्ल्याट, बकल्ड बेल्टेड शैलीको आकर्षण पनि उत्तिकै रह्यो। लङ स्कर्ट, सर्ट स्कर्ट, स्किनी जिन्स, टेलर्ड पाइन्ट आदिसित बुटको बहार देखियो।

**मिलेटरी स्टाइल**

क्लासिक शैली, स्मार्ट लुक, बोल्ड एन्ड ड्यासिङ व्यक्तित्वको छविसँगै त्यसमा सुगन्ध छर्ने मिलेटरी युनिफर्मबाट प्रभावित ज्याकेट र कोटको स्टाइल पनि उत्तिकै लोकप्रिय रहे। बेस्टलेन्थ, हिपलेन्थ, थाइलेन्थ शैलीमा बटन, जिपर, लेपन, स्टड, पकेट, बेल्ट आदिको प्रयोगसँगै स्टाइलिस देखिने कोटका फरक-फरक शैलीहरूसँगै फिटेड ज्याकेटको क्रेज पनि देख्न पाइयो यसवर्ष। लेदर, कर्डोइ, डेनिम, वुलन तथा अरू फ्याब्रिकबाट बनेका यी ज्याकेट र कोटमा मिलेटरी ड्रेसिङ फ्याकटरकै प्रधानता रह्यो।

# सामाजिक परिवर्तनको सूचक बन्यो सूचना-प्रविधि

सूचना तथा सञ्चार प्रविधि अर्थात् आईसीटीको क्षेत्रमा यो वर्ष भएका प्रगतिका कथा थुप्रै छन्। सूचना-प्रविधिमा अमेरिका, चीनपछि भारतको दौड अग्रपंक्तिमा रहयो। सफ्टवेयर तथा हार्डवेयरमा यी देशले हासिल गरेका थुप्रै उपलब्धिका कारण ती देशको आर्थिक प्रगतिमा पनि उल्लेखनिय योगदान पुग्यो। सूचना-प्रविधिलाई वार्षिक रूपमा मूल्याकंन गर्नेभन्दा पनि यसपटक दशककै मूल्यांकनलाई प्राथमिकता दिइयो। १० वर्षअघि जतिबेला सन् २००० प्रारम्भ हुँदै थियो, त्यसबेला वाईटुके सूचना-प्रविधि क्षेत्रको अगाडिको यात्राका निम्ति चुनौती बनेर तेर्सिएको थियो, तर यो समस्या प्रविधिको विकासयात्रामा बाधक बन्न सकेन्। पछिल्लो १० वर्षलाई मूल्यांकन गर्दा सूचना-प्रविधि विकास र विकसित पछिल्ला उपकरणहरूको बढ्दो लहरले एक दशकअघि र अहिलेको जीवनशैलीमा सोच्न नसकिने परिवर्तन ल्याइसकेको छ।

## एसएमएस (सर्ट म्यासेज सर्भिस)

मोबाइल फोनबाट पहिलो एसएमएस सन् १९९३ मा पठाइएको थियो, त्यो सफल परीक्षण थियो, तर एसएमएसको व्यावसायिक प्रयोग भने सन् २००० देखि प्रारम्भ भयो। अध्ययनअनुसार त्यो पहिलो वर्ष १७ अरब एसएमएस पठाइएका थिए। जबकि सन् २००८ मा यो संख्या ४१ अरब नाघेको थियो। वर्ष सन् २००९ मा यो संख्या दुई गुणाले बढेको अनुमान छ। मोबाइलमा प्राप्त यो सुविधाले ग्रिटिङ कार्ड्सको जमानालाई पछाडि पारिदियो। अन्तर्राष्ट्रिय रूपमा न्यू इयर, क्रिसमस, बर्थ डेजस्ता इभेन्टमा एसएमएसको प्रयोग बढ्दै गएको छ। नेपालमा पनि शुभ दीपावली, न्यू इयर, क्रिसमस, बडादसैं जस्ता चाडपर्वमा लाखौंको एसएमएस गरिन्छ।



## आइपड



संगीत सुन्ने शैलीलाई आइपडको आगमनले पूरै बदलिदियो। सम्भवत: यो दशकको सबैभन्दा आकर्षक उपकरण (ग्लामरस डिभाइस) को परिचय बनाएको आइपडमा म्युजिक स्टोर गर्ने डिजिटल शैलीले युवापुस्तालाई आइपडको फ्यान बनाइदियो। कुनै समय क्यासेट खरिद गरेर टेपमार्फत संगीत सुन्ने ट्रेन्ड त्यसपछि म्युजिक सिडिको प्रयोग र त्यसपछि सन् २३ अक्टुबर २००१ मा आइपड। डिजिटल प्रविधिको यो उपकरणबाट उत्कृष्ट साउन्ड सिस्टममा घण्टौं गीत सुन्न मिल्ने भएपछि यसप्रतिको आकर्षण बढ्दो छ। अहिलेसम्म संसारमा २२ करोड आइपड बिक्री भैसकेको छ। पछिल्ला दिनमा म्युजिक प्लेयर एमपीथ्री तथा एमपीफोर उपकरणले पनि युवापुस्तालाई आइपडको टेस्ट दिन थालेका छन्। अहिले मोबाइल फोनमा पनि एमपीथ्री फाइल्स सेभ भएकाले मोबाइलबाटै गीत सुन्ने ट्रेन्ड पनि आइसकेको छ। यद्यपि डिजिटल प्रविधिबाट गीत सुन्ने ट्रेन्ड बसाउन आइपडको योगदान महत्त्वपूर्ण छ।

## ल्यापटप/नेटबुक




डेस्कटप कम्प्युटरलाई काखमा ल्याएर चलाउन मिल्ने सुविधा ल्यापटप आएपछि पूरा भयो। ल्यापटपको आगमनले कुनै एक स्थानमा कुर्सीमा बसेर काम गर्नुपर्ने बाध्यताको अन्त भएको थियो। सन् २००० सम्म डेस्कटप कम्प्युटर पहिलो प्राथमिकतामा पर्दै आएको थियो, तर जब बजारमा ल्यापटप भित्रियो, तब कम्प्युटर पारखी उपभोक्ता यो डिभाइसप्रति अचम्मले आकर्षित भए। सन् २००८ सम्म आइपुग्दा ल्यापटपको मूल्य डेस्कटपको तुलनामा सस्तो हुनुले उपभोक्ताले डेस्कटपको तुलनामा ल्यापटपलाई प्राथमिकता दिन थालेका थिए। तथ्यांकअनुसार सन् २००८ मा डेस्कटपको तुलनामा ल्यापटपको बिक्री बढेको थियो। अहिले बजारमा नेटबुक पनि आइसकेको छ। ल्यापटपभन्दा सस्तो र हल्का नेटबुकलाई इन्टेलले बलियो तथा कम ब्याट्री उपभोग गर्ने यन्त्र बताएको छ।

## सोसल नेटवर्किङ

अब सहपाठीहरूको संगतका लागि पार्क वा कफीसप जानुपर्ने समय बदलिएको छ, कुनै स्थानलाई जक्सन बताउँदै अड्डा जमाउनेहरू यतिखेर कम्प्युटरको स्क्रिन हेर्दै साथीसंगतलाई बलियो बनाउन थालेका छन्। फेसबुक, ओर्कुट, ट्विटर, माइस्पेस, हाइफाइभजस्ता सोसल नेटवर्किङका वेबसाइटमा घण्टौं बसेर गफ गर्ने तथा छलफल चलाउने ट्रेन्ड भित्रिएकाले अहिलेको जेनेरेसन सोसल नेटवर्किङप्रति लगाव राख्न थालेको छ। वर्षौंदेखि भेट नभएका साथी तथा आफन्तहरू भेटिने माध्यम सोसल नेटवर्किङ वेबसाइट बनेका छन्। त्यतिमात्र होइन, मन लागेका कुरा लेख्न मिल्ने भएकाले कुनै कुरा लेखेर त्यस विषयमा तत्कालै प्रतिक्रिया हासिल गर्न पनि यो प्रविधि उपयोगी छ। व्यक्तिगत सञ्जालका लागि उपयोगी यो प्रविधिले इमेलको ट्रेन्डलाई समाप्त गर्न सक्ने सम्भावना विश्लेषकहरूको छ। सोसिसयल नेटवर्किङ वेबसाइटका रूपमा सन् २००२ मा फ्रेन्डस्टर वेबपेज प्रचलनमा आएको थियो, त्यस्तै सन् २००४ मा फेसबुक र ओर्कुट आए। अहिले फेसबुक नम्बर वान सोसल नेटवर्किङ साइट बनेको छ, जसका प्रयोगकर्ता ३५ करोड छन्।

## गेमिङ

बालबालिकाहरू खेल्ने भनेपछि हुरुक्कै हुन्छन्, जतिसक्दो धेरै समय खेलमा बिताउने चाहना राख्ने उनीहरूको खेल शैलीमा भने व्यापक परिवर्तन आइसकेको छ। खेल्नका लागि घरबाहिर जानुको सट्टा घरभित्रै अझ स्क्रिनको अगाडि घण्टौं खेल्न सकिने खेलमा उनीहरूको मन लालायित छ। डिजिटल गेम भित्रिएपछि उनीहरूमात्र होइन, घरका ठूला सदस्य पनि गेमप्रति आकर्षित हुन थालेका छन्। प्लेस्टेसन, एक्सबक्स तथा निटेन्डोजस्ता कम्पनीले थ्री डी इफेक्ट्सका साथमा आकर्षक गेमिङ डिभाइस उपलब्ध गराएका छन्। माइक्रोसफ्टको एक्सबक्स सन् २००१ मा आएको थियो भने प्लेस्टेसन सन् १९९४ मा, तर सन् २००१ यता मात्र गेमिङको वास्तविक ट्रेन्ड आरम्भ भयो, जसका लागि माइक्रोसफ्टलाई नै धन्यवाद दिनुपर्छ। अहिलेसम्म १० करोडभन्दा बढी प्लेस्टेसन बिक्री भैसकेको छ भने ३



करोडभन्दा बढी एक्सबक्स। मोबाइल, टेलिभिजन तथा अन्य डिजिटल गेमिङ अप्सनको त झन कुरै बेग्लै छ।


## पेनड्राइभ



अहिले आफूसँग लेख्ने पेन होस् वा नहोस् तर पेनड्राइभ भने हुनैपर्ने भएको छ। जिन्दगी नै डिजिटल भैसकेको यो समयमा आफ्ना महत्त्वपूर्ण डकुमेन्ट साथमै लिएर हिँड्न पेनभन्दा सानो साइजको पेनड्राइभ अति उपयोगी उपकरण हो। ट्रेक टेक्नोलोजी तथा आईबीएमले सन् २००० मा पहिलो फ्लेस ड्राइभ सार्वजनिक गरेका थिए। यो सानो ड्राइभमा आवश्यक कम्प्युटर डकुमेन्ट मात्र होइन, तस्बिर, गीत-संगीतजस्ता डिजिटल सामग्रीसमेत राख्न मिल्छ। कुनै समय चल्तीको फ्लपी ड्राइभलाई सहजै विस्थापित गर्न सफल पेनड्राइभकै कारण आजभोलि सीपीयुमा फ्लपी राख्ने स्थान पनि हुँदैन। त्यतिमात्र होइन, अब सिडी तथा डिभिडी ड्राइभको महत्त्व पनि पेनड्राइभकै कारण घट्दै गएको छ।

## डिजिटल क्यामेरा

याद गर्नुहोस त, अन्तिम पटक क्यामेराबाट रिल निकालेर धुनका लागि कहिले जानुभएको थियो ? अब डिजिटल क्यामेराको महत्त्व आफैं छर्लंग हुन्छ। रिलवाला क्यामेरालाई पूर्ण रूपमा विस्थापित गर्न सफल डिजिटल क्यामेरा हरेक उपभोक्ताका निम्ति उपयोगी उपकरण मान्न थालिएको छ। त्यसैले पनि उपभोक्ताहरू आफ्ना व्यक्तिगत इभेन्टहरूमा पनि डिजिटल क्यामेराको आवश्यकता महसुस गर्छन्। डिजिटल क्यामेराबाट सोझै कम्प्युटरमा तस्बिर राखेर चाहेको तस्बिर छाप्न मिल्ने भएपछि उपभोक्ताको मोह यो सानो डिभाइसमा बढ्दै गएको हो। सन् १९९९ मा पहिलो पटक निकोनले २ दशमलव ७४ मेगापिक्सलको एसएलआर डिजिटल क्यामेरा बजारमा ल्याएको थियो। डिजिटल क्यामेराको महत्त्व बढेकै प्रतिफल स्वरूपमा हाल मोबाइल फोनसेटमा पनि डिजिटल क्यामेराको सुविधा थपिएको छ। अहिले १२ मेगापिक्सलको क्यामेरा फोनसेट पनि बजारमा आइसकेको छ। त्यसैले मोबाइल फोनबाटै वा छुट्टै डिजिटल क्यामेरा तस्बिर क्लिक गरिहाल्छ, जसले सधैं आफूलाई तस्बिरमा बचाइराख्छ।




## ब्लाकबेरी



यो फोनले हाम्रो कार्यालयलाई मोबाइलमा रूपान्तरण गरेको छ। ब्लाकबेरीका उपभोक्ता जहाँ पुगे पनि त्यहि बसेर कार्यालय वा अन्य व्यक्तिगत प्रयोजनको इमेल खोलेर हेर्न सकिन्छ। यसमा वर्ड वा पावर प्वाइन्ट जुनसुकै काम गर्न पनि सुविधा उपलब्ध छ। सन् २००२ मा बजारमा आएको यो प्रविधिले नयाँ जेनेरेसनको काम गर्ने शैलीलाई पूर्ण रूपमा बदलिएको छ।

## एलसिडी मनिटर / टेलिभिजन



कुनै समय थियो, ठूलो भाडोमा राखिएको टेलिभिजन निकाल्न सटर खोल्नुपर्थ्यो। ब्लाक एन्ड ह्वाइट स्क्रिनको उत्त टेलिभिजनको लामो प्रयोगपछि मोटो आकारमा रंगीन टेलिभिजन भित्रियो, तर यसपछि आएको एलसिडी मनिटरले अहिले ती पुराना उपकरणहरूलाई आउट डेटेड गरिसकेको छ। एलसिडी र प्लाज्माको विकास अगाडि नै भए पनि सामान्य उपभोक्ताको पहुँचमा आउन सन् २००० नाघ्नैपर्‍यो। विगत १० वर्षको समीक्षा गर्ने हो भने एलसिडी अहिले उपभोक्ताको पहिलो प्राथमिकतामा एलसिडी पर्न थालेको छ। मनिटर भित्रिएपछि टेलिभिजन होस् वा कम्प्युटर दुवैको बडीमा आएको स्लिमनेसले उपभोक्तालाई खिचेको विश्लेषकहरू बताउँछन्।

## टचस्क्रिन



छोएर गर्न मिल्ने हरेक आनन्दको अनुभूति मानवजगत्ले सयौं वर्षदेखि जान्दै आएको छ। हातैले छोएर प्रविधि सञ्चालन गर्न मिल्ने यो सुविधा जब मोबाइल फोनमार्फत उपभोक्तामाझ आयो, यसले मानव जीवनशैलीमा अर्को नयाँ परिवर्तनको सञ्चार गरायो। आइफोनको टचस्क्रिन लोकप्रिय भएकै कारण अहिले सबै मोबाइल कम्पनीले अझ सस्तो मूल्यमा यो सुविधा उपलब्ध गराउन थाल्नुले पनि टचस्क्रिनको महत्त्वलाई पुष्टि गर्छ। अहिले १५ हजार नेपाली रुपैयाँमा राम्रै कम्पनीको टचस्क्रिन मोबाइल पाइन थालेको छ। कम्प्युटरको क्षेत्रमा पनि टचस्क्रिन प्रवेश गरिसकेको छ। विन्डोज-सेभेनसँगै टचस्क्रिनको लहर चल्न थालिसकेको छ। यसबाट निष्कर्ष निस्कन्छ- अबको १० वर्षभित्रमा टचस्क्रिनले ठूलै क्रान्ति ल्याउनेछ।

# गितार मायस्ट्रोको अडिसन

धरान- नेपालमै पहिलो पटक गितारवादन प्रतियोगिता गितार मायस्ट्रो धरानको अडिसन सम्पन्न भएको छ। शनिबार धरान-१३ स्थित अमरहाटको पञ्चकन्या क्लब तथा बूढासुब्बा रिसोर्टमा भएको अडिसनबाट बिर्तामोडका जोनी तामाङ, इलामका विजय राई, विराटनगरका प्रशान्त पोखेल तथा धरानका उज्ज्वल तामाङ, निशन राई, खगेन राई, मनोज लिम्बू, युवराज राई तथा दीपक श्रेष्ठ छनौटमा परेका छन्। तकाम फिल्म्स प्रा.लि. तथा गितार मायस्ट्रो प्रा.लि.को आयोजनामा नेपालमै पहिलो पटक गितारवाधक प्रतियोगिता आयोजन गर्न लागिएको हो। वरिष्ठ गिटारिस्ट वैजु राई तथा सृजन नेपाल निर्णायक रहेको उक्त अडिसनमा सहभागीहरूले सोलो, ज्याज, ब्लुज, रक र पप शैलीका गितारका धुनहरू सुनाएका थिए। गितार मायस्ट्रोका लागि मोफसलबाट सय जनाजति प्रतिभालाई काठमाडौं लगिनेछ। नेपालका विभिन्न ठाउँबाट काठमाडौंका लागि छनौट भएका सहभागीहरूलाई राजधानीमा थप प्रशिक्षणको व्यवस्था रहेको कार्यक्रम संयोजक केशव ढकालले बताए। पहिलो अडिसन राउन्डमा देशको विभिन्न ठाउँबाट छानिएका गितारबादकहरूबाट काठमाडौंमा टप २० छानिनेछ। टप २० मा छनौट भैसकेपछि भने आयोजकले उनीहरूको सबै खर्च बेहोर्नेछन्। गितार मायस्ट्रोमा प्रथम हुनेलाई रु. १ लाख नगद, २ हजार डलरबराबरको गितार प्रदान गरिनुका साथै राष्ट्रिय-अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागी गराइने बताइन्छ।

**-भीषण राई**



# पोखरामा सडक महोत्सवको रौनक

पोखरा- सडकदेखि होटल रेस्टुराँसम्म खचाखच लेकसाइड क्षेत्रको रमझम यतिबेला बेग्लै देखिन्छ। बिहानदेखि राति अबेरसम्म देखिने चहलपहलले वातावरण निकै रंगीन बनेको छ। यहाँ सुरु भएको ११ औं सडक महोत्सवमा यस्तो चहलपहल देखिएको हो। महोत्सवमा स्वदेशी तथा विदेशी पर्यटकको बेग्लै रमझम छ। रेवान पोखराले पोखरालाई अंग्रेजी नयाँ वर्षको गन्तव्यस्थल बनाउने उद्देश्यले हरेक वर्ष गर्दै आएको महोत्सवले विशेष गरी आन्तरिक पर्यटनलाई विशेष जोड दिएको महोत्सव संयोजक गोपी भट्टराईले जानकारी दिए।



सडकमै खाउ, सडकमै नाचौं र सडकमै रमाऔं भन्ने नाराका साथ आयोजित महोत्सवमा स्वदेशी तथा विदेशी परिकारका अतिरिक्त विभिन्न जनजातिका कला-संस्कृतिका साथै मनोरञ्जन तथा खेलकुद प्रतियोगिताहरू पनि समावेश छन्। यतिबेला लेकसाइड दुलहीजस्तै सजिसजाउ छ। फिस्टेल लज गेटदेखि डेमोक्रेसी चोक हुँदै खहरे र डिहिकोपाटनसम्म ३ किलोमिटर सडकमा महोत्सव पुस १८ गते पाँच दिनसम्म सञ्चालन हुँदैछ। महोत्सवमा १ सय ५ रेस्टुराँ तथा हस्तकलाका ४० वटा स्टल समावेश छन्।


४ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने अपेक्षा राखिएको महोत्सवमा विभिन्न जनजातिका जातीय नृत्यहरूले आकर्षण थपेको छ। महोत्सवस्थलमा सबै आ-आफ्नै पाराले मनोरञ्जन लिइरहेका छ्न। सडकमै उतारिएका टेबल-कुर्सीमा बसेर आफूलाई मन पर्ने परिकारको स्वाद लिँदै रमाउनेहरूको झुन्ड बाक्लो छ। युगल जोडीहरूको रमितादेखि सडकमै घन्किएको रोदी मारुती अनि विविध सांस्कृतिक कार्यक्रमको सनसनीले महोत्सवमा रौनक थपेको छ।

खुला सडककै बीचमा विवाहमा नाचिने रत्यौलीको रन्को बेग्लै छ। महिला नै दुलाहा-दुलही बनेर नाचगान गर्दै सडक घन्काएका छन्। यो नौलो शैली देखेर स्वदेशी तथा विदेशी सबै दंगिएका छन्।

महोत्सवमा चितवनको थारुहरूको लट्ठीनाच, धरानका राई लिम्बूहरूको धाननाच, बन्दीपुरको भुजेल नाच, पोखराको २ सय ५० वर्ष पुरानो भैरव नाच, तायमचा आदि विभिन्न जनजातिका नाच प्रदर्शन गरिएको छ। त्यसै गरी वेटर रेस, टुरिस्ट रेस, डुंगा रेसका साथै खानामा ससेज मम इटिङ कम्पिटिसनजस्ता रमाइला इभेन्ट पनि समावेश छन्।

**-शिव शर्मा**

# धरानमा पूर्वाञ्चल क्षेत्रीय महोत्सव



धरानमा पूर्वाञ्चल क्षेत्रीय महोत्सव यही २२ पुसदेखि २ माघसम्म १० दिनसम्म पब्लिक उच्च माविको खेलमैदान धरानमा सञ्चालन हुनेछ। क्षेत्रीय महोत्सव हुने भएपछि अहिले धरानका प्रत्येक चोक ठूला-ठूला ब्यानर र ध्वजापताकाले सजाइएका छन् भने महोत्सव हुने स्थललाई पनि पूरै सिंगारिएको छ। उद्योग वाणिज्य महासंघ तथा उद्योग वाणिज्य संघ सुनसरीको आयोजनामा हुन लागेको क्षेत्रीय महोत्सवमा पूर्वाञ्चलका १६ वटै जिल्लाका कृषि तथा घरेलु हस्तकला, धार्मिक पर्यटनस्थलका साथै व्यापार व्यवसायको प्रवर्द्धन गरिनेछ। मेलाका प्रमुख आकर्षणमा औद्योगिक प्रदर्शनी तथा खरिद-बिक्री, दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको प्रदर्शनी तथा खरिद बिक्री, तरकारी फलफूलको प्रदर्शनी समेत रहनेछ। धरानको खानेपानी समस्या हल गर्ने उद्देश्यले सञ्चालन हुने पूर्वाञ्चल क्षेत्रीय महोत्सव २०६६ मा पर्यटन, कृषि, सूचना-प्रविधि, कला-संस्कृति, शिक्षा तथा औद्योगिक व्यापार प्रदर्शनी आदि सबै समेटिनेछन्। धरानको खानेपानीको समस्या हल गर्ने मूल नाराका साथ हुन लागिरहेको महोत्सवमा पूर्वाञ्चलका स्थानीय कृषिजन्य वस्तुको बजार अनुसन्धान, हस्तकला व्यवसायको प्रवर्द्धन एवं सूचना-प्रविधि आदिलाई पनि अघि बढाइने उद्देश्य छ। करिब २ लाखभन्दा बढी स्वदेशी तथा विदेशी पर्यटकलाई धरान भित्र्याउने लक्ष्य लिएको महोत्सवमा ५ करोडजतिको आर्थिक कारोबार हुने जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष अशोक ताम्राकारले बताए। पूर्वाञ्चलकै समग्र आर्थिक तथा सामाजिक उत्थानका लागि उद्योग व्यापार, सूचना, शिक्षा, स्वास्थ्य, कला-संस्कृति, कृषि, पर्यटनजस्ता विविध क्षेत्रको प्रवर्द्धनमा सहयोग पुऱ्याउनुका साथै महोत्सवले समग्र पूर्वाञ्चलकै गरिमा बढाउने अध्यक्ष ताम्राकारले जानकारी दिए। महोत्सव स्थलमा करिब १ सयवटा स्टल रहनेछन्। महोत्सवमा बालउद्यान, मनोरञ्जनपूर्ण खेल, पर्यटन, कृषि तथा व्यापार मेला, विभिन्न राष्ट्रिय स्तरका कलाकारको सांस्कृतिक कार्यक्रम, स्थानिय जात-जातिको जातीय पहिरनको प्रदर्शनी रहनेछन्। करिब ५ करोडको कारोबार हुने दावी गरिएको महोत्सवबाट आयोजकहरूलाई करिब २५ लाख नाफा हुनेछ।

# विराटनगरमा क्रिसमस

विराटनगर- यस वर्षको क्रिसमसका अवसरमा विराटनगरमा दुईदिने क्रिसमस महोत्सव सम्पन्न भएको छ। युवा तथा बालबालिकाहरूलाई लक्षित गरेर जैन भवनको प्राङ्गणमा जेन एक्स नामक संस्थाले सांगीतिक वातावरणबीच महोत्सवको आयोजना गरेको थियो। गएको शुक्रबार र शनिबार अपरान्ह ५ देखि राति १० बजेसम्म चलेको महोत्सवलाई सुगम पोखरेलको गीतले तताायो।



स्टेजमा स्थानीय सांगीतिक ब्याण्डहरूले दर्शकलाई भुलाइरहेका बेला आएका सुगमलाई युवायुवतीले भव्य स्वागत गरे। उनले आफ्ना चर्चित गीतहरू सुनाएर दर्शकहरूलाई नचाए। सुगमसँगै स्थानीय ओरिजिन ब्यान्ड र श्रीजेको प्रस्तुतिले महोत्सवलाई रंगीन बनायो। स्थानीय युरो किड्स तथा साइमन ग्रुपको नृत्यले महोत्सवलाई ऊर्जा प्रदान गरेको थियो।



# हिसान स्पोर्ट्स सप्ताह

विराटनगर- उच्च माध्यमिक विद्यालय संघ नेपाल (हिसान) मोरङको आयोजनामा विराटनगरमा सप्ताहव्यापी खेल महोत्सव सम्पन्न भएको छ। गत शनिबार सम्पन्न हिसान स्पोर्ट्स सप्ताहमा फुटबल तथा क्रिकेट प्रतियोगिता गराइएको थियो। मोरङका उच्च माध्यमिक विद्यालयहरूबीच गराइएको प्रतियोगिता विराटनगरका तीनवटा खेल मैदानमा सञ्चालन गरियो। दुवै प्रतियोगितामा जिल्लाका १९ उच्च माविका ५ सय ८४ जना खेलाडी सहभागी थिए।

उच्च माध्यमिक शिक्षा परिषद्को सहयोगमा सञ्चालित महोत्सवको फुटबल फाइनल खेल भने तनावपूर्ण रह्यो। नभएको गोललाई गोल दिएको भन्दै खेलाडीले रेफ्रिको विरोधमा लाइन्स म्यानलाई हातपात गर्न थालेपछि सहिद मैदानमा सञ्चालित फुटबल केही बेर रोकिएको थियो। स्थिति तनावपूर्ण भएपछि प्रहरीले हस्तक्षेप गर्दै लाठीचार्च गरेपछि मात्र सामान्य भएको थियो। केही बेरमै पेनाल्टी गोलका विषयमा खेलाडीहरूले विवाद खडा गरेपछि प्रहरीले पुनः बल प्रयोग गर्नुपरेको थियो। डिग्री क्याम्पसको खेलमैदानमा भएको क्रिकेट प्रतियोगितामा सामेल खेलाडीले मैदानमै पुरस्कार पाउनुपर्ने अडान राखेकाले ४५ मिनेट खेल अवरुद्ध भएको थियो। खेलमा देखिएको विवाद सामान्य भएको बताउँदै हिसान मोरङका अध्यक्ष डिल्ली पोखरेलले उच्च माविस्तरको यति भव्य खेलकुद विराटनगरमै पहिलो भएको दाबी गरे।

**-कमल रिमाल**

# फुटबलमा अरनिकोको जित

सहिद मैदानमा सम्पन्न फुटबल खेलको उपाधि अरनिको उच्च माविले जितेको छ। अरनिकाले कोवास कलेजलाई ट्राइब्रेकरमा पराजित गरी उपाधि जित्न सफल भएको हो। खेलको निर्धात समयमा दुवै टिमबाट १-१ गोल भएपछि ट्राइब्रेरमा निर्णय गरिएको थियो। प्रतियोगिताको ४९ मिनेटमा कोवासका अनिल अधिकारीले गोल गरी आफ्नो टिमलाई १-० अग्रता दिलाएका थिए। त्यसको ९ मिनेटमै अरनिकोका समीर घिमिरेले पेनाल्टीबाट गोल गरी टिमलाई १-१ को बराबरीमा पुऱ्याए। यी दुवै गोलका बारेमा दुवै पक्षका खेलाडीले विवाद गरेका थिए।

प्रतियोगितामा उत्कृष्ट गोलकिपर कोसी क्याम्पसका राजेश चौधरी, उत्कृष्ट मिडफिल्डर मनोकामना कलेजका दिलकुमार मगर, उत्कृष्ट डिफेन्स सिद्धार्थका अनुपम राजवंशी, उत्कृष्ट प्लेयर अफ द टुनामेन्ट मेरील्यान्डका केवल महर्जन घोषित भए। त्यस्तै सबैभन्दा बढी गोल गर्ने देवकोटाका गगन मड्यारी, उदयमान टिम उर्लाबारीको सुनगाभा कलेज र अनुशासित टिम देवकोटा उमावि पनि पुरस्कृत भए। सेमिफाइनलमा मनकामना एकेडेमीलाई १ का विरुद्ध ३ गोलले पराजित गर्दै अरनिको र स्टार उच्च माविलाई १ का विरुद्ध २ गोलले पराजित गर्दै कोवास फाइनलमा पुगेको

# क्रिकेटमा लर्डबुद्ध विजयी




डिग्री क्याम्पसको खेलमैदानमा सम्पन्न क्रिकेट प्रतियोगिताको उपाधि लर्डबुद्ध कलेजले जितेको छ। यसअघि लगातार तीन पटकको च्याम्पियन सिटी कलेजलाई ३ विकेटले पराजित गर्दै लर्डबुद्धले उपाधि जितेको हो। १ सय ५८ रनको लक्ष्य लिएर मैदानमा उत्रिएको लर्डबुद्धले १९ ओभरमा ७ विवेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो।

विजयी टिमका तर्फबाट प्रशान्त दासले ३२ बलमा ३ छक्का तथा ५ चौका प्राहार गर्दै ४४ रन, खालिद राजाले २७ रन, पंकज पारखले १५ रन, राजीव राजवंशीले १२ रन र तरवेज अलीले १० रनको योगदान दिए। प्रतिउत्तरमा सिटीका अजय राजवंशीले ३ विवेट, कुशल तुलाधारले २ विवेट एवं हरि चौलागाईंले १ विकेट लिए। यसअघि टस जिती ब्याटिङ गरेको सिटीले १९ दशमलव ५ बलमा सबै विवेट गुमाई १ सय ५७ रन तयार गरेको थियो। जसमा अजय राजवंशीले ३२ बलमा ३ छक्का र ४ चौका प्रहार गरी ५४ रन, हरी चौलागाइंले १७, विवेक झाले १५, मञ्जित प्रधानले १२ तथा कौशल सिंहले ११ रनको योगदान दिएका थिए।

प्रतिउत्तरमा लर्डबुद्धका खालीद राजाले ४ ओभरमा २९ दिइ ४ विकेट, अरिहन्त वैद्यले २ तथा प्रशान्त दास र मिथुन झाले १-१ विकेट लिएका थिए। लर्डबुद्धका खालिद राजा म्यान अफ द फाइनल र उत्कृष्ट बलर घोषित भए भने म्यान अफ द सिरिजको उपाधि सिटीका अजय राजवंशीले पाए। त्यस्तै उत्कृष्ट ब्याट्समेनको पुरस्कार सिटीकै विवेक झाले प्राप्त गरे। सेमिफाइनलमा भानु उच्च माविलाई ३ विकेटले पराजित गरेको लर्डबुद्ध तथा विराट क्याम्पसलाई २१ रनले पराजित गरेर सिटी कलेज फाइनलमा पुगेका थिए।

## आदिवासी चलचित्र महोत्सव सकियो



बिर्तामोड- प्रदर्शित चलचित्रमध्ये मगरजातिको एजु-२ लाई उत्कृष्ट घोषणा गर्दै अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव शनिबार बिर्तामोडमा सम्पन्न भयो। महोत्सवमा प्रदर्शित आठ चलचित्रमध्ये दर्शक छनौटका आधारमा एजु-२ उत्कृष्ट चलचित्र घोषित भएको हो।

भाषा, संस्कृतिको संरक्षणका लागि आदिवासी जनजातिको मातृभाषामा बनेका चलचित्र महोत्सवमा प्रदर्शन गरिएको थियो। महोत्सवमा लिम्बू, सन्थाल, गुरुङ, नेवार, मगर, थारु, माझी तथा तामाङ भाषाका चलचित्र प्रदर्शन गरिएको आयोजक इन्टरनेसनल फिल्म अर्काइभ (आइफ) संयोजक संजोग लाफामगरले बताए।

महोत्सवमा नेवार जातिको ग्वे मरु, सन्थाल जातिको सीता नाला रे सगुन सुपारी, गुरुङ जातिको तिनागा प्रदर्शित भए। बोलिभियाका जनजातिले आफ्नो हकअधिकार संविधानमा सुनिश्चित गर्न गरेको आन्दोलन समेटिएको विल्डिङ डिग्निटी पनि प्रदर्शन गरिएको थियो। त्यस्तै महोत्सवमा लिम्बू, चेपाङ, मगर, गुरुङ आदि जातिका महिला निर्देशकले तयार गरेका छोटा चलचित्र पनि प्रदर्शन भएका थिए।

लिम्बू जातिको 'थकथक्मा' चलचित्रमा एउटी लिम्बू महिलाले ढाका कपडा उत्पादन गर्न गरेको श्रम, सङ्घर्ष र उपलब्धि समेटिएको छ। त्यस्तै, 'द चिउरी'मा चेपाङ जातिकी महिलाले बिहेमा पाउने दाइजो चिउरी रोपेर जीवन गुजारा गरेको एवं गुरुङ जातिकी महिलाले विवाहपछि पढ्न नपाउँदा श्रीमान्सँग सम्बन्धविच्छेद गरेको कथा समेटिएको 'महिता'जस्ता छोटा चलचित्र पनि प्रदर्शित भए।

**– हिमाल खरेल**

## मृत्युपछिको जन्म

धरान- डकुमेन्ट्रीमा 'विधवाको मन रुन्छ' गीत गाइने भाकामा सारंगीका साथ रेट्दै गाइँदै थियो। हेर्दाहेर्दै एकल महिला जुनु श्रेष्ठको आँखाबाट आँसु खस्यो। उनको मात्र होइन, हलमा डकुमेन्ट्री हेर्न भेला भएका सबै एकल महिलाको आँखाको डिलमा आँसु रसाइरहेका थिए। सोमबार सैनिक भवनको हलमा विधवा नारीहरूको वेदनाले भरिएको विभिन्न महिलाको सामाजिक पीडा पोखिएको भनाइले पनि उनीहरूलाई यस्तो बनाएको थियो। डकुमेन्ट्री 'मृत्युपछिको जन्म' मा एकल महिलामा आबद्ध २४ जना महिलाले एकल भएपछि आफूले भोग्नुपरेका पीडा प्रस्तुत गरेका थिए। विधवा आफैं रुँदैनन्, यो समाजले विधवालाई रुन बाध्य पारेको तथ्य डकुमेन्ट्रीले खोज्ने प्रयास गरेको थियो।

मृत्युपछिको जन्ममा विधवा बनेपछिको सामाजिक पीडा पनि समेटिएको थियो। विधवा बन्दा घर परिवार समाज आफन्तहरूले आफूहरूलाई नराम्रो नजरले हेर्ने गरेको कुरा पनि डकुमेन्ट्रीमा प्रस्तुत छ। विधवा बन्दा चुरा-पोते फुटाइदिएको, सिंदूर पुछिदिएको, अलच्छिनीको आरोप लगाएका कुरा, कहीं हिंड्दा विधवा देखे साइत बिग्रिने भनेर समाजले सम्बोधन गरेको, परपुरुषले पनि एकल महिलालाई हेप्ने प्रवृत्ति रहेको कुराले एकल महिलाको पीडालाई नै व्यक्त गर्थ्यो। डकुमेन्ट्री प्रदर्शनपछि एकल महिला रेणुका श्रेष्ठलाई सुवित्रा राई र जयन्ती लाखेले सेतो कपडा फुकालिदिएर आममहिलाले लगाउने कपडा लगाइदिंदा हलमा उपस्थित एकल महिलाहरूको तालीले हलनै गुञ्जायमान भएको थियो।

**–भीषण राई**

## इकुले बटुले दर्शक



पाँचथर– तानी तक दानी, दानी तक नानी गाउँदै इकु, इकु भन्दै नाच्ने सुलेमान शंकर मञ्चमा उक्लँदा दर्शकहरूलाई पत्याउन गाह्रै भयो। मेरी बास्सै र 'इकु' फिल्ममा जंगलम्यानका रूपमा प्रस्तुत यी कलाकार क्रिसमसका अवसरमा यहाँ आयोजित कार्यक्रममा आधुनिक गेटअपमा देखिए।

पाँचथर इसाई समाजद्वारा आयोजित समारोहमा 'इकु' आउने प्रचारमा सयौं दर्शक तानिएका थिए। जंगलम्यानकै रूपमा सुलेमान मञ्चमा देखा पर्ने धेरैको अनुमान विफल भए पनि उनले दर्शकलाई निराश भने बनाएनन्। सानो चेहरा लामो कपालले छोप्दै उनले दर्शकलाई आफूतिर आकर्षित गरे। उनले गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, हरिवंश आचार्य र मेरी बास्सैका माग्ने बूढाको क्यारिकेचर गरेर दर्शकहरूलाई हँसाएका थिए। करिब २० मिनेटको प्रस्तुति उनले यससम्बन्धी भजन गाएर टुंग्याए।

**लवदेव ढुंगाना**

## क्रिसमसमा रेजिनाको गीत



काठमाडौं- क्रिसमस इसाईहरूको पर्व हो। यो बेला इसाईहरू 'क्यारोल' गाउँछन्। गत शुक्रबार पनि विश्वभरिका चर्चमा 'क्यारोल' गाइयो। त्यही साँझ राजधानीको दरबारमार्गस्थित उडल्यान्ड कम्प्लेसको माथिल्लो तलामा रहेको भिन्टेज क्याफे एन्ड पबको वातावरण बेग्लै थियो। चलचित्रकी नायिका रेजिना उप्रेती 'क्यारोल' होइन, अरू नै केही गाउँदै थिइन्। 'तिम्रो मन बदलिएछ, मलाई हेर्ने तिम्रो नजर बदलिएछ' उनले यो गीत गाउँदा सँगै पुगेका निर्देशक सोभित बस्नेत मुसुमुसु हाँस्दै थिए। त्यही रहेका अभिनेता सुनिल थापा पनि दंग परिरहेका थिए। चलचित्रमा अरूले गाएको गीतमा मुख चलाउँदै अभिनय गरेको अनुभवमै रेजिनाले त्यो गीत गाइन्। यद्यपि संयोगवश त्यहाँ पुगेका गायक दिप श्रेष्ठले भने सबैको अनुरोधमा आफ्ना केही सदाबहार गीत सुनाए, जसले उक्त अनौपचारिक कार्यक्रममा रौनक थपियो। क्रिसमस मनाउने बहानामा पबका सञ्चालक तथा गीतकार बेनीमाधव भट्टराईले शुक्रबार सबैलाई आमन्त्रित गरेका थिए। जहाँ विशाल समूहले सुफीलगायत विभिन्न गीतसंगीत सुनाएको थियो। 'क्रिसमस इभ'मा सात बजेदेखि राति एक बजेसम्म विशाल समूहको प्रस्तुतिका साथ डान्स पार्टी पनि सम्पन्न भएको थियो।

## शान्तिका लागि म्याराथन

आज शुक्रबार काठमाडौंको दशरथ रंगशालामा एउटा भव्य म्याराथन दौड हुँदैछ। राष्ट्रपति रामवरण यादवले उद्घाटन गर्ने म्याराथनमा प्रतिस्पर्धाका लागि खेलाडीमात्र हुनेछैनन्। उक्त अवसरमा विभिन्न पेसा र व्यवसायमा अबद्ध व्यक्तिहरूको सहभागिता रहनेछ। राजनैतिक दलदेखि नागरिक समाजका प्रतिनिधिहरूले प्रतिस्पर्धा गर्ने यो म्याराथन हालै गठित मदन भण्डारी स्पोर्ट्स एकोडेमीले गर्न लागेको हो। खासगरी नयाँ वर्षको उपलक्ष्यमा शुभकामना आदान-प्रदानसहित राजनैतिक उद्देश्यका लागि यो प्रतियोगिता आयोजना गर्न लागिएको काठमाडौं पिस म्याराथनका सहसंयोजक रमेश सिलवालले बताएका छन्। मुलुकमा शान्ति कायम गर्न, शान्ति-प्रक्रियालाई टुंगोमा पुर्‍याउन, सहिदको बलिदानलाई संस्मरण गर्न तथा शान्तिका पक्षधर सम्पूर्ण नेपालीहरूको साझा कार्यक्रम वनाउने सन्देशसहित म्याराथनको आयोजना गरिएको हो। रंगशालाबाट बिहान आठ बजे प्रारम्भ हुने प्रतियोगिता वसन्तपुरमा पुगेर टुंगिनेछ। समापन कार्यक्रममा संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको उपस्थिति रहनेछ। राजनैतिक दल, संघसंस्था, नागरिक समाज, सञ्चारकर्मी, कलाकार, खेलाडी आदिको सहभागिताले 'निर्धारित समयमै संविधान निर्माण गर्न' दबाबमूलक सन्देश दिने आयोजकहरूको आशा छ।

## प्याराग्लाइडिङले नयाँ रेकर्ड



स्याङ्जा- खिलुङदेउरालीको भानेओढार डाँडाबाट पहिलोपटक गरिएको प्याराग्लाइडिङले नयाँ रेकर्ड बनाएको छ। उडेकै ठाउँमा आएर ल्यान्डिङ गरेपछि यो नयाँ रेकर्ड बनेको हो। परीक्षणकै बेला प्याग्लाइडिङ पाइलट सानोबाबु सुनुवारले उडेकै ठाउँमा ल्यान्डिङ गरेका थिए। उडेको १५ मिनेटमा सानोबाबु सोहि ठाउँमा ल्यान्डिङ भएका थिए। विनाअवरोध एकैपटकमा उडेका सुनुवारले भने- 'यो उत्तम ठाउँ भएकाले रेकर्ड कायम भयो।' नेपालमा यसभन्दा पहिले उडेकै ठाउँमा आएर ल्यान्डिङ गरिएको छैन्। यो उडानमा उडेपछि घुमेर आएर उडेकै ठाउँमा ल्यान्डिङ गरिएकाले नेपालमा नयाँ रेकर्ड बनेको सुनुवारले बताए।

**वसन्ती बाँस्तोला**

## मस्कियो गोरखा सदरमुकाम

**कृष्ण आचार्य**

गोरखा- राजनैतिक दलको आन्दोलन, जुलुस, बन्दले प्रभाव पार्ने गोरखा सदरमुकामको वातावरण गएको साता राष्ट्रिय स्तरका कलाकारको सांस्कृति कार्यक्रमहरूले मनोरञ्जक बन्यो। सातौं गोरखा महोत्सवका अवसरमा दैनिक दर्जनभन्दा बढी कलाकारको प्रस्तुतिमा पूरै जिल्ला रमायो। टेलिभिजनको पर्दामा मात्रै देख्दै आएका गायक, हास्यकलाकार, मोडल तथा दोहोरी गायकहरूलाई देख्न पाउँदा जिल्लावासीहरू निकै खुसी भए। महोत्सवको दोस्रो दिन जीरे खुर्सानीका कलाकार जितु नेपाल 'मुन्द्रे' तथा गोपाल नेपाल 'फिस्टे' ले दर्शकहरूलाई हँसाए।

मुन्द्रेले व्यंग्यात्मक शैलीमा भने- 'म गोरखा न्याय माग्न आएको हजुर अस्ति नयाँ बानेश्वरमा प्रचन्ड ले भाषण गरे, अबको बार्ता भारतसँग मात्रै हुन्छ, तर त्यही साँझ सोही दलका उपाध्यक्ष नारायणकाजीले भने, अध्यक्षले त जोक पो गर्नुभा'को त।' न्याय नपाएर गोरखा आउनु भन्ने उखान सुनेर गोरखा आएको बताउँदै उनले भने, 'जोक गरेर जनतालाई हँसाउने काम हामी हास्यकलाकारको कि प्रचण्डजीको ?' उनको यो वाक्य टुङ्गिन नपाउदै खेलमैदान हाँसोले गुञ्जयमान भयो।

आर्थिक विकासको आधार, पर्यटन, उद्योग र व्यापार भन्ने नाराका साथ शुक्रबार सुरु भएको महोत्सवको तेस्रो दिन उस्तै हँसाए हास्यकलाकार दीपकराज गिरी र दीपाश्री निरौलाले। माइक पक्रिएलगत्तै केही समय सांकेतिक रुपमा हात हल्लाउँदै मुख चलाएका दीपकले भने- 'सुन्नुभो ?' दर्शकले भने 'सुनिएन'। 'बोलेको भए पो सुन्नुहुन्थ्यो' गिरीले भने।

दीपासँगको मधेसी मूलको प्रहसन 'धनिया र रामविलास' ले खेलकुद मैदानमा खचाखच भरिएका दर्शकलाई झनै हँसायो। सोही दिन 'आइदेउ घुम्टो उढाइदेऊ' गीतकी गायक रेश्मा सुनुवारले गाउँदा मैदानमा संस्कृतिक कार्यक्रम हेर्न आएका युवायुवती ननाची बस्नै सकेनन्।

गायक हेमन्त शर्माको गीतमा बालकदेखि वृद्धवृद्धासम्म जीउ हल्लाउन व्यस्त रहे। रोज मोक्तानको 'कलकत्ते काइँयो गीतले वान्स मोर पायो। दैनिकजसो हाँस्ने र नाच्ने दर्शकलाई महोत्सवको चौथो दिन भने किरण केसी र शिवहरि पौडेलले भावुक बनाए। डाक्टर र बिरामी बनेका उनीहरूले प्रस्तुतिको सुरुमा हँसाए पनि देशको समसामयिक राजनैतिक खिचातानी प्रस्तुत गर्दै व्यंग्य गरेपछि दर्शकहरू भावुक भएका हुन्।



'म पञ्चातकालमा पनि अपहरणमा परें, बलात्कृत भएँ,' अँध्यारो अनुहार लगाउँदै बिरामी परेका शिवहरिले भने- 'प्रजातन्त्रमा पनि त्यस्तै भयो मलाई, झन् गणतन्त्रमा आइपुग्दा त धेरै पटक भैसक्यो अपहरण, बलात्कार र धम्की'। सुरुमा हाँसो छाएको खेलमैदान चकमन्न बन्यो। यसबीच डाक्टरका सामग्री लिएर तम्सिएका केसीले शिवहरिलाई सोधे- 'तिम्रा छोराछोरी छन् कि छैनन् ?' 'छैनन्, मलाई छोराछोरी जन्माउनु पनि परेको छैन,' उनले भने- 'मलाई डाक्टर बन्नेबित्तिकै जंगल पस्ने छोरा जन्माउनु छैन।'

दर्शकबाट तालीको गडगडाहट छुटिरहेको थियो। 'कुर्सीका लागि देशलाई बबार्दीतर्फ उन्मुख गराउने छोरी मैले जन्माउनुपरेको छैन। नेपाल आमा देशमा शान्ति चाहन्छिन्। उनी अब वाक्क भएकी छिन्। त्यसैले मजस्ता नेपाली आमाका



सपूतलाई अब बलि नचढाऊ।' भनिरहँदा मैदानमा एकनासले तालि बजिरह्यो। 'बन्द गर गोपाल योन्जनका गीतहरू।' दुवै कलाकार प्रस्तुतिका क्रममा जस्ताको तस्तै ठिङ्ग उभिएका थिए। 'देशले रगत मागे मलाई बलि चढाउ, रुँदिनन् मेरी आमा म नेपालीको छोरो...।' चारैतिर राखिएका माइकमा गोपाल योन्जनको गीत बज्न थाल्यो। महोत्सवको अन्तिममा उनीहरूको प्रस्तुतिबाट दर्शकले फरक प्रकारको मनोरञ्जन लिए।

गायक यम बराल, लोकगायक प्रजापति पराजुली, गायिका प्रश्ना शाक्य, दोहोरी गायक कृष्ण देवकोटा, नारायण दानी, सरिता अधिकारी तथा मञ्जु महत जस्ता एक दर्जनभन्दा बढी कलाकारको प्रस्तुतिबाट गोरखाली दर्शकले एक सातासम्म मनोरञ्जन लिए। महोत्सवमा राखिएका सामग्रीभन्दा पनि सांस्कृतिक कार्यक्रम हेर्न जिल्लाका दुर्गम गाविसदेखि लिएर बाहिरी जिल्लाका १ लाखभन्दा बढी मानिस उपस्थित भएका थिए। गत मंगलबार सम्पन्न महोत्सवमा कृषि, घरेलु उद्योगबाट उत्पादित सामग्री, जातीय परिकार एवं व्यापारिक तथा औद्योगिक प्रतिष्ठानका सामग्रीहरू प्रदर्शनीमा राखिएका थियो। महोत्सवमा १ करोडबराबरको करोबार भएको आयोजक नेपाल उद्योग वाणिज्य संघले जनाएको छ।

# महोत्सवले रन्कियो रुम्जाटार



**कुम्भराज राई**

ओखलढुंगा- 'नयाँ नेपाल ऐतिहासिक ठाउँ, घुमिफिरि रुम्जाटार हेर्न जाऊँ' भन्ने मूल नाराका साथ गएको शुक्रबार प्रारम्भ भएको ओखलढुंगा रुम्जाटार सांस्कृतिक पर्यटकीय महोत्सव बुधबार सम्पन्न भएको छ । महोत्सव अवलोकन गर्न ५० हजारभन्दा बढी पर्यटक आएको आयोजकहरूले बताएका छन् । महोत्सवमा जिल्लास्तरीय भलिबल प्रतियोगिता, दोहोरी प्रतियोगिता, स्वास्थ्य शिविरजस्ता कार्यक्रमहरू सञ्चालन गरिएका थिए ।

लाहुरे समुदायका गुरुङहरूको बस्ती रहेको रुम्जाटारका धेरै स्थानीय बासिन्दा वर्षौंपछि महोत्सव हेर्नकै लागि आफ्नो गाउँ फर्किएका थिए । स्थानीय परिकार ढिंडो र फाँडो स्टलका आकर्षण थिए भने उक्त अवसरमा प्रधानमन्त्रीले समेत ढिंडो र फाँडो खाएका थिए । महोत्सवमा संकलन गरिएको रकमले रुम्जाटारमा संग्रहालय बनाउने योजना रहेको आयोजक समितिका अध्यक्ष टेकबहादुर गुरुङले बताए । महोत्सवमा १ सयवटा स्टल राखिएका थिए, जसमध्ये स्थानीय उत्पादन राडिपाखी, हातेसामग्री, बाँसका सामग्री तथा कृषि प्रदर्शनी मुख्य आकर्षण बनेका थिए ।

### कलाकारले तताए दर्शकलाई

पुसको चिसो सिरेटोसँगै रुम्जाटारमा जम्मा भएका ५ हजार दर्शकमाझ बद्री पंगेनी, शिला आले र संगीता थापाले शनिबार साँझ नौ बजेसम्म ससुरालीमा गीत गाएर दर्शकलाई तताएपछि दर्शकको राष्ट्रिय कलाकार हेर्ने तथा उनीहरूको गीत सुन्ने इच्छा पूरा नहुँदै त्यस दिनको कार्यक्रम सकियो ।

आइतबार १ बजे महेन्द्र पुलिस क्लबका कलाकारहरूको नृत्य तथा रुम्जाटारकै पर्मेली मेलोको रोपारानी भाकामा स्थानीय कलाकारहरूले नृत्य प्रस्तुत गरेपछि सांगीतिक कार्यक्रम प्रारम्भ भयो । सुरुमा देखिइन् पपगायिका नलिना चित्रकार । टेलिभिजनमा मात्र देखिएकी नलिनालाई आफ्नै सामु देखेपछि जोडदार हुटिङ सुनियो । 'पानी-पानी भयो मेरै मन पनि' गीत गाइसकेपछि नलिनाले 'चाहिँदैन हीरा र मोती' गाइन् । दर्शकहरू छमछमी नाच्न थाले । पालो आयो बद्री पंगेनीको । अघिल्लो दिन पनि दोहोरीबाट धीत नमरेका दर्शकले बद्री पंगेनी स्टेजमा आएपछि सुइसुइको हुटिङसहित स्वागत गरे, तर दर्शकहरूको सोचविपरीत पंगेनीले स्टेजबाट तलै झरेर बूढी भैसकेका गुरुङसेनीहरूको हात समाएर नाच्दै 'लाऊ चेली सिंदुर लाऊ, निको पार हृदयको घाउ र अझै नि गणतन्त्र आ'को छैन है' गीत गाए ।

बीचबीचमा मोडल तथा नृत्यांगना सम्झना बुढाथोकीको नृत्यले पनि दर्शक तताउन छोडेन र पालो आयो रुम्जाटारकै कलाकार मौसमी गुरुङको । 'चोरेर लग्यो यो मन उसैले' गीतसँगै मौसमी स्टेजमा देखिन् । गीत नसकिँदै विद्युत् गएपछि मौसमीले त्यो गीत पूरा गाउन सकिनन् । लगत्तै च्याङ्बा गीत गाएर मौसमी पनि बिदा भइन् ।

साँझ झमक्कै परिसकेका कारण धेरै दर्शकले तीन दिनदेखि कुरेका कलाकार भने स्टेजमा निस्किएकै थिएनन् । जब उनको पालो आयो र दर्शन नमस्ते भन्दै राजेशपायल स्टेजमा पुगे तब युवापुस्तालाई स्वयंसेवकहरूले पनि रोक्न सकेनन् । राजेश पायलले दर्शन नमस्तेसँगै 'शिरैफूल शिरबन्दी, बैगुनी रै'छौ मायालु, नौजाले मायाले, निष्ठुरी मायाले रुवायो' लगायत आफ्ना चर्चित १७ वटा गीत नबिसाई गाए । दर्शकहरूको वान्स मोरले नछोडेपछि राईले नाच्दै आफ्ना गीतहरू गाएका थिए भने दर्शकहरू पनि पुसको जाडो बिर्सेर ज्याकेट सर्ट सबै खोलेर फाल्दै थिए ।

असिनपसिन हुँदै सत्रौं गीत सकिने क्रममा स्टेजअगाडि माथि जताततै दर्शकहरू चढ्न खोजेपछि पुलिसले लाठीचार्ज गर्न खोज्यो, तर महोत्सव आयोजक समितिका अध्यक्ष, महासचिव आदि आफैं लागेर भीडलाई नियन्त्रणमा लिने काम गरे । राजेशपायलले गीत गाउँदा तीन वर्षका दुई शिशुदेखि लिएर ७५ वर्षीया वृद्धासमेत स्टेजमा नाचेको आकर्षक थियो । राइइज किङ भन्दै दर्शकहरूले हुटिङ गर्दागर्दै राजेश बिदा भएपछि फेरि स्टेजमा बद्री, शिला र संगीताकै पालो आयो । पछ्यौरीलेऊ बैना, खोटाङ जिल्ला दिक्तेल बजारजस्ता गीतसँगै राति अबेरसम्म झुमेपछि कार्यक्रम सम्पन्न भयो ।

## महोत्सवमा सांस्कृतिक कार्यक्रम

बुटवल- 'राजु परियारको दोहोरीमा धीत मरुन्जेल नाच्नकै लागि आएको,'- भैरहवाबाट बुटवलको प्रदर्शनीमा आएकी प्लस टु अध्ययनरत नीलिमा केसीले भनिन्- 'दोहोरीमा नाच्नुको मज्जा नै बेग्लै हुन्छ ।' 'म त रामचन्द्रको फ्यान, उनको गीतमा रमाउन छोड्दिनँ,'- बुटवल कालिकानगरका सन्दीप पुन उत्साहित हुँदै भन्छन् । नीलिमा र सन्दीपजस्तै बुटवलमा जारी राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा पर्यटन महोत्सवमा आउने अधिकांश दर्शकको आकर्षण राष्ट्रियस्तरमा चर्चित कलाकारको प्रस्तुति एवं सांस्कृतिक कार्यक्रममा छ ।

वर्षमा एकपटक मात्र हुने महोत्सवमा दर्शकहरू प्रदर्शनी अवलोकनभन्दा कलाकारहरूको नाचगान, किनमेल, रेस्टुराँ तथा विद्युतीय पिङमा रमाएका छन् । एक साता सुरु भएको महोत्सवमा राजु परियार, पुरुषोत्तम न्यौपाने, देविका



केसी, रामचन्द्र काफ्ले, हेमन्त शर्मा, विमलराज क्षेत्री, तोलाचन ठकुरी आदि कलाकारले संगीतपारखी दर्शकलाई आ-आफ्नो प्रस्तुतिमार्फत पर्याप्त मनोरन्जन प्रदान गरेका छन् ।

यसबाहेक विभिन्न जिल्लाका दोहोरी टिमको रोमाञ्चक घम्साघम्सीले दर्शकलाई साँझ अबेरसम्म महोत्सवस्थलमा बाँधेर राखेको छ । विद्यालयस्तरीय लोकनृत्य, प्रदर्शनी आइडलका प्रतियोगी एवं स्थानीय कलाकारको प्रस्तुतिले पनि प्रदर्शनीमा रौनक थपेको छ । 'स्वदेशी सामान प्रयोग गरौं नेपाली हुनुमा गर्व गरौं' नाराका साथ रुपन्देही उद्योग संघको आयोजनामा बुटवल-१२ रामनगरस्थित बुटवल मण्डपको मैदानमा भएको प्रदर्शनीमा कलाकारको नाचगानमा रमाउन रुपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा र अर्घाखाँचीसम्मका हजारौं दर्शक ओइरिएका छन् ।

स्वदेशी उत्पादन एवं प्रविधिको प्रदर्शन एवं बजार प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित महोत्सवमा स्वदेशी औद्योगिक उत्पादन, कृषि, हस्तकला, गार्मेन्ट, घरेलु तथा महिला उद्यम र स्थानीय पर्यटन प्रवर्द्धन आदिका ३ सयभन्दा बढी स्टल राखिएका छन् । यस्तै महोत्सवमा बालमनोरन्जनका लागि बालउद्यान, विद्युतीय पिङ, सर्कस र जादु पनि उपलब्ध छन् ।

**-टोपराज शर्मा**

# न्यू इयरमा क्याम्पिङको मज्जा

**त्रिभुवन पौडेल**

पोखरा-चिसो मौसममा झन् चिसो ठाउँ । वरवर खुल्ला चौर र जंगल । रातभर आगोको राप । त्यही आगोमा पोलेको मासु । इच्छाअनुसार ह्विस्की-बियरको चुस्की । साउन्ड सिस्टम पनि लिएर गए डान्स पार्टी पनि बन्न सक्छ त्यो स्थल । सुत्नका लागि खुला चौरमै तयार छ टेन्ट । हो, यस्तै मज्जा हुन्छ क्याम्पिङमा । नयाँ वर्ष मनाउने तयारीमा घोत्लिरहेकाहरूका लागि क्याम्पिङ उपयुक्त उपाय हो । त्यसका लागि सम्भवतः नेपालकै उत्कृष्ट ठाउँ हुन्– कास्कीका रमणीय गाउँहरू । एउटा सानो झोला । त्यहीभित्र हुन्छ टेन्ट अनि स्लिपिङ ब्याग । पहिलो पटक जानेहरू अचम्ममा पर्छन्, किनभने त्यही सानो ब्यागभित्र रात कटाउने घर (टेन्ट) तयार हुन्छ ।

'सबै कुरा बिर्सेर रमाउने, अनि बिहान उठ्नेबित्तिकै हिमालको शिरमा घाम झुल्किएको हेर्न पाइने,' क्रिसमसमा कालिका गाविसको ठूलाकोटमा क्याम्पिङ गरेर फर्किएका पोखराका पत्रकार अनिल अधिकारीले भने- 'पहिलो पटकको क्याम्पिङ जीवनकै उत्कृष्ट क्षण बन्यो ।' अनिल पनि सानो ब्यागभित्र अटेका सामानले नै दुई जना अटाउने टेन्ट तयार भएकोमा दंग परे । कास्कीमा क्याम्पिङका लागि सबैभन्दा चर्चित काँडेमाथिको अस्ट्रेलियन क्याम्प हो । वरपरका घान्द्रुक, धम्पुस, पुम्दीभुम्दी, कालिका, मट्टिखान, सिक्लेस, निर्मलपोखरी, भरतपोखरी,



अर्मलाकोट, काहुँ आदि गाविस क्याम्पिङका लागि प्रसिद्ध छन् । पोखराको लेकसाइडमा क्याम्पिङका लागि चाहिने आवश्यक टेन्ट मात्र होइन, लुगाहरूसमेत भाडामा दिने (ट्रेकिङका सामग्रीका) दर्जनौं पसल छन् । क्याम्पिङ जाँदा आफूलाई चाहिने परिकार आफैंले लानुपर्छ । चामल, तरकारी र लोकल कुखुरा वा खसी भने गाउँमै किन्न सकिन्छ । दाउरा पनि गाउँमै किन्न पाइन्छ ।

ट्रेकिङ व्यवसायी टीकाराम सापकोटा एक-दुइ दिनको क्याम्पिङ जाने क्रम नेपालीहरूमा पनि बढेको बताउँछन् । सापकोटा भन्छन्- 'क्याम्पिङ्ग भनेकै वाइल्डरनेस फिल गर्नु हो । लजमा सुत्नुभन्दा चौरमा क्याम्प गरेर सुत्दा मानिसले आफैंलाई साहसी अनुभव गर्न सक्छ ।'

ट्रेकिङ एजेन्सीहरूलाई सम्पर्क गरेर क्याम्पिङ गए नेपालीलाई थोरैमा प्रतिव्यक्ति २ हजारसम्ममा एक रातको खर्च टर्छ । उक्त रकम ठाउँ (नजिक र टाढा) तथा खानेकुराको विविधताअनुसार फरक पर्छ । विशेषतः बिदेशीहरू लामो ट्रेकिङमा जाँदा १५-१६ दिनसम्मै क्याम्पिङ गर्छन् । 'अनकन्टार, वरपर घर नभएको ठाउँ र एकान्त महसुस गर्न उनीहरू लजभन्दा टेन्टमै सुत्न मन पराउँछन्,' ट्रेकिङ एजेन्ट्स एसोसियसन अफ नेपालका पूर्व-पश्चिम क्षेत्रीय अध्यक्ष सापकोटाले भने । प्रायः जाडो ठाउँमै हुने भएकाले क्याम्पिङ जानुपहिले आफूलाई चाहिने आवश्यक न्यानो कपडा तथा सामान्य औषधीको जोहो गर्नु राम्रै हुन्छ ।

प्रायः नेपालीहरू टेन्ट, स्लिपिङ ब्याग भाडामा लिएर, खाद्यान्न आफैंले किनेर क्याम्पिङ जान्छन् । दुई दिन अस्ट्रेलियन क्याम्पको क्याम्पिङमा बिताएर फर्किएका पोखरा बगरका राजु कोइरालाले नयाँ वर्ष मनाउने फरक स्वाद क्याम्पिङबाट पाएको बताए ।

## क्रिसमस इभ फेसन



**साप्ताहिक समाचार**

काठमाडौं- क्रिसमसको अघिल्लो रात सुन्धारास्थित काठमाडौं मलको छतमा चिसो सिरेटो चलिरहेको थियो । डिजे एनकेले म्युजिक बजाउन थाले अनि स्लिभलेस वेयरमा मोडलहरूको लस्कर लागेपछि दर्शकहरू उनीहरूलाई हेरेरै भए पनि तात्न थाले । कोरियोग्राफर आयुशा राईले ठमेल वेयर, स्कर्ट, पार्टी वेयरलगायत छवटा सिक्वेन्समा मोडलहरूलाई र्‍याम्पमा हिंडाइन् । साँझ ७ बजे आरम्भ भएको फेसन सोको बीच-बीचमा म्युजिक ब्रेक भन्दै गीतहरू प्रस्तुत गरिए । एटिम अडियो भिडियोको आयोजनामा सम्पन्न 'क्रिसमस इभ'को अन्त्यमा डिजे एनकेले विभिन्न डान्सिङ गीतहरू बजाएर सबैलाई नचाएका थिए । राति १२ बजेसम्म चलेको उक्त कार्यक्रम क्रिसमसको शुभकामना आदानप्रदान गर्न आयोजना गरिएको आयोजक नसिम खानले बताए ।



## छिरिङलाई मिस टिन तामाङको उपाधि

**साप्ताहिक समाचार**

गत शुक्रबार नेपाललगायत विश्वभरि नै क्रिसमसको चहलपहल देखिन्थ्यो । जतिखेर मेरी क्रिसमस भन्दै क्रिसमसको शुभकमना साटासाट भैरहेको थियो, त्यतिखेर नै जमलस्थित राष्ट्रिय नाचघरमा १७ जना तामाङ किशोरी मिसन टिन तामाङ उपाधिका लागि प्रतिस्पर्धा गर्दै थिए । तामाङ समुदायको वेशभूषामा सजिएका प्रतिस्पर्धीहरूले नृत्य प्रशिक्षक आमिर दोङको सिकाइअनुसार स्वागत नृत्य प्रस्तुत गरेलगत्तै मातृभाषामा आ-आफ्नो परिचय दिए । परिचात्मक चरणपछि बेस्ट ड्रेस राउन्डका लागि मञ्चमा देखा परेका सबै प्रतिस्पर्धीले इभिनिङ गाउनमा आफ्नो प्रस्तुति दिएका थिए । इभिनिङ गाउनको थिमअन्तर्गत बेस्ट ड्रेस राउन्डमा ग्लोबल वार्मिङबाट प्रकृतिमा परेको प्रभाव र त्यसबाट प्रकृतिलाई जोगाउनुपर्ने सन्देशसहितको पहिरनमा प्रस्तुत भएकी रविना योञ्जन लामाले वेस्ट ड्रेसको उपाधि हात पारिन् ।

उक्त प्रतियोगिताका टपटेन हुँदै अन्ततः अन्तिम पाँचमा पुगेकाहरूमध्येबाट छिरिङ डिकी मोक्तान लामाले मिस पर्सनालिटीसहित मिस टिन तामाङको उपाधि हात पारिन् ।

# अन्तर्राष्ट्रिय हात्तीदौडले चितवन महोत्सवमय



**प्रवीण दत्त**

तेस्रो पर्यटकीय नगरी सौराहा यो साता सबैको आकर्षणको केन्द्र बन्यो । प्राय: विदेशी पर्यटकले भरिभराउ रहने यो क्षेत्रका पर्यटन व्यवसायी निकै बेफुर्सदिला बने । यो क्षेत्रमा आउने पर्यटकका लागि मुख्य आकर्षण हात्तीहरू केही दिन जंगल गएनन् । उनीहरूलाई विगत दुई सातादेखि मीठा अनि तागतिला परिकार ख्वाएर तन्दुरुस्त पारिएको थियो ।

सधैंजसो पर्यटक बोकेर जंगल डुल्ने भीमकाय शरीर भएका हात्तीहरू यो साता पर्यटक बोक्न नभै एकआपसमा प्रतिस्पर्धात्मक रूपमा लड्न तयार देखिन्थे । जंगलमा पर्यटक घुमाउन लगेपछि ती हात्ती एक-आपसमा अरूलाई पछाडि पार्दै हिंड्थे तर यो साता उनीहरू त्यसो नगरी एक-आपसमा दौडको माध्यमबाट आफू अब्बल रहेको देखाउन प्रतिस्पर्धामा उत्रिएका थिए । सौराहा आउने पर्यटकलाई अन्य जंगली जनावर देखाउन मुख्य भूमिका निर्वाह गर्दै आएका यी हात्तीलाई विशेष किसिमले सजाइएको थियो ।

विदेशी पर्यटक मात्र होइन, स्वदेशीको समेत आकर्षणमा रहेका यी हात्तीले गत साता दिनमै ३ क्विन्टल उखु खाएर आफूलाई फुर्तिलो बनाएका थिए । दौडमा फुच्चे हात्तीदेखि ४० वर्षसम्मका हात्ती सहभागी थिए । विगतका वर्षहरूमा आफ्नो वर्चस्व छोड्न सफल फुच्चे हात्तीहरूलाई यसपटक माथ दिए वयस्क हात्तीले ।

ह्याट्रिक विजेता जंगबहादुरगजको निधन भएपछि गत वर्षका विजेता लक्कीकलीले यसपटक पनि उपाधि चुम्ने निष्कर्ष धेरैको थियो । कसैको विचार थियो रूपकलीले जित्छ त कोही लक्ष्मीकलीले जित्ने ठोकुवा गर्दै थिए, तर यी सबै अनुमानलाई पछाडि पार्दै छैटौं अन्तर्राष्ट्रिय हात्तीदौडको उपाधि चुम्न सफल भइन्- चम्पाकली । घरेलु टिम होटल बाराहीबाट प्रतिनिधित्व गरेकी चम्पाकलीले निर्धारित दूरी १ मिनेट १५ सेकेन्डमा पूरा गरेकी थिइन् ।

त्यसैगरी दोस्रो स्थानमा घरेलु टिमबाट सहभागी मायाकलीले कब्जा जमाइन् । उनले उक्त दूरी १ मिनेट १९ सेकेन्डमा पार गरिन् । मायाकलीले घरेलु टिम मनकामना दर्शन प्रालिबाट प्रतिनिधित्व गरेकी थिइन् । त्यसैगरि तेस्रो स्थानमा चित्त बुझाइन् चितवन राष्ट्रिय निकुञ्जबाट सहभागी भएकी पृथ्वीकलीले । चितवनको प्रतिनिधित्व गरेका कारण पनि उनलाई धेरैले रुचाए ।

विश्वमै वन्यजन्तु अवलोकन एवं जंगल सफारीका लागि प्रसिद्ध सौराहाको बाघमारा सामुदायिक वनको चौरमा आयोजित प्रतियोगितामा विदेशबाट थाइल्यान्ड, स्लोभोकिया, जर्मनी, युके तथा युएईको गरी १० वटा टिमले सहभागिता जनाए भने ११ वटा घरेलु प्रतिष्ठान हात्ती प्रतियोगितामा सहभागी थिए । २० वटा हात्ती सहभागी भएको यो प्रतियोगितामा ३ सय मिटर लामो दूरी सबैभन्दा छोटो समयमा ओहोरदोहोर गर्ने हात्ती नै प्रथम हुन्छ । प्रतियोगिता तिन दिनसम्म चलेको थियो ।

प्रतियोगिता हेर्न स्थानीय दर्शकदेखि विदेशी पर्यटकको घुइँचो नै लागेको सौराहा यसपटक गत वर्षको तुलनामा निकै व्यवस्थित थियो । प्रतियोगिता स्थलमा दर्शकले निकै उमंगले आ-आफ्नो पक्षका खेलाडी हात्तीलाई उक्साएका थिए । यस पटक विदेशीभन्दा आन्तरिक दर्शकको संख्यामा निकै वृद्धि भएको हात्तीदौडका संयोजक शंकर सैंजूले बताए ।

उक्त अवसरमा हात्ती दौडसँगै गोरुगाडा र टाँगादौड प्रतियोगितासमेत भएको थियो । प्रतियोगितामा २१ वटा टाँगा र २० गोरुगाडाबीच प्रतिस्पर्धा गराइएको थियो । त्यसअन्तर्गत टाँगा दौडको उपाधि ईको वाईल्ड लाइफका सञ्जय साहको आठ वर्षीय घोडाले हात पार्‍यो भने दोस्रो र तेस्रो स्थान क्रमश: चितवन वाइल्ड लाइफका हिरो पावे तथा होटलर वाइल्ड होराइजनका रामबाबु शाहले आफ्नो पोल्टामा पारे । त्यसैगरी गोरुगाडाको उपाधि स्थानीय सफारी एडभेन्चरका बाबुराम महतोले जिते । दोस्रो र तेस्रो स्थान टाइगर एजेन्सीका डिमर महतो र गोर्खा हाम्लेटका चित्रा महतोले आफ्नो पोल्टामा पारे । डुंगादौडको उपाधि भने राप्ती डुंगा यात्रा प्रालिका ऋषिराम बोटेले चुमे ।

प्रतियोगिताको उपाधि विजेताहरूलाई ट्रफीस्वरुप हात्तीको प्रतिमा प्रदान गरियो भने माहुतेलाई नगदले पुरस्कृत गरिएको थियो । प्रतियोगिता स्थलमा हात्तीको क्रियाकलाप क्यामेरामा कैद गर्न विदेशी पर्यटकको ओइरो नै लागेको थियो ।

## छावा फुटबल उपाधि किस्ट बैंकलाई



चितवन- गोल-गोल भन्दै दर्शकले हौस्याउँदा पनि कुनै पक्षबीच गोल हुन नसकेकोमा सबै निराश भैसकेका थिए । तर केही समयको अन्तरालपछि नै लभप्रसादले आफ्नो अजङ्गको खुट्टाले हिर्काएको बल विपक्षीको गोल पोस्टमा प्रवेश गर्नेबित्तिकै हजारौं दर्शकको हुटिङले बाघरमारा चौर नै गुञ्जायमान भयो ।

चितवन, सौराहास्थित बाघमारा वनको चौरमा गत साता, हात्तीका छावाबीचको फुटबल प्रतियोगिता सुरु हुनुअगावै सुभद्रा अधिकारी भन्दै थिइन्- 'हात्तीले पनि फुटबल खेल्छ त ?' उनी जीवनमा पहिलो पटक हात्ती दौड र हात्ती फुटबल खेलको अनुभव सँगाल्न सौराहा आएको बताउँदै थिइन् । हात्तीका छावाबीचको फुटबल यो महोत्सवअन्तर्गत सबैभन्दा बढी मन पराइएको प्रतियोगिता हो ।

७० मिटरको मैदानमा दुई समूह बनाएर प्रतियोगिता गराइएको थियो । प्रतियोगिता चार-चार हात्तीका छावाबीच भएको थियो । प्रतियोगिताको उपाधि भने किस्ट बैंकका छावाले जिते । किस्टले डिसिबिएल बैंकका छावालाई ० को विरुद्ध २ गोलले पराजित गर्‍यो । हात्तीमा बसेका माउतेको मद्दतले प्रतियोगी छावाले आफ्नो सुड र अजंगको खुट्टाले फुटबललाई विपक्षीको गोलपोस्टमा प्रहार गर्दा अर्को आफ्नै टिमका छावाले गोल रोक्न पनि भ्याएका थिए । मानिसले खेल्ने खेल जनावरलाई प्रशिक्षण दिए उनीहरूले पनि खेल्न सक्छन् भन्ने कुरा प्रमाणित भएको छ- ध्रुव लम्सालले बताए । अजंगको शरीर भएको जनावरले पनि खेल्न सक्दो रहेछ भन्ने कुरा कतिले नपत्याएकोमा यसले त्यसलाई चुनौती दिएको महोत्सवका सदस्य-सचिव दामोदर रेग्मीको तर्क थियो । गत वर्ष रोमाञ्चका लागि मात्र खेलाइएको फुटबल यसपटक भने प्रतियोगिताकै रूपमा सम्पन्न गराइएको थियो । प्रतियोगितामा किस्ट बैंक, डिसिबिएल बैंक, मोरङ अटो वर्क्स तथा चौधरी ग्रुपले भाग लिएका थिए ।



## व्यापारिक मेलामा कम्लहरीको कला

**दुर्गालाल केसी**

**दाङ-** आजभोलि लमही बजार झकिझकाउ छ । चारैतिर गीत-संगीतको रौनक अनि विभिन्नखाले वस्तुहरूको प्रदर्शनी । स्थानिय कृषिजन्य उत्पादित वस्तुको बजारीकरण र प्रबर्द्धन गर्ने उद्देश्यले लमहीमा सुरु भएको ११ दिने व्यापार मेलाको मुख्य आकर्षण बनेको छ मुक्त कम्लहरीहरूको कला ।

मेलामा दाङका मुक्त कम्लहरीहरूले तयार पारेका विभिन्न कलात्मक सामग्रीको छुट्टै स्टल छ । विगतमा अर्काको घरमा दासतापूर्ण जीवन बिताएका कम्लहरीले अहिले स्वराजगोरमूलक तालिम लिएर विभिन्न हस्तकलाका सामग्री बनाएका छन् । घरमा दैनिक प्रयोग हुने अत्यावश्यक सामानका साथै विभिन्न घर सजावटका सामग्री पनि बाँसबाट बनाइएको छ । बाँसबाट बनाइएका ढकिया, फोटो फ्रेम, पेन होल्डर, सिडी बक्स, टोकरीजस्ता सामान मेलाको मुख्य आकर्षण बनेका छन् । गाउँघरमै पाइने बाँसबाट निर्माण गरिने भएकाले यो कला निकै सजिलो भएको मुक्त कम्लहरीहरूको भनाइ छ । ती सामग्री २ सयदेखि ५ सयसम्ममा बिक्री भैरहेका छन् ।

मेलामा राखिएका हस्तकलाबाट कम्लहरी सीपको प्रचार हुने मेला आयोजकहरूको भनाइ छ । 'एकातिर कम्लहरीको सीपका सम्बन्धमा सबैलाई जानकारी हुनेछ भने अर्कातिर आर्थिक रूपमा पनि सहायता मिल्नेछ,' आयोजक लायन्स क्लब अफ लमहीका अध्यक्ष वसन्त केसीले भने, 'मेलाको मुख्य आकर्षण नै कम्लहरी कला बनेको छ ।' दाङमा ५ हजार बढी मुक्त कम्लहरी छन् । उनीहरू कुनै न कुनै हस्तकला व्यवसायमा लागेका छन् ।

'हाम्रो देउखुरी, हाम्रो गौरव' भन्ने नाराका साथ सुरु भएको मेलामा १५ कृषिजन्य तथा अन्य हस्तकलाका गरी विभिन्न ६० वटा स्टल राखिएको छ । एम्बुलेन्स सञ्चालन गर्ने उद्देश्यले आयोजना गरिएको व्यापारीक मेलामा स्थानिय स्तरमा उत्पादन गरिएका तरकारी, लोपोन्मुख बाली तथा जडिबुटीहरू पनि प्रदर्शनीमा छन् ।

गाउँगाउँबाट खोजेर किसानहरूले जडिबुटीको प्रदर्शनी गरेका छन् । आधुनिक औषधीहरूको प्रयोग बढिरहेका बेला जडिबुटीहरूको प्रदर्शनीले घरायसी औषधीको प्रचार हुने आयोजक क्लबको दाबी छ । स्थानीय स्तरमा उत्पादित कुरिलो, हर्रोबर्रो, दालचिनी, सर्पगन्धा, धतुरो आदि जडिबुटीहरू प्रदर्शनीमा राखिएको छ । त्यस्तै मेलामा विज्ञान र प्रविधिका स्टलहरू सबैभन्दा बढी छन् ।

झन्डै २५ लाख संकलन गर्ने लक्ष्य राखिएको मेला १ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने मेला आयोजक लायन्स क्लबका अध्यक्ष केसीले जानकारी दिए । मेला हेर्न आएका दर्शकहरूलाई मेलाका स्टलहरूका साथै पर्यटकीय स्थलहरूको पनि अवलोकन गराइने उनले बताए । देउखुरीमा जखेरा ताल, रिहारको बगार बाबा मन्दिरजस्ता पर्यटकीय स्थल छन् । यो मेला पुस २१ गतेसम्म चल्नेछ ।

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

के तपाईंमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरूमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरूमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा, उदासिपन, मानसिक डर, भय, दिमागको बोधोपन ।
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१-५३९१९४
बुटवल – ०७१-५४८८९३
भरतपुर – ०५६-५२०९६८
इटहरी – ०२५-५८४०८८
दाङ– ०८२-५६२९८३,
हरिओन सर्लाही – ०४६-५३०४८४
हेटौडा – ०५७-५२६०४६
सप्तरी, फत्तेपुर – ०३१-५५०११२

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple (Rose Sunscream Free)
मुहारको दाग धब्बा हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
म्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने
No Side effect 100% Guaranteed
केश
झर्ने तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- After
आस्था हेल्थ केयर
काठमाडौं गोशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

GAS GEYSER
३ सेकेण्डमा पानी तात्ने Rs. 4000/-
2 Years Warranty
25% Discount
Water Filter, Solar, Chimney
Free Home Delivery & Fitting
स्मृति ट्रेडर्स, बबरमहल
Ph: 4244756, 9841344804

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook
✧Waiter
✧Bartender
✧Housekeeping
✧Front Office
✧Coffee Making
✧Bakery
✧Caregiver
✧Hotel Mgmt.
✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation)
✧Abacus, Amadeus, Galileo, e-ticketing
✧Travel Operation
✧Tour & Travel Mgmt
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
✧Abroad Study- UK, USA, Australia, Japan
Language: English & Japanese
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

## ● सन्देश ●

सोना, गंगा, केशु, आस्था, लक्ष्मी, एलिसा, विजय, जेक्स, प्रसिद्ध, सन्देश, इशाक, सामेल, आर्यनलगायत मेरो परिवार, आफन्त तथा लुभु खिस्टियन चर्चका सम्पूर्ण विश्वासीजनलाई क्रिसमसको शुभकामना ।

**सोनी**

मेरो परिवार, आफन्त, साथीहरूलगायत लुभु खिस्टियन चर्चका सम्पूर्ण विश्वासीजनमा क्रिसमसको शुभकामना ।

**रत्न**

नववर्ष २०१० को उपलक्ष्यमा गीतकार भूपेन्द्र खड्का तथा दिदी अन्जु र भान्जीमा सुख, शान्ति, दीर्घायु, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना गर्दै निर्माणधीन चलचित्र स्वरको सफलताको कामना गर्दछु ।

**कमल**


नववर्ष २०१० को पावन अवसरमा आमा, दाइहरू बल, खड्ग, भाउजु गीता, उजेली, भाइहरू वसन्त, विनोद, बुहारी सोनु, बहिनी माया, भतिजा-भतिजिहरू कृष्ण, सोविता, सुवास, शिव, विजेन, पूर्णिमा तथा भान्जा-भान्जी साथै श्रीमती कमला, छोराछोरी अंकित एवं अंकितामा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना ।

**कमल**

मनमुटुका मित्रहरू कान्छी, इन्दिरा, सुदेश तथा उमेर, तपाईंहरू सबैलाई जन्म दिनको लाखौंलाख शुभकामना ।

**कल्पना साङपाङ**

दिदी रूपा, हजुरको २४ औं जन्मदिनको मंगलमय शुभकामना ।



## सूचना

**१४ फेब्रुअरी अर्थात् फागुन २ गते विश्वभर मनाइने प्रेमदिवसका अवसरमा आफ्ना प्रेमी-प्रेमिका र आफन्तजनहरुलाई साप्ताहिकमार्फत शुभकामना सन्देश पठाउन चाहनुहुने पाठक एवं शुभचिन्तहरुले आफ्नो सन्देश साप्ताहिकको कुपनसहित माघ २२ गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन यो सूचना जारी गरिएको छ ।**

तपाईंका हरेक पाइलाले लक्ष्य चुम्ने सिढी उक्लँदै जाउन् र ओठहरू सधैं मुस्कुराएको देख्न पाऊँ । भित्री हृदयदेखि शुभकामना छ ।

**भाइ हेमन्त**

गुरुङहरूको महान चाड ल्होछार/तमुको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण तमु-गुरुङहरूलाई सुख शान्ति अनि सुस्वास्थ्य तथा दीघार्युको मंगलमय शुभकामना ।

**टासी लामा**

मेरो प्यारो जन्मभूमि संखुवासभाका सम्पूर्ण गुरुङ तमु बन्धुहरू अनि मत्स्यपोखरी-२ का गुरुङ परिवार साथमा साथीहरू प्रविन, विकास, कमल, अचित, सन्तोष सबैको मनोकामना पूरा होस्, जीवनमा सुख, शान्ति, छाओस्– हयाप्पी ल्होछार ।

**युवानसिंह गुरुङ**

तमु-गुरुङहरूको महान चाड ल्होछारका अवसरमा इटहरीवासी सम्पूर्ण गुरुङ, इटहरी-४ स्थित बौद्ध गुम्बाका सञ्चालकहरू अनि पवान, केशर एवं अर्जुनलाई लाखौं लाख शुभकामना ।

**टासी लामा**

सुकमित, तिम्रो शीघ्र स्वास्थ्यलाभको कामना । तिमी बिरामी परेको कुरा सुनेर चिन्तित छु । छिट्टै निको भएर भेट्न आऊ । तिमीलाई हेर्न मन लागेको छ ।

**विष्णु**

## जीवनको गोरेटोमा

# जीवन दुखेको छ



तिमी भन्थ्यौ, 'जीवनको गोरेटोमा दुःख आइपर्‍यो भने त्यतिबेला मलाई सम्झनु । तिम्रा दुःख मेरो सम्झनामा हराउनेछन् र तिमीमा संघर्ष गर्ने आँट आउनेछ । जीवन संघर्ष हो, त्यसैले समस्यासँग डराएर भाग्ने होइन, हामीले धेरै समस्यासँग लड्नुपर्छ, गन्तव्यमा पुग्नका लागि । जति दुःख गर्नुपरे पनि तिमी र बाबा-आमालाई सधैं साथ र खुसी दिनु मेरो कर्तव्य हो । कुमालेको चक्र घुमेझैं घुम्दै जाँदा हाम्रो जीवनको कुनै एक पाटोमा सुख र खुसी लेखिएको होला, त्यो दिन हाम्रो परिवारले एउटा चोला फेर्नेछ । त्यसका लागि म कुनै दुःख नभनी संघर्ष गर्छु र हाम्रो परिवारलाई नयाँ जीवन दिन्छु । तिमी राम्रोसँग पढ । जीवनको अन्तसम्म म तिमीलाई साथ दिन्छु । यो मेरो प्रण भयो तिमीलाई । संघर्ष र परिश्रमले जन्माएकी नारी तिमी, तिमीले जीवनमा सफल बन्नुपर्छ, तिमीले पासाङ बन्नुपर्छ, तिमीले हेलेन बन्नुपर्छ । एउटा दाजुको प्रार्थनाले पुगेसम्म तिमीले संसार जित्नुपर्छ । हो सानु, तिम्रो सफलताको दिन मेरो सौभाग्यको दिन हो, खुशीको दिन हो ।'

त्यति बेला म सानो थिएँ, तिम्रा शब्दमा डुब्न सक्दिनथें । अबोध भए पनि तिम्रा शब्दहरूले मलाई शक्ति दिन्थे, तिम्रा शब्दहरूबाट म प्रेरणा पाउँथें । तिम्रा शब्दहरू नै त्यस्ता हुन्थे, जसले हरेक दुःख र अप्ठ्याराहरू सहज बनाइदिन्थे । गरिबीले हामीबीचको दूरी बढाए पनि हामीबीच भावनात्मक सामीप्यता थियो ।

हो, सानो छँदा बाबा-आमाले गाली गर्नुभयो भने खाना नखाई भित्ताभरि के-के लेख्थें, सम्बोधनमा तिमी हुन्थ्यौ । एउटा कुरा याद छ, 'दाइ, तिमीले खायौ कि खाएका छैनौ, मैले त खाएकी छैन । तिमी मलाई भेट्न छिटो आऊ ल । म तिमीबिना अधुरो छु ।' खै मलाई किन त्यस्तो लाग्थ्यो ?

मलाई तिमीमाथि पूर्ण विश्वास थियो । तिमीले जीवनरूपी डुङ्गा तारेर छोड्छौ भन्ने भरोसा थियो, किनभने तिमीले मसँग प्रण गरेका थियौ, परिवारलाई नयाँ जीवन दिन्छु भनेर, जीवनको अन्तसम्म साथ दिन्छु भनेर । समय त अकैतिर घुमेछ कि तिमी समयको विपरीत घुम्यौ ? तिमी त पराईसँग नाता गाँस्नेतिरकै पराइ हुन पुग्यौ । जिन्दगीमा धेरै-धेरै आशा र विश्वास दिएर आखिर घात गर्‍यौ, किन ? शिखर चढ्ने पहिलो खुड्किलोबाटै पछारेको भए त्यति दुख्ने थिएन होला, दुखाइ सहने बानी पर्थ्यो होला, तिमीले त मलाई चुचुरोमा पुग्नै लाग्नासाथ छोडेर पछार्‍यौ, त्यसैले त दुःखेको छ र पनि यो पीडामा तिम्रै सम्झना आउँछ ।

आखिर बिर्सेर जानु थियो भने फूलैफूलमा राखेर किन हुर्कायौ ? काँडामा हिँड्न किन सिकाएनौ ? तिम्रो चर्को बोली पनि सुन्न सक्दिनथें म, तिमीले दिएको यत्रो धोका कसरी सहूँ ? यो दिन देख्नुभन्दा पहिले म किन अन्धो भइनँ, म किन बहिरो भइनँ ? तिमी नआउने खबरले बिझेर झरेका वेदनाहरू होसमा आउँदासम्म सुकिसकछन् । तिमीले बिर्सिएपछि तिम्री 'सानु' एक्लिएकी छ । दिन रात आँखाहरू भिजाइरहेछ । थाहा छ ? तिमीबिना जीवन दुखेको छ ।

asimsanu@yahoo.com

# कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

# साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ....................................................................................

उमेर : ................................. उचाइ : .................................

पेसा : ................................. शिक्षा : .................................

स्वभाव :................................. वैवाहिक स्थिति : .......................

अभिरुचि : .................................वर्ण : .................................

इमेल : ....................................................................................

ठेगाना :....................................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

....................................................................................

....................................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।


## ● साथी ●



हँसिलो स्वभावका विष्णु नेपाली हाल प्लस टु अध्ययनरत छन् । ५ फिट ५ इन्च अग्ला विष्णु गहुँगोरो वर्णका छन् । धेरै साथीसँगी बनाउने अभिरुचि राख्ने नेपाली हालसम्म अविवाहित नै छन् । २० वर्षीय विष्णु मानिसलाई मानिस सोच्ने, जातभातको भेदभाव नगर्ने एवं मिलनसार स्वभावका साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले निजगढ-८, प्रकाशबस्ती, बारामा पत्राचार गर्न सक्नुहुन्छ ।



१८ वर्षीय आकाश चाम्लिङ चञ्चले स्वभावका छन् । दस जोड दुई अध्ययनरत आकाश गहुँगोरो वर्णका छन् । ५ फिट ३ इन्च अग्ला आकाश हालसम्म अविवाहित नै छन् । उनी पत्रपत्रिका र साहित्य अध्ययनमा विशेष रुची राख्छन् । दुःखमा नआत्तिने, सुखमा नमात्तिने, जातभातको भेदभाव नगर्ने, सहनशील, एवं लगनशील साथीको खोजीमा रहेका खोटाङ लफ्पीसाचेका आकाशलाई akashchamling@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।



गहुँगोरो वर्णकी रचना लामा उमेरले १७ वर्ष पुगिन् । ४ फिट ८ इन्च अग्ली लामाले एसएलसीसम्म अध्ययन गरेकी छिन् । गम्भीर स्वभावकी रचना अरूप्रति सहयोगी भावना राख्छिन् । उनी असल स्वभाव, समाजसेवाप्रति रुची राख्ने, विश्वासिलो तथा आफ्नो कुरामा अडिग रहने साथीको खोजीमा छिन् । लामालाई गोरखा नगरपालिका-३ गोरखामा पत्राचार गर्न सकिन्छ ।



अविवाहित अमित उप्रेतीको उचाइ ५ फिट ८ इन्च छ । २५ वर्षीय अमित असल तथा चञ्चले स्वभावका छन् । जागिरे जीवनमा रमाइरहेका अमित हाल स्नातक तह अध्ययनरत छन् । गहुँगोरो वर्णका अमित नयाँ साथी बनाउने अभिरुची राख्छन् । लेकसाइड पोखराका उप्रेती अभिनयमा रुची भएका, कम बोल्ने, पराई नसम्झने साथीको खोजीमा छन् । अमितलाई साथी बनाउन चाहनेहरूले upreetiamit@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ ।



सन्तोषकुमार शाह अहिले २१ वर्षका भए । ५ फिट ४ इन्च अग्ला सन्तोष गहुँगोरो वर्णका छन् । दश जोड दुई अध्ययनरत साह पत्रपत्रिका पढ्न रुचाउँछन् । दुःख-सुखमा साथ दिने र अरूको मर्म बुझ्ने साथीको खोजीमा रहेका सन्तोष अविवाहित छन् । उनलाई बानेश्वर क्याम्पसमा भेट्न सकिन्छ ।



प्रमाणपत्र तह दोस्रो वर्षमा अध्ययनरत चित्रकला तामाङ ५ फिट १ इन्च अग्ली छिन् । उमेरले १८ टेकेकी चित्रकला हाँसेर बोल्ने स्वभावकी छिन् । गहुँगोरो वर्णकी तामाङ अविवाहित छिन् । धेरै साथी बनाउनु उनको अभिरुची हो । एक-अर्काको भावना बुझ्ने, विश्वास दिलाउने र सुख-दुःखमा साथ दिने साथीको खोजीमा रहेकी चित्रकलालाई धरान, चण्डेश्वरी मार्गमा पत्राचार गर्न सकिन्छ ।

● तालुमा आलु ●



प्रकाश ओझा

एउटा व्यक्ति दाह्री कटाउन सैलुन गयो ।

'यो दाह्री काट्दा जति मेहनत गरे पनि रौंहरू अलिअलि देखिइहाल्छ । भाइ कुनै तरिका छैन जसले गर्दा दाह्री जरैदेखि नदेखिने गरी काटियोस्'- ग्राहकले सोध्यो ।

'छ नि हजुर, तर दस रुपैयाँ बढी लाग्छ'- सैलुनवालाले भन्यो ।

'बरु म १० रुपैयाँ बढी दिन्छु राम्रोसँग काटिदेऊ आज विवाहमा जानुछ ।'

सैलुनवालाले दराजबाट दुईवटा सिंगो सुपारी निकाल्यो र दुवै मुखमा राखेर दुवै गालापट्टि च्याप्न लगायो । सुपारी राखेको कारण गाला उठ्यो र सेव गर्‍यो । अब गाला पहिलेको भन्दा धेरै राम्रो र चिल्लो भयो । ग्राहक खुसी भयो र पैसा दिँदै भन्यो-

'धन्यवाद भाइ राम्रो गर्‍यौ तर एउटा कुरा भाइ ?'

'के दाइ ?'

'यदि मैले यो सुपारी भुक्किएर निलेको भए ?'

'भोलि त्याइदिँदा भैहाल्थ्यो नि हजुर अरूले त त्यसै गर्छन् ।'

ooo

चौधरी सरले छोरालाई घुमाउन चिडियाखाना लिएर गए । छोराले हात्तीलाई एउटा बदामको गेडा ख्वायो ।

'एक गेडा अरू पनि खान दे छोरा, आजकाल बिजनेस राम्रो चल्दैछ ।' चौधरी सर जोसका साथ बोले ।

ooo

प्लेन उडिरहेको बेलामा इन्जिनमा गडबडी भयो । आगो लाग्न थाल्यो, ककपिटबाट पाइलट निस्कियो र सबै प्यासेन्जरलाई सान्त्वना दिँदै भन्यो- 'तपाईंहरू चिन्ता नगर्नुस्, म तुरुन्त मद्दत लिएर आउँछु ।'

त्यसपछि उसले प्यारासुट लगायो अनि जहाजबाट हामफाल्यो ।

ooo

## मेरो कुरो

जब भगवान्ले महिला बनाउनुभयो तब शरीरका हरेक भाग मेहनतले बनाउनुभयो, खुबी दिनुभयो..., बारुली कम्मर दिनुभयो, रेशम जस्तो कपाल दिनुभयो, मोतीजस्ता दाँत दिनुभयो, गुलाफजस्तो ओंठ दिनुभयो, हरिणका जस्ता आँखा दिनुभयो, संगमरमर जस्तो शरीर दिनुभयो तर अन्तिममा छुरीजस्तो चल्ने जिब्रो दिएर सबै गरेको मेहनतलाई खोलामा बगाउनुभयो ।

● कविता ●



## त्यागनुपर्छ

इर्स्या, द्वेष, रीस, घृणा अब त्याग्नुपर्छ
स्वर एकसाथ अनेक संगीतमा लाग्नुपर्छ
रित्तिन्छ जिन्दगानी एक दिन मानिसको
राष्ट्रियताको सवालमा एक भै जाग्नुपर्छ
जनावर हैन मान्छे इन्सान हो इन्सान
कुल कुटुम्ब हेरी अब छोरी माग्नुपर्छ
मान्छे हो, मान्छे धरतीको श्रेष्ठ प्राणी
रछ्यान फोहर नालीको पर्खाल नाघ्नुपर्छ ।

**प्रल्हाद सिलवाल**

## तिम्रो साथ बस्न पाउँदा

उठ्नै नपाई झिसमिसेमै मोबाइलमा घन्टी आउँदा
प्रफुल्ल भो मन यो मेरो तिम्ले मीठो गजल गाउँदा
तिमीसँग भेट भएन कहाँ तिमी गएकी थ्यौ
फेरि खुसी लाग्यो मलाई तिम्रो नयाँ म्यासेज पाउँदा
मृग नयन आँखा तिम्रा मुहार पनि चन्द्रमा भैं
कति राम्री देखिएकी चौबन्दी चोली लाउँदा
लाग्छ मलाई खुसी हुन्छ्यौ तिम्रो साथ म रहँदा
म पनि त खुसी हुन्छु तिम्रो साथ बस्न पाउँदा ।

**बद्री शिवाकोटी**

## नेताको मान नै प्यारो

निर्मल स्वच्छ गणतन्त्र बन्नुको सानै प्यारो
उर्लिएको भेलहरूमा नेताको मान नै प्यारो
गरिब, दुःखी प्रकृतिको आलै बयान कोर्ने
राष्ट्रभाव भावपूर्ण जनताको गानै प्यारो
जति सुख किन नहोस् ती स्वर्गभन्दा पनि
लाग्छ मलाई किन हो आफ्नै धर्ती छानै प्यारो
कति चल्छ सासहरूमा बमबारुद पनि
झुटालाई ढाल्दिने कापी कलम पानै प्यारो
दिन्छ होला कसैले त छाक टार्न भनी छाक
भीख सम्झी देशले दिए मायाको दानै प्यारो ।

**विशाल चाम्लिङ**

## राम्रो हैन

कसैको मानु सामल खोस्नु राम्रो हैन
मुखमा अगुल्टोले झोस्नु राम्रो हैन
धर्म विपरीत चल्यो कोही भन्दैमा
गाई मारेर गधा पोस्नु राम्रो हैन
पुस्तौंदेखि चलनभोग गर्दै आको
जग्गा जमिन कसैको खोस्नु राम्रो हैन
आँखा पिरो भो टट्टायो भन्दैमा
बलिरहेको अगुल्टो ठोस्नु पनि राम्रो हैन ।

**शिशिर खत्री**

## अर्को जुनी पाए

आँखाभरि साउन-भदौ मनभरि खोला
बगिदिन्छु छल्की-छल्की के सम्झेर होला
पूर्ण पनि औंसी हुन्छ दिन पनि रात
तिमीलाई देख्दा तर लाग्छ केको मात
चोटमाथि चोटै थप्ने देव कस्तो होला
व्यर्थै खेर जाने भयो दुई दिने चोला
पाप पनि कत्ति गरें सम्झी तिमीलाई
मलाई पनि सिकाइदेऊ नि बर्सी जानलाई
यो जुनीमा यस्तै भयो अर्को जुनीमा पाए
मलाई छोडी अन्त कतै पनि मन नलाए ।

**इन्द्रकुमार श्रेष्ठ**

● लघुकथा ●



## सिंहदरवार घेराउ

उसले आफ्नो २७ वर्षे उमेरसम्म काठमाडौं जाने अवसर पाएको थिएन । केही दिनअघि उसले अचानक काठमाडौं जाने निम्तो पायो । एउटा राजनैतिक दलले सिंहदरबार घेराउको कार्यक्रम राखेको रहेछ । गाउँ-गाउँबाट सिंहदरबार घेर्न मानिस जम्मा गर्ने क्रममा उसको एउटा साथीले काठमाडौं जाने निम्ता दियो । यो उसका लागि सुखद अवसर थियो ।

प्रत्येक गाउँबाट दुई दिनअघि नै काठमाडौंतर्फ लस्करै मोटर हिँडे । सित्तैमा काठमाडौं जाने अवसरका कारण पनि सोंचेभन्दा बढी भीड जम्मा भयो ।

यसबीच एउटा गाडी अचानक भीरबाट खस्यो । सयौं कार्यकर्ता हामफालेर बाँचे । केही घाइते भए । एक जनाको मृत्यु भयो । मृत्यु हुने व्यक्ति को थियो ? कसैको हेक्कामा रहेन । कार्यक्रम सकिएपछि सबै आ-आफ्नो घर फर्किए । केही दिनपछि एउटी सुत्केरी महिला बच्चा च्यापेर जिल्ला पार्टी कार्यलयमा आफ्ना पति नफर्किएको गुनासो गर्दै पुगिन् । त्यसपछि थाहा भयो, मृत्यु हुनेमा त्यही अन्दाजी २७ वर्षे युवक थियो । जसको काठमाडौं पुग्ने उद्देश्य पूरा हुन सकेन ।

**कुसाग्र भट्टराई**

# सन् २००९ मा बिदा भएका केही हस्ती

विश्वमा दैनिक लाखौं मानिस जन्मन्छन् र लाखौं मर्छन् । यद्यपि जन्मको चर्चा उति हुँदैन, जति मृत्युको हुन्छ । संसारमा सार्वजनिक व्यक्तिको जीवनभर चर्चा हुन्छ, मृत्युपर्यन्त पनि उनीहरू सबैका चासोमा रहन्छन् । वर्ष २००९ मा पनि सार्वजनिक जीवन बिताउने हजारौं व्यक्तिको निधन भयो । तीमध्ये केही व्यक्तिले करोडौं आँखा चिस्याउँदै बिदा लिए ।

**किम-दाय-जुङ**

दक्षिण कोरियाका पूर्वराष्ट्रपति किम-दाय-जुङ एसियाका आदर्श नेता मानिन्छन् । उनले सन् २००० को नोवेल शान्ति पुरस्कार प्राप्त गरेका थिए । पुरस्कार कमिटीले जुङलाई मानवअधिकारको पक्षमा काम गर्ने अथक योद्धा भन्दै नोवेल पुरस्कार दिँदा उनी कोरियाका राष्ट्रपति थिए । कोरिया विभाजनपछि उनले दक्षिण कोरियाको विकासमा महत्त्वपूर्ण योगदान दिए । सन् ९८ देखि ०३ सम्म राष्ट्रपति हुँदा दक्षिण कोरिया विश्वका विकासशील देशको सूचीमा मात्र परेन, प्रजातान्त्रिक मूलकमै तीव्र विकास सम्भव छ भन्ने सन्देश दिन सफल भयो । गत वर्ष हृदयाघातबाट मृत्यु हुँदा उनी ८५ वर्षका थिए ।

**एडवर्ड केनेडी**

अमेरिकी राष्ट्रपतिलाई विश्वकै शक्तिशाली व्यक्ति मानिन्छ । यद्यपि अमेरिकी राष्ट्रपतिलाई कुनै सल्लाह चाहियो भने पहिलो सल्लाह दिने व्यक्ति एडवर्ड केनेडी हुन्थे भन्ने कथा अमेरिकामा प्रसिद्ध छ । सन् १९६२ देखि लगातार ४६ वर्षसम्म डेमोक्रेटिक पार्टीको टिकटमा जनताबाट निर्वाचित अमेरिकी सिनेटर हुने सौभाग्य एडवर्ड केनेडीसँग मात्र थियो । अमेरिकी राष्ट्रपटि जोन एफ केनेडीका भाइ भएका कारण पनि अमेरिकी राजनीतिमा उनको ठूलो महत्त्व थियो । उनले अमेरिकाको राष्ट्रपति पदका लागि आन्तरिक प्रतिस्पर्धामा जिमी कार्टरसँग पराजित भएपछि कहिल्यै राष्ट्रपति हुने इच्छा गरेनन् । सन् २००८ मा ब्रेनट्युमरमा समस्या देखिएपछि उनी सिनेटमा कम देखिन थालेका थिए । अन्ततः ब्रेन क्यान्सरबाट अगस्ट २५ मा उनको मृत्यु भयो ।

**लेस पोल**

गत वर्ष लेस पोलको मृत्यु हुँदा अमेरिकाका प्रसिद्ध अखबारले प्रथम पृष्ठमा समाचार छापे । लेस पोल राजनैतिक व्यक्ति थिएनन्, न त कुनै समाजसेवी नै थिए । यद्यपि उनलाई सञ्चारमाध्यमले महत्त्व दिनुको कारण संगीतमा उनले गरेको योगदान थियो । लेसपोल संगीतज्ञ पनि थिएनन्, न त उनले व्यावसायिक गीत नै गाए । लेस पोललाई इलेक्ट्रिक गिटारका जन्मदाता मानिएको छ । लेस पोलको अन्वेषणकै कारण पप एवं ज्याज संगीतमाथि आएको दाबी गरिएको छ । द न्युयोर्क टाइम्सले लेस पोललाई आधुनिक रेकर्डिङ स्टुडियोको जन्मदाता भनेको छ ।

**मेरिस कुनिङग्राफ**

सन् ६० को दशकमा चलचित्र, नाटक एवं स्टेज शोहरूमा कोरियोग्राफी प्रारम्भ भएको मानिन्छ । ७० को दशकमा कोरियोग्राफरले चलचित्र, नाटक एवं स्टेज शोहरूमा नयाँ-नयाँ प्रयोग गर्न थाले । सन् ८० मा आइपुग्दा कोरियोग्राफीबिनाको स्टेज शो एवं नाटक अपूरो मान्न थालियो । यद्यपि कोरियोग्राफीको प्रारम्भ गर्ने र यसलाई लोकप्रियताको शिखरमा पुर्‍याउने मेरिस कुनिङ्ग्राफलाई भने नयाँ कोरियोग्राफरले समेत चिन्दैनन् । हलिउड चलचित्र उद्योगमा सन् ६० देखि ९० सम्म करिब तीन दशक कोरियोग्राफी गरेका मेरिस कुनिङग्राफ आधुनिक कोरियोग्राफीका अन्वेषक मानिन्छन् । गत वर्ष ९० वर्षको उमेरमा उनको निधन हुँदा फेरि उनको कामको सम्झना गरियो ।

**गेल स्ट्रोम**

गेल स्ट्रोम यस्तो समयकी नायिका हुन्, जसले कुनै व्यक्तिको अनुहारले पनि टेलिभिजन च्यानल चल्न सक्छ भन्ने कुरा स्थापित गरिन् । गत वर्ष ८७ वर्षको उमेरमा उनको निधन हुँदा 'टेलिभिजन मनोरञ्जनमा एउटा युगको अन्त्य' भएको घोषणा गरियो । स्ट्रोमले १७ वर्षको उमेरमा 'गेट वे टु हलिउड' नामक रेडियो कार्यक्रममा प्रथम भएपछि मनोरञ्जनको संसारमा प्रवेश गरिन् । चलचित्रमा स-साना भूमिका निर्वाह गरिरहेकी स्ट्रोम टेलिभिजनको सार्वजनिक प्रसारणपछि भने एक्कासि सेलिब्रेटी बनिन् । टेलिश्रृंखलामा अभिनय गर्ने उनी पहिलो नायिका हुन् ।

**डेभिड काराडाइन**

हलिउड चलचित्रका चरित्र अभिनेता डेभिड काराडाइनको पनि सन् २००९ मै मृत्यु भयो । मार्सल आर्टलाई हलिउड चलचित्रमा प्रवेश गराउन काराडाइनको महत्त्वपूर्ण भूमिका भएको बताइएको छ । सन् ७० को दशकमा उनका 'कम्फू' नामक टेलिश्रृंखलाले लोकप्रियताको शिखर चुमेको थियो । काराडाइनले १ सयभन्दा बढी चलचित्रमा काम गरेका छन् । हृदयाघातका कारण गत वर्ष उनको मृत्यु हुँदा उनी ७२ वर्षका थिए ।

**मारियन फ्रेन्च**

मरियन फ्रेन्च महिला आन्दोलनको सशक्त नाम हो । 'द उमेन्स रुम' नामक पुस्तक लेखेर महिला आन्दोलनको उद्घोष गर्ने मारियन फ्रेन्चको उक्त पुस्तक २ करोड प्रति बिक्री भएको अनुमान गरिएको छ । उनको पुस्तककै कारण नेपाललगायत विश्वका गरिब मुलुकमा महिला आन्दोलनलाई सहयोग गर्न अमेरिकी संस्थाहरू जुर्मुराएको दाबी गरिन्छ । यो पुस्तक विश्वका २० भाषामा अनूदित भएको छ । उनको 'द वार एगेनेस्ट ओमेन' मार्फत महिला आन्दोलन कसरी गर्ने, महिलाहरू कसरी दबिएका छन् जस्ता कुरालाई विस्तृत एवं आकर्षक ढंगले प्रस्तुत गरिएको छ । आफ्नो जीवनको उत्तरार्द्धमा लामो समय लगाएर उनले 'महिला आन्दोलन' नामक चार खण्डको विशाल पुस्तक लेखिन् ।

**फराह फकेट**

७० को दशकसम्म सेक्स सिम्बोल महिलाको शरीर एवं हाउभाउलाई मानिन्थ्यो । फराह फकेटले केशमा पनि सेक्स सिम्बोल हुन्छ भन्ने मान्यता स्थापित गरिन् । फकेटले सन् ७० मा बलिउड चलचित्रमा पाइला राखे पनि सन् १९७६ मा प्रसारण भएको 'चार्लिज एन्जेल्स' टेलिश्रृंखलाबाट उनी लोकप्रिय भइन् । उनको आधुनिक हेयर स्टाइललाई फकेट सेक्स सिम्बोल भनिन्छ । उनी केही वर्षयता क्यान्सरबाट पीडित थिइन् । फराह ६७ वर्षकी थिइन् ।

**वाल्टर क्रोनाइट**

टेलिभिजन पत्रकारिताका प्रसिद्ध हस्ती वाल्टर क्रोनाइटको गत वर्ष ८३ वर्षको उमेरमा निधन हुँदा सबैजसो अमेरिकी टेलिभिजनले लगातार श्रद्धाञ्जली दिए । टेलिभिजन पत्रकारितामा वाल्टर क्रोनाइटका चेला अंग्रेजीभाषी टेलिभिजनमा छ्याप्छाप्ती छन् । सीबीएस च्यानलमार्फत उनले सन् ६० देखि ७० सम्म सञ्चालन गरेको 'अति विश्वासी पात्र' नामक टक शो अहिलेसम्मकै लोकप्रिय टक शो मानिन्छ । उनलाई टेलिभिजन पत्रकारिताको जिउँदो इतिहास मानिन्थ्यो । उनले सन् १९३७ देखि सन् ०८१ सम्म टेलिभिजनमा काम गर्दा संसारमा अनेक घटना घटे । ती सबैमा उनी संलग्न भएका थिए । यद्यपि दोस्रो विश्वयुद्ध, जोन अफ केनेडीको हत्या, वाटरगेट काण्ड एवं इरान-इराक युद्धमा उनको रिपोर्टिङलाई महत्त्वपूर्ण मानिन्छ ।

**– अश्विनी कोइराला**

# विश्वकपमा युरोप-२

● विश्वकप फुटबल विशेष ●



### डेनमार्क

युरोपियन महादेशका तर्फबाट छनौट भएको डेनमार्क अन्य युरोपियन राष्ट्रको तुलनामा विश्वकपमा कम अनुभवी टिम मानिन्छ। सन् १९८६ मा मेक्सिकोले आयोजना गरेको विश्वकपको फाइनलमा पहिलो पटक प्रवेश गरेको डेनमार्क दोस्रो चरणसम्म पुगेको थियो। मेक्सिको विश्वकपमा पहिलो पटक सहभागिता गरेको १२ वर्षपछि मात्र डेनमार्कले पुनः विश्वकप फाइनलको सिट सुरक्षित गऱ्यो। उक्त विश्वकपमा डेनमार्कले आफूलाई स्तरीय टिमका रूपमा प्रस्तुत गऱ्यो।

सन् १९९८ को विश्वकप विजेता फ्रान्सको समूहमा परेको डेनमार्कले दोस्रो चरणमा नाइजेरियालाई पराजित गरेर क्वाटरफाइनलको यात्रा गरेको थियो। क्वाटरफाइनलमा ब्राजिलद्वारा पराजित भएपछि डेनमार्क घर फर्किएको थियो। त्यसको चार वर्षपछि दक्षिण कोरिया र जापानले संयुक्त रूपमा आयोजना गरेको विश्वकपको फाइनलमा प्रवेश गर्न सफल डेनमार्क दोस्रो चरणबाटै घर फर्किएको थियो।

सन् १९९२ को युरोपियन च्याम्पियन एवं १९९५ को फिफा कन्फडेरेसन कप विजेता डेनमार्कले यसपटक युरोपियन महादेशको समूह १ को विजेता रहेर आगामी विश्वकप फाइनलको सिट सुरक्षित गरेको हो। समूह 'ई' मा परेको डेनमार्क तुलनात्मक रूपमा कठिन समूहमा छ। यो समूहमा नेदरल्यान्ड, जापान तथा क्यामरुन छन्।

### स्वीजरल्यान्ड

स्वीजरल्यान्डको विश्वकप यात्रा लामो भए पनि उसले खासै सफलता हात पार्न सकेको छैन। सन् १९३४ मा इटालीले आयोजना गरेको दोस्रो विश्वकपमा पहिलो पटक फाइनलको यात्रा गरेको स्वीजरल्यान्डले आफूलाई क्वाटर फाइनलसम्म पुऱ्याएको थियो। यसअघि आठ पटक विश्वकपको फाइनलमा उत्रिसकेको स्वीजरल्यान्डले १९३८ को फ्रान्स विश्वकप, १९५४ मा आफैंले आयोजना गरेको विश्वकपमा क्वाटर फाइनलसम्मको यात्रा गरेको थियो। यसबाहेक अन्य विश्वकपमा पहिलो र दोस्रो चरणबाटै घर फर्किएको थियो।

गत विश्वकपमा दोस्रो चरणबाट घर फर्किएको स्वीजरल्यान्ड यसपटक युरोपियन क्षेत्रको समूह-२ को विजेता भएर फाइनलमा प्रवेश गरेको हो। हालै नाइजेरियामा सम्पन्न १७ वर्षमुनिको फिफा विश्वकपमा स्वीजरल्यान्डका युवा खेलाडीले सफलता पाएर सिनियर खेलाडीहरूको मनोबलसमेत बढाएका छन्। उमेर समूहको फुटबल प्रतियोगितामा युरोपियन राष्ट्रहरूले सफलता पाउन नसकेको स्थितिमा हात परेको यो सफलताले स्वीजरल्यान्डलाई बलियो देखिएको छ। आगामी विश्वकपको समूह 'एच' मा परेको स्वीजरल्यान्ड तुलनात्मक रूपमा कठिन समूहमा छ। ग्रुप अफ डेथपछि कठिन मानिने यो समूहमा स्पेन, होन्डुरस तथा चिली छन्।

### स्लोभाकिया

चेकोस्लोभाकियाबाट सन् १९९३ मा अलग भएको स्लोभाकियाले विश्वकप फुटबलको फाइनल चरणमा पहिलो पटक प्रवेश पाएको हो। चेकोस्लोभाकियाले फुटबलको क्षेत्रमा पाएको सफलतामा स्लोभाकियाका खेलाडीहरूको अहंभूमिका थियो। सन् १९९३ मै अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)को सदस्यता लिएको स्लोभाकियाले आफूलाई पछिल्ला तीन संस्करणको विश्वकपको फाइनलमा पुऱ्याउन सकेन। यसपटक युरोपियन क्षेत्रको समूह-३ को विजेता भएर फाइनलको सिट सुरक्षित गरेको स्लोभाकिया समूह 'एफ' मा परेको छ। यो समूहमा विश्व च्याम्पियन इटालीलगायत पराग्वे तथा न्युजिल्यान्ड छन्।

### जर्मनी

जर्मनीले विश्वकप फुटबल प्रतियोगितामा तीन पटक जित हासिल गरिसकेको छ। युरोपियन महादेशका तर्फबाट इटालीपछि विश्वकपमा सर्वाधिक सफलता हात पार्ने राष्ट्र जर्मनी यसपटक युरोपियन क्षेत्रको समूह-४ को विजेता भएर छनौट भएको हो। पहिलो विश्वकप बहिष्कार गरेको जर्मनीले दोस्रो विश्वकपमा पहिलो पटक सहभागिता गर्दा नै तेस्रो स्थान हात पारेको थियो।

त्यसबाहेक जर्मनीले सन् १९५४ मा स्वीजरल्यान्डले आयोजना गरेको विश्वकप, सन् १९७४ मा जर्मनीले नै आयोजना गरेको विश्वकप तथा सन् १९९० मा इटालीले आयोजना गरेको विश्वकप उचालेको थियो। त्यसबाहेक जर्मनी सन् १९६६, १९८२, १९८६ र २००२ को विश्वकप उपविजेतासमेत हो। यसैगरी जर्मनीले दोस्रो विश्वकपबाहेक सन् १९७० र सन् २००६ को विश्वकप आफैंले आयोजना गर्दा तेस्रो स्थान हात पारेको थियो।

पहिलो विश्वकप जर्मनीले बहिष्कार गरे पनि सन् १९५० को विश्वकपमा प्रतिबन्धको सामना गर्नुबाहेक सबै विश्वकप फाइनलमा आफ्नो उपस्थिति देखाउँदै आएको छ। सन् १९३८ को विश्वकपमा पहिलो चरणबाट बाहिरिनुबाहेक जर्मनीले सधैं दोस्रो चरण पार गरेको छ। आगामी विश्वकपको समूह 'डी' मा परेको जर्मनी ग्रुप अफ डेथमा परेको छ। यो समूहमा अस्ट्रेलिया, सर्बिया तथा घाना छन्।


GETTY IMAGES

# युरोपका १० राष्ट्र दोस्रो चरणमा

सहज ढंगले पहिलो चरण पार अनि दोस्रो चरणमा काका र क्रिस्टियानो रोनाल्डोमध्ये एकको सामना। विश्वकपको ड्रपछि स्पेनिस सञ्चारमाध्यमले राष्ट्रिय टिमको सहज भविष्यवाणी गरेका छन्। युरोपका फुटबल पण्डितहरूले त ड्रपछि १३ मध्ये १० युरापेली राष्ट्र दोस्रो चरणमा प्रवेश पाउने लख काटेका छन्। एक खेल पण्डितले त अल युरोपीयन सेमिफाइनलको सम्भावना पनि व्यक्त गरे। थुप्रैले त्यो सम्भावनाको खिल्ली उडाए पनि त्यसमा कुनै आधार नरहेको भने पक्कै होइन। दोस्रो चरणमा ब्राजिल र स्पेनको भेट अनि स्पेनको जितले युरोपलाई विश्वकपमा अझ दरिलो बनाउन सक्ने सम्भावना पनि व्यक्त गरिएको छ। कोही कठिन र कोही सहज समूहमा परे पनि स्पेन, फ्रान्स, इङ्ल्यान्ड, नेदरल्यान्ड, इटाली तथा जर्मनी दोस्रो चरणमा पुग्ने अनुमान धेरैको छ।

स्पेन मात्र होइन, न्युजिल्यान्ड, पाराग्वे तथा स्लोभाकिया एउटै समूहमा परे पछि साविक विजेता इटालीका लागि पनि दोस्रो चरणको यात्रा सहज हुने अनुमान गरिएको छ। विश्व वरियताक्रममा तेस्रो स्थानमा रहेको नेदरल्यान्ड सम्मिलित समूह अलि कठिन छ। तथापि पहिलो चरण पार गर्न नेदरल्यान्डका लागि कुनै कठिनाइ नहोला। डेनमार्क, क्यामरुन तथा जापानलाई पार गर्दै नेदरल्यान्डले दोस्रो चरणको यात्रा गर्ने सम्भावना प्रबल छ। समूहमा जापानले अन्तिम स्थान पाउने भविष्यवाणी धेरैले गरेका छन्। यो समूहमा डेनमार्क र क्यामरुनबीचको खेल नै सबैभन्दा महत्त्वपूर्ण हुनेछ।

ब्राजिल र पोर्चुगल सम्मिलित समूँहपछि सबैभन्दा कठिन समूह जर्मनी सम्मिलित समूह मानिएको छ। धेरैले त ब्राजिल होइन, जर्मनी सम्मिलित समूह ग्रुप फ डेथ भएको दाबी गरेका छन्। घाना, सर्बिया र अस्ट्रेलियाको सामना गरे पनि जर्मनी सहजै दोस्रो चरणमा पुग्ने लख काटिएको छ। रियल म्याड्रिडका जर्मन खेलाडी क्रिस्टोफ मेट्जरे जर्मनी अझै हेर्न लायक टिम भएको बताएका छन्। उनले जर्मनीसँगै सर्बिया दोस्रो चरणमा पुग्ने सम्भावना प्रबल रहेको अनुमान गरेका छन्। रोडोमीर एन्टिकले प्रशिक्षण दिएयता उनले खेल्ने शैलीमा परवर्तन गर्दै मिलास क्राजिक र मिलान जोन्भिकलाई राम्रो आकार दिए। जोन्भिक छनौट अभियानका शीर्ष गोलकर्ता पनि थिए। उनी मात्र होइन, अल्जेरिया, अमेरिका र स्लोभानिया समाविष्ट समूहबाट इङ्ल्यान्ड दोस्रो चरणमा पुग्न कुनै कठिनाइ नहुन सक्छ।

थिएरी हेनरीको सहारामा विश्वकपमा प्रवेश पाए पनि फ्रान्सले सहजै दोस्रो चरणमा प्रवेश पाउने अनुमान गरिएको छ। आयोजक राष्ट्र दक्षिण अफ्रिका, दक्षिण अमेरिकाको पाँचौं टिम उरुग्वे तथा मेक्सिकोलाई फ्रान्सले सहजै पार गर्न सक्नेछ।

पोर्चुगलका लागि उत्तर कोरिया प्रतिद्वन्द्वी नमानिए पनि आइभोरिकोस्टसँगको खेल नै निर्णायक बन्ने प्रबल सम्भावना छ।

मार्टिन ओल्सनेको प्रशिक्षणमा रहेको डेनमार्क पनि नेदरल्यान्डको समूहमा बलियो टिम मानिन्छ। बलियो डेनमार्कका लागि आर्सनलका मिडफिल्डर निकलास बेन्डटर र लिभरपुलका रक्षक डानियल अगार भरपर्दा खेलाडी हुन सक्छन्। अगरसहितको रक्षापंक्तिले छनौट चरणमा पनि ५ गोल मात्र खाएको थियो।

स्लोभाकिया र ग्रीस कमजोर मानिए पनि सहज समूहमा रहेका कारण कम आँक्न नहुने तर्क गरिन्छ। तथापि सबैभन्दा कम सम्भावना भएको युरोपेली टिम ग्रीस नै हो। ग्रीसले नाइजेरिया, अर्जेन्टिना तथा दक्षिण कोरियाको सामना गर्नेछ। समूह 'सी' मा इङ्ल्यान्डले शीर्ष स्थान पाएको छ भने स्लोभानियाभन्दा अमेरिकासँग बढी खेलको अनुभव छ।

**–मनोज**

साप्ताहिक Classified Advertisement

**रोजगार**

जर्मनी, फ्रान्स, नेदरल्याण्डको लागि Aupair girls बचत ४० देखि ५०,०००, ९७४१०५६८८६, ९८०३३८६७१२, ४२४५७६१

नयाँ अफिसकोलागि विभिन्न पदमा कर्मचारी कलंकी ९८४१८८७५२३

Multinational Company लाई Basic Computer जान्ने १३ कर्मचारी मासिक १३५०० ग्यारेन्टी ४७२०१७७, ९८४९१५२०४७, ९८०८४३६७२५ महाराजगंज

लोकन्थलीको अफिसलाई कर्मचारी ६५००, ९७२१३०८६७८

**भर्ना**

सजिलै पास गरौ ६ महिनामै +2, ६ महिनामै SLC टेष्ट ग्यारेन्टी सहित SLC कक्षा- ८, कम्प्युटर स्यान्ड्रा ४३६१७१२ चितवन ०५६-५२५९१८

**सम्पर्क**

१००% ट्रायल ग्यारेन्टी कार, मोटर साइकल, स्कुटर सिकाइन्छ, ०१-५०००५०४, ९८४१६७२७०४

सस्तोमा solar बाट CFL बाल्न ९८०८३२५०१८

संगित शास्त्र प्रशिक्षण ४२७२३८१, ९८४१२०५५७८, ९८०८४०५२७३, ९८०३१९३६७९

**उपचार**

रक्सी चुरोट छुटाउन यौनशक्ति बढाउन मोटोपना घटाउन बढाउन उचाई बढाउन ९८४९३६८१११

Long John Cream लिङ्गको लम्बाई मोटाई बढाउने गुप्ताङ्ग टाइट गर्ने ९८०३५३८७०६

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

# आयोजनाको कार्य अन्तिम चरणमा

● **अजय हमाल**

ढाका- एघारौं दक्षिण एसियाली खेलकुद (साग) नजिकिँदै छ। खेलाडीहरू प्रशिक्षणमा व्यस्त छन्। आयोजक बंगलादेश प्रतियोगिता सफल बनाउने तयारीमा जुटेको छ। उसको तयारीले लगभग पूर्णता पनि पाइसकेको छ।

राजधानी ढाका र वरिपरिका साना सहरमा माघ १५ गते प्रारम्भ हुने दक्षिण एसियाको बृहत् खेल मेलाको आयोजना अविस्मरणीय बनाउने योजनामा आयोजक बंगलादेश छ। 'तयारीको सबै कार्य अन्तिम चरणमा पुगेको छ', भर्खरै साफ च्याम्पियनसिप फुटबलको समाचार संकलनका लागि ढाका पुगेका नेपाली खेल पत्रकारहरूलाई बंगलादेश ओलम्पिक संघ (बीओए) का निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत कर्नल मोहम्मद वालि उल्लाहले जानकारी गराए।

'प्रतियोगितापूर्वका सबै काम छिट्टै सकिनेछ', उनले बताए। बंगलादेशले सागकै लागि नयाँ भौतिक पूर्वाधार निर्माण गरिरहेको छ। उसले पुराना संरचनाको पनि मर्मत-सम्भारलाई तीव्रताका साथ अघि बढाएको छ। एक वर्षअघि हुनुपर्ने प्रतियोगिता भौतिक पूर्वाधारको अवस्था कमजोर रहेकैले पछि सारिएको थियो।

सागका लागि बंगबन्धु राष्ट्रिय रंगशालालाई चिटिक्क सजाइएको छ। भर्खरै मात्र यो रंगाशालामा छैटौं साफ च्याम्पियनसिप फुटबल सम्पन्न भएको थियो। दक्षिण एसियाको सबैभन्दा ठूलो खेल मेलाको उद्घाटन र समापन यही रंगशालामा हुनेछ। अन्तर्राष्ट्रिय प्रतियोगितामा उद्घाटन र समापन विशेष तयारीका साथ गर्ने प्रचलन छ।

फुटबलका केही खेल र एथलेटिक्सका सम्पूर्ण प्रतिस्पर्धा बंगबन्धुमै हुनेछन्। ह्यान्डबलका लागि नयाँ रंगशाला निर्माण गरिएको छ। मोहम्मद अलि बक्सिड जिम्नाजियमको पनि मर्मत गरिएको छ। प्रतियोगितामा सहभागी गराइएका २३ मध्ये अधिकांश खेल ढाकामै सञ्चालन हुनेछन्।







'हामीले भौतिक पूर्वाधार निर्माण, पुनर्निर्माण एवं मर्मत-सम्भारमा जोड दिएका छौं', बीओएका निर्देशक उल्लाहले भने, 'त्यसैले हामीलाई समय लागेको हो। सागले गर्दा नै भौतिक पूर्वाधार निर्माण, पुनर्निर्माण एवं मर्मत सम्भव भएको हो।' साग आयोजनामा बंगलादेश सरकारले पनि धेरै चासो राखेर सहयोग गरेकोमा उल्लाह निकै खुसी अनुभव गरिरहेका छन्। साग आयोजनाको सम्पूर्ण खर्च सरकारले व्यहोर्दैछ।

बंगलादेशले सागका लागि १ अर्ब ५० करोड टाका (२ करोड १७ लाखभन्दा बढी अमेरिकी डलर) को अनुमानित बजेट बनाएको छ। त्यसमध्ये ८० प्रतिशत रकम भौतिक पूर्वाधारमा खर्च हुनेछ। बाँकी रकममध्ये धेरैजसो उद्घाटन र समापनमा खर्च हुनेछ। उद्घाटन निकै भव्य कार्यक्रमसहित गर्ने योजना बीओएको छ।

'उद्घाटन समारोहलाई अविस्मरणीय बनाउन चाहन्छौं', उल्लाहले बताए। उद्घाटन र समापन कार्यक्रमलाई कलात्मक रूप दिन चीन र सिंगापुरबाट इभेन्ट म्यानेजर झिकाइएका छन्। उल्लाहले उद्घाटन कार्यक्रमका सम्बन्धमा विस्तृत जानकारी भने गराउन चाहेनन्। 'धेरै कुरा आश्चर्यजनक हुनेछन्', उनले भने- 'तैपनि बंगलादेशी संस्कृति झल्कने कार्यक्रममा जोड दिइएको छ।' उद्घाटन र समापनका लागि ३ हजार कलाकारले प्रशिक्षण लिइरहेका छन्।

१० दिनसम्म चल्ने खेल मेलामा आयोजकसहित आठ दक्षिण एसियाली राष्ट्रका खेलाडी, पदाधिकारी, प्रशिक्षक एवं पत्रकार गरी कुल ४ हजारको उपस्थिति रहनेछ। खेलाडीको संख्या मात्र झन्डै ३ हजार ४ सय हुनेछ।

बंगलादेशले सुरक्षालाई पनि निकै महत्त्व दिएको छ। 'हाम्रो ध्यान सुरक्षामा पनि केन्द्रित छ', निर्देशक उल्लाहले भने, 'सात राष्ट्रबाट आएका सबै हाम्रा पाहुना हुन् र उनीहरूलाई सुरक्षा दिने जिम्मेवारी हामीसँग हुनेछ।' सुरक्षाका लागि सेनालाई मुख्य जिम्मा दिइने उनले बताए। सेनालाई प्रहरी, अर्ध सैनिक बलर तथा सादा पोसाकका गुप्तचर ठूलो संख्यामा परिचालन गर्ने साग आयोजकहरूको योजना छ।

'सेनाले हवाई स्कर्टिडसमेत गर्नेछ', उल्लाहले सुरक्षा योजना खुलाए', 'विदेशी पाहुना रहेका होटललाई सुरक्षाकर्मीले घेर्नेछन्।' सबै सहभागी मुलुकले धेरै स्पर्धामा प्रतिस्पर्धा गरून् भन्ने आयोजकहरूको चाहना छ। नेपालले पनि सम्भवतः सबै स्पर्धा र खेलमा चुनौती प्रस्तुत गर्नेछ। नेपालबाट झन्डै साढे ३ सय सदस्य सहभागी भएको खेलाडी टोली सागमा सफलता हासिल गर्ने लक्ष्यसाथ ढाका पुग्नेछ।

# असफलताको वर्ष : वरियता सुध्रियो

● **राजु घिसिङ**

काठमाडौं- नेपालले यो वर्ष अर्थात् सन् २००९ मा एएफसी च्यालेन्ज कप, प्रेसिडेन्ट कप, यू-१६ तथा यू-१९ च्याम्पियनसिपका समूहगत छनौट प्रतिस्पर्धाहरू आयोजित गर्‍यो। लामो समयपछि नेपालले एसियाली फुटबल महासंघका धेरै कार्यक्रम एकै वर्ष सञ्चालन गर्ने मौका पाएको थियो। त्यसमध्ये कुनै पनि प्रतियोगिता नेपालका लागि सुखद रहेन।

चारवटै प्रतियोगितामा नेपाली टिमले छनौट चरण पार गर्न सकेन। त्यसका आधारमा वर्ष २००९ लाई नेपालका लागि बिर्सनलायक वर्ष मान्न सकिन्छ। माओवादीले आयोजना गरेको प्रधानमन्त्रीकपमा नेपालले पाएको सफलतालाई मात्र महत्त्वपूर्ण मान्न मिल्दैन। यद्यपि नतिजामा निरन्तर असफलता बेहोरेर पनि नेपालले वर्ष २००९ मा फिफा वरियतामा भने ऐतिहासिक सुधार गरेको छ।



फिफा वरियतामा नेपाल ऐतिहासिक फड्को मार्दै १ सय ५२ औं स्थानमा उक्लिएको छ। अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले गत साता जारी गरेको वर्ष २००९ को अन्तिम वरियताअनुसार नेपाल २४ स्थान फड्को मारेर माथि उक्लिएको हो।

एक महिनाअघि नोभेम्बरमा नेपाल १ सय ७६ औं स्थानमा थियो। सन् १९९३ को डिसेम्बरमा फिफा वरियता सुरु भएयता यसलाई नेपालको सबैभन्दा राम्रो प्रगति वा सुधार मान्न सकिन्छ। लगातार खराब प्रदर्शन गरेपछि नेपाल सन् १९९६ मा १ सय ५१ औं स्थानमा झरेको थियो। त्यसपछि नेपाल कहिल्यै माथि उक्लन सकेको थिएन। अहिलेको परिवर्तन नै त्यसयताको सबैभन्दा राम्रो वरियता हो।

वर्षको सुरुमा १ सय ७४ औं स्थानमा रहेको नेपाल अप्रिलमा ५ स्थानमाथि उक्लिएको थियो। त्यसपछि नेपालको वरियता फेरि खस्किएको थियो। नेपाली राष्ट्रिय टिमले अन्तर्राष्ट्रिय प्रतियोगितामा हासिल गरेको राम्रो नतिजाका कारण वरियतामा सुधार आएको अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष गणेश थापाले बताए। 'नयाँ वरियताले नेपाली फुटबलको स्तर छलंग पार्छ', उनले भने, 'विगतमा वरियतामा तल झरे पनि हाम्रो स्तर खस्किएको थिएन। अहिलेको वरियताले नेपालको स्तर अझ राम्रो भएको प्रमाणित गरेको छ।'

थापाले भनेजस्तै फिफा वरियता कुनै पनि मुलुकका लागि फुटबल स्तरको प्रतिविम्ब होइन। अन्तर्राष्ट्रिय प्रतियोगितामा राष्ट्रिय टिमले बेहोरेको नतिजा, खेलको तथ्यांक, प्रतिद्वन्द्वीको अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरका आधारमा अंक दिएर फिफाले वरियता निर्धारण गर्दै आएको छ। 'वरियतामा आएको सुधारले हामीलाई उत्साहित पारेको छ', अध्यक्ष थापाले थपे, 'अब हाम्रो प्रयास योभन्दा माथिल्लो स्थानमा उक्लने हुनेछ।'

एसियाली वरियतामा ३० औं स्थानमा रहेको नेपालले अघिल्लो महिनाको तुलनामा थप ५९ अंक जोडेको छ। यही महिना साफ च्याम्पियनसिपमा हासिल गरेको नतिजाबाट पनि नेपालले अंक थपेको हो। ढाकामा सम्पन्न आठ दक्षिण एसियाली राष्ट्रको सबैभन्दा ठूलो क्षेत्रीय प्रतियोगिताको अन्तिम खेलमा नेपालले अफगानिस्तानलाई ३-० ले पराजित गरेको थियो। आफूभन्दा बलियो र माथिल्लो वरियताको माल्दिभ्सलाई पनि १-१ को बराबरीमा रोकेको फाइदास्वरूप नेपालले नयाँ वरियतामा प्राप्त गर्‍यो।


ढाकामा च्याम्पियन भएको भारतसँग भने नेपाल १-० ले हारेको थियो। साफअघि कोलकातामा भुटानमाथि प्राप्त २-१ को जितले पनि नेपाललाई वरियतामा थप फाइदा पुर्‍याएको थियो। चार वर्षयता नेपालले जम्मा २२ खेल खेलेको छ। यस अवधिमा नेपालले एसियाली फुटबल महासंघ (एएफसी) को सात प्रतियोगिताका १९ अफिसियल तथा ३ मैत्रीपूर्ण खेल खेलेको थियो।

दुई वर्षयता नेपालले ९ खेल जित्यो। उसले ४ खेल बराबरीमा टुंग्याएको थियो। नेपालले ८ खेलमा हार बेहारेको छ भने १ खेल टाइब्रेकरमा गुमायो। चार वर्षयता खेलेको खेलको नतिजाका आधारमा वरियताका लागि फिफाले अंक दिने गरेको छ।

सन् १९९३ को डिसेम्बरमा फिफा वरियता सुरु हुँदा नेपालले १ सय २४ औं स्थान पाएको थियो। त्यसअघि नेपाल विश्व वरियतामा ३८ स्थान पछाडि थियो। नेपाललाई ढाकामा भएको दक्षिण एसियाली खेलकुदको फुटबलमा स्वर्ण जितेकाले फाइदा भएको थियो।

सन् १९९४ मा १ सय ३८, १९९५ मा १ सय ४७ हुँदै १९९६ मा १ सय ५१ औं स्थानमा झरेपछि नेपाल त्योभन्दा माथि उक्लन सकेको छैन। फेब्रुअरी, २००८ को १ सय ८८ औं स्थान नेपालको सबैभन्दा कमजोर वरियता हो। दक्षिण एसियामा नेपाल भारत, माल्दिभ्स तथा बंगलादेशपछि चौथो स्थानमा छ। वरियताको तल्लो क्रममा नेपालपछाडि पाकिस्तान, अफगानिस्तान र भुटान छन्।








सन् २०१० मा विश्वकप दक्षिण अफ्रिकामा हुनेछ। आयोजकको हैसियतले दक्षिण अफ्रिका स्वत: प्रतियोगितामा भिड्न पाउनेछ भने अन्य टिम सेलेक्सन म्याचबाट आएका हुन्।






# वर्ष २००९ मा विश्व खेलकुद

### विश्वकप तयारी

विश्वका खेलकुदप्रेमीहरू अधैर्यका साथ विश्वकप फुटबलको प्रतीक्षा गरिरहेका छन्। हुन पनि यतिबेला विश्वकप फुटबलको सरगर्मी बढ्दै गएको छ। सन् २०१० मा यो प्रतियोगिता दक्षिण अफ्रिकामा हुनेछ। आयोजकको हैसियतले दक्षिण अफ्रिका स्वत: प्रतियोगितामा भिड्न पाउनेछ भने अन्य टिम सेलेक्सन म्याचबाट आएका हुन्। विश्वकपका लागि ग्रुप एमा साउथ अफ्रिका, मेक्सिको, उरुग्वे तथा फ्रान्स छन्। अर्जेन्टिना, नाइजेरिया, कोरिया, ग्रीस ग्रुप 'बी'मा परेका छन्। ग्रुप 'सी' मा इङ्ल्यान्ड, युएसए, अल्जेरिया, स्लोभेनिया भिड्दैछ। ग्रुप 'डी' मा जर्मनी, अस्ट्रेलिया, सर्बिया तथा घाना छन्। ग्रुप 'ई' मा नेदरल्यान्ड, डेनमार्क, जापान तथा क्यामरुन छन्। यसैगरी ग्रुप 'एफ' मा इटाली, पराग्वे, न्युजिल्यान्ड र स्लोभकिया परेका छन्। ग्रुप 'जी' बाट ब्राजिल, आइभरिकोस्ट, डेमोक्रिटक पिपुल्स रिपब्लिक अप कोरिया, पोर्चुगल एवं ग्रुप एच स्पेन, स्वीजरल्यान्ड, हन्डुरस तथा चिली छन्।

### आईसीसी च्याम्पियन्स

यस वर्ष आईसीसी च्याम्पियन्स ट्रफी अस्ट्रेलियाको पोल्टामा गयो। शेन वाट्सन र क्यामरोन ह्वाइट व्याटिङमा नायक बनेपछि फाइनलमा न्युजिल्यान्डलाई ६ विकेटले हराउँदै अस्ट्रेलियाले आईसीसी च्याम्पियन्स ट्रफी उचालेको हो। न्युजिल्यान्डले ५० ओभरमा ९ विकेट गुमाएर २ सय रनको स्कोर बनाएको थियो। सुरुमै दुई विकेटको झट्का बेहोरे पनि ४५ ओभरको २ बलमा २ सस ६ रन जोड्दै अस्ट्रेलियाले च्याम्पियन्स ट्रफीको उपाधि सुरक्षित गर्‍यो। ५० ओभरको विकेटमा आधिपत्य जमाएको अस्ट्रेलिया, न्युजिल्यान्डविरुद्धको जितसँगै दुईपल्ट उपाधि जित्ने र ट्रफी जोगाउने पहिलो टिम बन्यो।

### इन्डियन प्रिमियर लिग

भारतमा आम चुनाव परेको हुँदा सुरक्षाका कारण यस वर्ष करोडौं डलरको इन्डियन प्रिमियर लिग दक्षिण अफ्रिकाको मैदानमा सर्‍यो। दक्षिण अफ्रिकी खेलकुदप्रेमीका लागि यो अप्रत्याशित एवं सुखद अवसर थियो। प्रतियोगिता ३७ दिन चल्यो भने ५९ खेल भए।

यसवर्ष इन्डियन प्रिमियर लिगको शीर्ष उपाधि डेक्कन चाजर्सले उचाल्यो। चाजर्सले रोयल च्यालेन्जर्स बैङ्लोरलाई ६ रनले पराजित गर्दै उपाधि जितेको हो। प्रतियोगिताको अन्तिम दिन भरिभराउ रंगशालामा अतिशवाजीसहित गुयनाका रक स्टार एडी ग्रान्टको नेतृत्वमा सांगीतिक कार्यक्रम भएको थियो।

### टी-२० विश्वकप

टी-२० विश्वकप क्रिकेटको उपाधि पाकिस्तानले हात पार्‍यो। इङ्ल्यान्डमा भएको प्रतियोगितामा श्रीलंकालाई उछिन्दै पाकिस्तानले उपाधि जोगाएको हो। प्रतियोगिताको फाइनलमा पाकिस्तान श्रीलंकालाई ८ विकेटले पराजित गरेर विश्व विजेता बन्यो। पहिले ब्याटिङ गरेको श्रीलंकाले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ३८ रन वनाएको थियो। श्रीलंकाका तर्फबाट २ छक्का र १४ चौका प्रहार भएको थियो। १ सय ३९ रनको लक्ष्य पच्छ्याएको पाकिस्तानले उक्त लक्ष्य १८ दशमलव ४ ओभरमा २ विकेट गुमाएर पूरा गरेको थियो।

### क्लब वर्ल्डकप

फिफा क्लब वर्ल्डकपको उपाधि यस वर्ष बार्सिलोनाले हात पार्‍यो। फाइनल खेलमा इस्टुडिएन्ट्स डी ला प्लाटालाई पराजित गर्दै बार्सिलोनाले कप जितेको हो। छैटौं संस्करणको यो प्रतियोगिता युएईको राजधानी अबु दुबईमा सम्पन्न भएको थियो। सातवटा क्लबबीच भएको आठ खेलमा प्रतिस्पर्धीलाई उछिन्दै बार्सिलोना उपाधिको हकदार बन्यो। बार्सिलोनाकै लियोन मेसीले गोल्डेनबल अवार्ड हात पारे। प्रतियोगितामा बार्सिलोना, एटलान्टा सिटी, क्लब स्टुडिनेट्स, अल अलि, पोहाङ स्टि्रट, टिपी माजेम्वे क्लबबीच प्रतिस्पर्धा भएको थियो। फेयर प्ले अवार्ड एटलान्टा फुटवल क्लबले हात पार्‍यो।

### यु १७ वर्ल्डकप

नाइजेरियामा सम्पन्न १७ वर्षमुनिको फिफा वर्ल्डकपको उपाधि स्वीजरल्यान्डले जित्यो। प्रतियोगिताको यो १३ औं संस्करणमा आयोजक नाइजेरियालाई स्तब्ध पार्दै स्वीजरल्यान्ड उपाधिको हकदार बनेको हो। अबुजा नेसनल स्टेडियममा सम्पन्न फाइनल खेलमा स्वीजरल्यान्डले ०-१ को गोल अन्तरले नाइजेरियालाई पराजय चखाएको थियो।

प्रतियोगिता अक्टुबर २४ देखि नोभेम्बर १५ सम्म सञ्चालन भएको थियो। स्पेन र कोलम्बिया तेस्रो र चौथो स्थानमा आए। नाइजेरियाका शनी इम्युनुएलले बेस्ट प्लेयरको उपाधि पाए। स्पेनिस बोर्जा सर्वाधिक गोलकर्ता रहे। उनले गोल्डेन सुज उपाधि पाए। त्यस्तै गोल्डेन ग्लोभ स्वीस बेन्जामिन साइग्रिस्टले पाए। फिफा फियर प्ले अवार्ड नाइजेरियाले हात पार्‍यो।

### यु-२० वर्ल्डकप

इजिप्टमा सम्पन्न फिफा यु-२० वर्ल्डकप घानाले जित्यो। प्रतियोगितामा ब्राजिललाई हराउँदै घानाले उपाधि रक्षा गरेको हो। तेस्रो स्थानका लागि भएको प्रतियोगितामा कोस्टारिकालाई पराजित गर्दै हंगेरी विजयी भयो। घानाका डोमिनिक एडियआले गोल्डेनवल तथा गोल्डेनसुज पाए। फिफा फेयर प्लेको उपाधि ब्राजिलको हातमा गयो। कोस्टारिकाका स्टुवान अल्भोराडोले गोल्डेन ग्लोव पाए।

### विच सोकर वर्ल्डकप

फिफा बिच सोकर वर्ल्डकपको फाइनलमा स्वीजरल्यान्डलाई उछिन्दै ब्राजिलले शीर्ष उपाधि जित्यो। युएइको दुबईमा भएको पाँचौं संस्करणको प्रतियोगितामा ५ का विरुद्ध १० गोल गर्दै ब्राजिलले आफुलाई अब्बल सावित गर्‍यो।

पोर्चुगल र उरुग्वे क्रमश तेस्रो र चौथो स्थानमा रहे। तेस्रो स्थानका लागि भएको भिडन्तमा ७ को विरुद्ध १४ गोल गर्दै पोर्चुगल तेस्रो स्थानमा आएको हो। प्रतियोगितामा स्वीजरल्यान्डका डेजान स्टानकोभिकले गोल्डेनबल र गोल्डेन सुज हात पारे। फिफा फेयर प्ले अवार्ड जापान र रूसको हातमा गयो। ब्राजिलका माअले गोल्डेन ग्लोभ पाए।

### अस्ट्रेलियन ओपन

अस्ट्रेलियन ओपन टेनिसको उपाधि यस वर्ष स्पेनका राफेल नाडलले हात पारे। नाडलले पहिलो पटक हार्डकोर्ट ग्रान्डस्लामका रुपमा यो उपाधि हात पारेका हुन्। मेन सिंगलमा उनले १४ ग्रान्डस्लामको कीर्तिमान बराबरी गर्न रोजर फेडेररको अभियानमा अवरोध सिर्जना गरेका थिए। विश्व नम्बर एक खेलाडी नाडलले पाँच सेटमा फेडेररलाई ७-५, ३-६, ७-६, ३-६ र ६-२ ले पराजयको स्वाद चखाए। उनले तीन दिनसम्म झन्डै १० घण्टा प्रतिस्पर्धा गरेका थिए।

यसैगरी महिला एकलतर्फ सेरेना विलियम्स शीर्ष उपाधिको हकदार बनिन्। उनले ले डाइनारा सफिनालाई ६-०, ६-३ ले हराउँदै उपाधि जितेका हुन्। पुरुष डवलमा वव वर्यान र मिके वर्यानले महेश भूपति र मार्क नवलेसलाई पराजित गरे भने महिला डबलमा दिदी-बहिनी सेरेना तथा भेनस विलियम्सको जोडीले ड्यानिला हन्टुचोभा र एइ सुजियामालाई हराइन्।

### युएस ओपन

अर्जेन्टिनी हुवाँ मार्टिन डेल पोट्रोले युएस ओपनको मेन सिंगलमा उपाधि रक्षा गरे। ६ फिट ६ इन्च अग्ला मार्टिनले टेनिस इतिहासका सर्वाधिक ग्रान्डस्लम विजेता रोजर फेडेररलाई हराए। छैटौं वरियताका उनले फेडेररलाई ३-६, ७-६, ४-६, ७-६ र ६-२ ले पराजित गरे।

यसैगरी महिला सिंगलमा कीम क्लाइस्टर्सले नयाँ इतिहास बनाइन्। करिब २ वर्ष टेनिस कोर्टबाट बाहिर बसेकी क्लाइस्टर्सले क्यारोलिन बेजनिस्कीलाई ७-५ र ६-३ ले पराजित गर्दै युएस ओपन जित्ने पहिलो वरियताविहीन महिला खेलाडी बनिन्। त्यस्तै उनी नवौं वरियताकी बोजनिस्कीलाई हराउँदै सन् १९८० पछि उपाधि जित्ने पहिलो आमा पनि बनिन्।

मेन डबलमा लुकास र लेन्डर पिसको जोडीले ३-६, ६-३ र ६-२ को नतिजा निकालेर महेश भूपति र मार्क नोलेसलाई पराजित गरे। वुमेन्स डबलमा सेरेना विलियम्स र भेनस विलियम्सले कारा ब्ल्याक र लिइजेल हुवरलाई ६-२, ६-२ ले हराइन्।

### फ्रेन्च ओपन

विश्व नम्बर दुई वरियतामा रहेका पुरुष टेनिस खेलाडी रोजर फेडेररले यो वर्ष फ्रेन्च ओपनको पुरुष सिङल्सतर्फको उपाधि हात पारे। उनले फाइनलमा २३ औं वरियताका स्वीडेनका रोबिन सोडेर्लिङलाई पराजित गरेका हुन्। सोडेर्लिङलाई फेडेररले ६-१, ७-६, ६-४ ले पराजित गर्दै आफ्नो जीवनकै पहिलो फ्रेन्च ओपनको उपाधि मात्र हात पारेनन्, पिट सम्प्रासको १४ ग्रान्डस्लाम उपाधिको कीर्तिमान पनि बराबरी गरे। त्यस्तै फेडेरर यो फ्रेन्च ओपनको उपाधि सँगै अस्ट्रेलियन ओपन, यु. एस. ओपन, विम्बल्डन र फ्रेन्च ओपन चारै प्रकारका ग्रान्डस्लाम जित्ने छैंटौं खेलाडी पनि बने। यसभन्दा अघिका तिन फ्रेन्च ओपनका फाइनलमा लगातार राफेल नाडालसँग पराजित हुँदै आएका फेडेररले यस पटक भने अफ्नो सपना पूरा गरे। सन् २००३ मा विम्बल्डन जितेर पहिलो ग्रान्डस्लाम हात पारेका फेडेररले अहिलेसम्म ५ पटक विम्बल्डन, ३ पटक अस्ट्रेलियन ओपन, ५ पटक यू. एस. ओपन र १ पटक फ्रेन्च ओपन गरी १४ ग्रान्डस्लाम जितेका छन्।

यसैगरी विश्व शीर्ष वरियताकी दिनरा सफिनको चुनौती समाप्त पार्दै सेमेटलाना कुज्नेत्सोमाले फ्रेन्च ओपनको महिलातर्फको उपाधि जितिन्। सातौ वरियताकी दिनराले रोल्यान्ड ग्यारोसमा महिला सिंगल्सको फाइनलमा सफिनालाई ६-४ र ६-२ ले निराश पारिन्।

लुकास ड्लोही र लेन्डर पिसको जोडीले विस्लि मुडी र डिक नोरमानलाई ३-६, ६-३, ६-२ ले हराउँदै मेन डबलको उपाधि रक्षा गरे। विमेन डबलमा एनावेल मेडिना र राउनो पास्कोलको जोडीले भिक्टोरिया अजरेन्का र इलेना भेसिनालाई ६-१, ६-१ ले हराए।

### विम्बल्डन च्याम्पियन्स

विश्व नम्बर एक खेलाडी एन्डी रोडिकलाई हराउँदै रोजर फेडेरर मेन सिंगल्समा विम्बलडन च्याम्पियन्स वने। ५-७, ७-६, ७-६, ३-६, १६-१४ को नतिजा निकाल्दै फेडेरर च्याम्पियन्स बनेका हुन्। वुमेन सिंगलमा सेरेना विलियम्सले भेनस विलियम्सलाई ७-६, ६-२ ले हराइन्। यसैगरी मेन डबलमा डेनियल नेस्टोर र नेनाड जिमोनजिकले वव वर्यन र मिक वर्यनलाई उछिन्दै उपाधि रक्षा गरे। प्रतियोगितामा ७-६, ६-७, ७-६, ६-३ ले हराउँदै उनीहरू उपाधिका हकदार बनेका हुन्। वुमेन डबल्समा सेरेना विलियम्स र भेनस विलियम्सले सामानाथ स्टोसुर र रेन्यु स्टुवसलाई ७-६, ६-४ ले पराजित गरिन्।



## टाइगर उड चर्चादेखि पतनसम्म

विश्व खेलकुदमा गत वर्ष सर्वाधिक चर्चा पाउने खेलाडी टाइगर उड नै भए । उनको चर्चा गत वर्ष कोर्समा पाएको सफलताले भन्दा बढी अन्य कारणले नै भयो । गत वर्ष उड खेलाडीका रूपमा १ अर्ब डलर कमाउने पहिलो खेलाडी भए । विश्व खेलकुदमा उडले गरेको आम्दानी आफैंमा एउटा कीर्तिमान हो । स्पोर्ट्स इलुस्ट्रेटेडले गरेको सर्वेक्षणमा विगत ६ वर्षदेखि सर्वाधिक आम्दानी गर्ने खेलाडी बनेका उडले गत वर्ष आफ्नो आम्दानीलाई १ अर्ब डलर पुऱ्याए । खेलकुदबाट सर्वाधिक कमाउने खेलाडी बनेको केही दिनपछि नै उनी गोप्य प्रेमसम्बन्धको पर्दाफासको फन्दामा परे ।

श्रीमतीसँग प्रेमिकाको विषयलाई लिएर भएको विवादको तनावका कारण परेर सामान्य दुर्घटनामा परेका उड गोप्य प्रेममा परेको पर्दाफास यसरी हुँदै गयो कि एकपछि अर्को प्रेमिका गर्दागर्दै उनको जीवनमा १४ जना प्रेमिका देखा परे । प्रत्येक प्रेमिकासँग कुनै न कुनै रूपमा शारीरिक सम्बन्ध गाँसेका उडले अन्ततः आफ्नो प्रेमविवाहलाई पनि जोगाउन सकेनन् । उडकी श्रीमती एलिन आखिर उडलाई पारपाचुके गर्ने स्थितिमा पुगिन् । पारपाचुकेसँगै एलिनले ठूलो धनराशि आफ्नो बच्चाको लालनपालनका लागि लिइन् । उडले श्रीमतीको मन जित्न गल्फ खेल त्यागेको घोषणासमेत गरे । विश्वकै उत्कृष्ट खेलाडी उडसँग केही प्रायोजकले समेत व्यापारिक अनुबन्ध खारेज गरे ।


## प्रेमी-प्रेमिकाको खोजीमा पौडीबाज

गत वर्ष विश्वका दुई उत्कृष्ट पौडीबाज माइकल फ्लेप र स्टेफनी राइस प्रेमका कारण चर्चामा रहे । अस्ट्रेलियाकी पौडीबाज राइस आकर्षक मुहारका कारण चर्चामा आइरहिन् । सन् २००८ मा भएको बेइजिङ ओलम्पिक प्रतियोगितामा ३ स्वर्ण पदक जितेकी राइसले पछिल्लो पटक प्रशस्तै प्रेमी फेरिन् । उनको प्रेमीका रूपमा अमेरिकाका पौडीबाज माइकल फ्लेप पनि थिए । यसबाहेक उनले आफ्नै देशका पौडीबाज निक डी आर्सिसँग पनि माया गाँसेकी थिइन् । राइसका प्रेमीहरूको सूचीमा सिड्नीका रग्बी खेलाडी डेभिड विलियमको पनि नाम जोडिएको थियो भने उनले आफ्ना पौडी प्रशिक्षक ब्रेन्डयान क्यापेलसँग पनि प्रेम गरेको चर्चा चल्यो । प्रेमको चर्चामा आउन चाहने राइसले एक पत्रिकालाई अन्तर्वार्ता दिने क्रममा भनिन्, 'मेरो मन मिल्न सकेन, जसका कारण अहिले उनीहरू मेरा प्रेमी हुन सकेनन् । अन्तवार्ताकै क्रममा उनले के पनि भनिन् भने- 'म अझै पनि मेरो कुरा बुझ्ने प्रेमीको खोजीमा छु, सायद सन् २०१० मा मैले त्यस्तो किसिमको प्रेमी पाउने छु ।'

प्रेमीका कारण राइस जसरी चर्चामा आइन्, त्यसको ठीक विपरीत माइकल फ्लेप पनि चर्चामा आए । बेइजिङ ओलम्पिक प्रतियोगितामा सर्वाधिक स्वर्ण जित्ने खेलाडी बनेका फ्लेपले आफ्नो प्रेमलाई सञ्चारमाध्यमबाट सधैं लुकाएर राखे । अझै पनि सञ्चारमाध्यमहरूले उनको वास्तविक प्रेमिका को हो भनेर पत्ता लगाउन सकेका छैनन् । कुनै समय फ्लेप अर्की अमेरिकी पौडीबाज आमन्दा बेयर्डसँग नजिकिँदा उनलाई नै फ्लेपकी प्रेमिका भनिए पनि राइससँग पनि उनको प्रेमको चर्चा आयो । सञ्चारमाध्यमहरूले पच्छ्याउने क्रममा कुनै दिन उनी रेस्टुराँको बार गर्लसँग नजिक भएको देखेका भरमा उनलाई नै फ्लेपकी प्रेमिका समेत भने ।



सञ्चारमाध्यमले यतिसम्म भने कि माइकल फ्लेप पानीमा जति फास्ट छन् पानीबाहिर त्यति नै स्लो छन् ।



## ठूलो आवाज निकाल्ने सुन्दरीहरू

पुरुष टेनिस खेलाडीहरूको तुलनामा महिला टेनिस खेलाडीहरूले प्रतिस्पर्धामा बढी आवाज निकाल्ने गुनासो विगतका प्रतियोगिताहरूमा पनि सुनिँदै आएको थियो । सुन्दर भएका कारण महिला टेनिस खेलाडीहरूले ठूलो आवाज निकाल्दा सौन्दर्यसँग मेल नखाने हुनाले उनीहरूलाई कराएको नसुहाउने बताइँदै आएको थियो । महिला टेनिस खेलाडीहरूले सर्विस गर्दा र बल फर्काउँदा बढी आवाज निकाल्दा प्रतियोगिताको रोमाञ्चकता खल्लो हुने गुनासोलाई मध्यनजर गर्दै आयोजक समितिले खेलाडीलाई आवाज ननिकाल्ने नियम बनाउन नसकेपछि कम आवाज निकाल्नुपर्ने नियम बनायो । यो नियममा बाँधिएपछि सर्वाधिक ठूलो आवाज निकाल्ने मारिया सारापोभालाई आपत् पऱ्यो । सर्विस गर्दा र बल फर्काउँदा उनले निकालेको आवाजको मापन १ सय १ डेसिबल देखियो । उनीपछि बढी आवाज निकाल्ने महिला टेनिस खेलाडीमा मोनिका सेलेस देखा परिन् । खेल्दा उनको आवाजको मापन ९३ दशमलव २ डेसिबल मापन भएको थियो । उनीपछि ठूलो आवाज निकाल्ने खेलाडीमा सरिना विलियम, लिन्डसे डेभनपोर्ट तथा भेनस विलियम रहे ।





अब चिन्ने चिनाउने पालो तपाईंको !

सेवाभावले समर्पित समाज साधकहरुका योगदानबारे लेखी पटाउनुहोस र तिनलाई देशभरि चिनाउनुहोस चुनिएका त्यस्ता समाजसेवीहरुलाई अल्वाले सम्मानस्वरुप रु.५०,०००।- प्रदान गर्नेछ । र, यदि तपाईले गर्नुभएको मनोनयन अल्वा रत्न उपाधि प्राप्त गर्न सफल भएमा तपाईले पनि रु.५,०००।- नगद पुरस्कार प्राप्त गर्नुहुनेछ । दया, करुणा, ममता, साहस र कर्मले भरिएका आदरणीय अगुवाहरुका स-साना प्रयासले समाजमा मानवता र सेवाभाव बाँचिरहेको हुन्छ । तर, त्यस्ता कर्मयोगीहरु सामान्यतया प्रकाशमा आएका हुँदैनन् । यदि तपाईले आफ्नो घर, परिवार, टोल, छिमेकमा कोही मानवीय एवं सामाजिक कार्यमार्फत समाज परिवर्तनका लागि निरन्तर प्रयत्नशील रहेको पाउनुभएको छ भने त्यस्ता सत्कर्मीहरुका योगदानबारे हामीलाई लेखी पठाउनूस् र अल्वा रत्नको उपाधिका लागि दावेदार बनाउनूस् । त्यसका लागि तपाईले देशभरि रहेका यामाहा मोटरसाइकलका सोरुम र नेपाल राष्ट्रिय साप्ताहिकबाट बिशेष फाराम प्राप्त गर्न सक्नुहुनेछ ।

MAW
BUILDING TRUST THROUGH SERVICE

**KATHMANDU VALLEY**
**Tripureshwor,** Morang Auto Works: 4268252, 4261160
**Dealers:**
**Kumaripati**, Risik Automobiles Pvt. Ltd: 5555889, 5555890, **Kantipath**, MSK Automobiles : 4247332, 4227515, 4227494, **Chabahil,** Anurama Trade: 4490021, 4490105, **Bhaktapur**, DAS Auto Enterprises: 6614083
**Trade-In:**
**RatoPool,** Shri Chandra Auto: 4431106, **Gopikrishna Nagar,** B. N. Pathak Enterprises: 4499115, 016219852, **Naya Baneshwor,** NK Trades: 4460454, **Battisputali**, Anurama Trade: 2081813, **Lainchour**, Golden Nepal Enterprises: 4443083, **Naya Bazaar,** Kaligandaki: 4366099 / 9841485986, **Kuleshwor**, Swoyambhu Recondition: 2023753 / 4673130, **Naya Baneshwor**, GS Auto Enterprises: 4782711, **Teku**, D & D Auto Links Pvt. Ltd.:4104599 / 4104506, **Tutepani**, Shree Kumari Traders :2111356, **Gongabu,** Auskor Multi Traders: 012082716, **Balaju,** MSK Enterprises: 4388208

**EASTERN REGION:**
**Biratnagar,** Birat Auto Enterprises Nepal Pvt. Ltd. .: 9852023518, 9852021787 **Birtamode,** Sayapatri Trade Link: 023-541677, 540859 **Dharan**, Gajurmukhi Trade & Service Link: 025-528179, **Damak,** Gajurmukhi Trade Link: 023-580764, **Rajbiraj,** Shree Chandika Automobiles: 9842820806, **Itahari**, Tirupati Auto City: 025-587053, 581249, **Lahan**, S & S Auto Centre: 035-560532, **Mirchaiya**, S & S Auto Works: 033-550020, **Katari,** S & S Auto Centre, 9741108907, 9852830359, **Gaighat,** Sumitra Auto Parts: 035-420828, **Siraha,** Abid Automobiles, 033-520786, **Phattepur,** Shree Chandika Automobiles : 9842820806, **Pathari,** Gajurmukhi Trade Link: 021-555501, **Khadbari,** Ishwor Enterprises: 029-680086

**CENTRAL REGION:**
**Narayanghat**, Navin Auto Centre: 056-521316/521398, **Birgunj**, Allied Shruti Traders: 051-691443, 534301, 9849165416, **Hetauda**, Raj Motors: 057-526460, 9855068060, **Janakpur**, Janaki Auto Center: 041-523920, **Jaleshwor,** Om Shanti Enterprises: 044-521091, **Malangwa**, Om Auto Center: 046-520665, **Lalbandi**, Om Auto Center: 9854030090, **Trishuli**, S P Amatya Stores: 560530, 9841775855, **Banepa**, Global Auto Works: 9851081324, **Dhading**, Civil Multi Purpose: 010-520570, **Bharatpur**, R.J. Auto Center: 056-524177, **Parsa**: Kalika Auto Works: 056-582661, **Gaur,** Ved Auto Mobiles: 055-520175/9845022241

**WESTERN REGION:**
**Pokhara**,Vishwakarma Auto Works: 061-521295 / 535789, **Butwal**, Sapana Automobiles Traders: 071-545382, **Palpa,** Gyanendra Auto Works: 075-520445, **Gorkha**, Shrestha Auto Workshop: 064-420476, **Damauli**, Modern Auto Works: 065-561623, **Syangjha**, Nuwakot Auto Works: 063-420316, **Baglung**, New Baglung Auto Works: 9847620075, **Lamjung,** Samar Motorcycle Workshop: 9846074526, **Kawasoti,** Suryadeep Auto Center: 078-540662, **Argakhachi**, Jai Mata Di Automobiles: 066-420128, **Chaundrata**, Mahalaxmi Automobiles: 076-540179, **Jitpur**, Manakamana Automobiles: 076-550114, **Tamghas**, New Lumbini Motor Parts: 079-520488, **Rampur(Palpa)**, Bal Krishna Auto Works: 071-694556, **Bhairahawa**, Sapana Auto Mobiles: 071-526182, **Parasi**, Shree Durga Enterprises: 078-520517, **Ridi**, Shrestha motorcycle Workshop: 071-691103

**MID WESTERN REGION:**
**Dang**, Shrestha Automobiles: 082-561296, **Surkhet**, Danish Auto shop & Suppliers: 083-521754, **Nepalgunj**, Online Overseas: 081-523291, **Gulariya,** Online Overseas: 9848022069, **Tulsipur**, Shrestha Automobiles: 082-520174, **Pyuthan**, Swargadwari Automobiles: 9847820418

**FAR WESTERN REGION:**
**Dhangadhi**, Sweta Trading Concern: 091-521499, 525188 **Mahendrangar**, Shyamrathi Traders: 099-523816, **Tikapur**, Sweta Trading Concern: 091-691299

Join YAMAHA Club
Tel:2002030


विक्रम राई

## प्रसंग कतिपय

मालिभका सुब्बा आजकाल हैरान छिन् । कसैले उनको नक्कली फेसबुक बनाइदिएछ । त्यसैले उनी आजभोलि सबै साथीसँगीलाई फोन गर्दै उक्त फेसबुक आफ्नो नभएको कुरा बताउँदै आफ्नो सक्कली फेसबुकका बारेमा जानकारी गराउन लागिपरेकी छिन् । त्यसैगरी चर्चित मोडल तथा टेलिभिजन कार्यक्रम प्रस्तोता सुरजसिंह ठकुरीलाई पनि यो समस्या आइलागेको छ । कसैको फेसबुक अरू कसैले बनाइदिने बढ्दो चलनले धेरै सेलिब्रेटीलाई समस्यामा पार्न थालेको छ ।

'मलाई मालिभकाले फोन गरेर त्यसका बारेमा भनेकी थिइन्,' निमाले आफूलाई यो घटनाको पूर्वजानकारी भएको बताए । जुनेली बारमा निमा रुम्बा, सुगम पोखरल र म गफ गर्ने हिसाबले चुस्कीका साथ शुक्रबारको साँझ सँगै थियौ । 'मैले अस्ति मालिभकालाई भेटेको थिएँ । हैन, उनी मिस नेपालको टाइटल जित्दा जस्ती थिइन्, अहिले पनि त्यस्तै छिन् । मैले त आवेगमा आएर उनको उमेर पनि सोधेछु ।' मैले हालै मालिभकासँग भएको भेटलाई निमा र सुगमसमक्ष व्यक्त गरें । 'त्यसो त मानिसहरू केटीको उमेर सोध्नु हुन्न भन्छन् तर पनि मालिभकाले जवाफमा आफ्नो उमेर २८ वर्ष पुगेको कुरा निर्धक्क बताइन्', म शायद उनको प्रशंसा गर्दै थिएँ ।

'मालिभका र झरना बर्जाचार्य वास्तवमै गजबका 'ब्युटी एन्ड ब्रेन वाला' हुन्', निमाले सिगरेट सल्काउँदै बोले । 'फेरि यिनीहरूमा भरिएको जबरजस्त आत्मविश्वासले हाम्रो समाजमा रुन्चे र दुःखी मात्र देखिने नेपाली महिलाहरूको छविलाई अलिकति भए पनि तोड्न सहयोग गरेको छ', निमा थप प्रशंसा गरिरहेका थिए । 'हैन प्रीति सिटौलाको 'सेन्स अफ ह्युमर' पनि लायकको थियो,' सुगमले थपे । 'निमा, तिम्रो नयाँ गीतको भिडियो बनाउने हो भने मालिभकालाई नै खेलाऊ है,' मैले सिफारिशको मुडमा बीचमै भनें ।

**उनले गाएको अंग्रेजी गीत नबुझे पनि उनले जोडदार ताली पाउँथिन् । त्यो तालीमा निमा र सुगमको ताली थपिँदा बारगर्ल इसिका हामीतिर हेर्दै मुसुक्क हाँस्थिन् ।**

**मैले पूजा लामा र नम्रता श्रेष्ठको स्क्यान्डलका बारेमा प्रश्न गर्दा उनी पनि केही बेर रातो-पीरो भइन् । केही बेरपछि यस सम्बन्धमा आफू 'फेमिनिस्ट' भएको बताइन् र दुवैको पक्षमा लामो वकालत गरिन् ।**

**'त्यो गीतमा केटी मोडलसँग ननाचेकोमा सेलीचाहिँ खुबै खुसी भइन्,' निमाले आफ्नी श्रीमती सेलीको अनुभव सुनाउँदा हामी धेरै बेर पेट मिचिमिची हाँस्यौं ।**

हाम्रो चुस्की गफमा जुनेली बारको 'लाइभ म्युजिक' ले रङ्ग थपेको थियो । प्रत्येक गीतमा बजेको मेरो जोडदार तालीलाई निमा र सुगम मेरो चुस्कीको लेबलसँग दाँज्दै थिए, तर म नेपालका दुई नामी गायकसँग बसेर पिउँदा ती बारमा गाउने गायिकालाई नजरअन्दाज गरेको अनुभव नहोस् भन्ने कुरामा बढी सजग थिएँ । त्यसैले उनले गाएको अंग्रेजी गीत नबुझे पनि उनले जोडदार ताली पाउँथिन् । त्यो तालीमा निमा र सुगमको ताली थपिँदा बारगर्ल इसिका हामीतिर हेर्दै मुसुक्क हाँस्थिन् । 'ए साँच्ची तिमीले एक्लै स्टाइलिस ढङ्गले नाच्दै गाएको वसन्त दाइको गीत गजबको थियो र हिट पनि भयो,' म निमाको प्रशंसा गर्छु । 'त्यो गीतमा केटी मोडलसँग ननाचेकोमा सेलीचाहिँ खुबै खुसी भइन्,' निमाले आफ्नी श्रीमती सेलीको अनुभव सुनाउँदा हामी धेरै बेर पेट मिचिमिची हाँस्यौं ।

रात छिप्पिदै थियो । उनीहरूको मात्राभन्दा मेरो मात्रा बढ्दै थियो । 'हेर सुगम, तिम्रो 'स्कुल पाठशाला' ले एवार्ड जिते पनि मेरो एसएमएस भोटिङ वसन्त चौधरीको एल्बमलाई नै गएको थियो,' मेरो कुरा सुनेर छक्क पर्ने पालो सुगमको थियो । उनलाई लाग्यो, मेरो जिब्रो नशाले लरबराएको छ । 'रेगुलर चेकअपमा नर्भिक जाँदा वसन्त दाइसँग भएको जम्काभेट र उनको बढ्दै गएको शालिनताबाट प्रभावित भएर मैले उनलाई भोट गरें । उनले जति मेहनत, लगन र लगानी त्यो एल्बम निकाल्न गरे त्यति नै बिजनेसमा लगाएका थिए भने कम्तीमा संविधानसभा सदस्यचाहिँ पक्कै हुने थिए ।' म बोल्दाबोल्दै जोडले हाँसेछु । 'अनि मालिभकासँग के-के गफ भयो नि ?' निमाको यो प्रश्नले म झसङ्ग भएँ । 'तिमीलाई मानिसहरूले बाहिर घमन्डी भन्छन् नि,' मैले मालिभकालाई यसरी नै सोधेको थिएँ । 'थाहा छ, उनले के भनिन्,' फेरि मैले बोलेपछि निमा र सुगम गिलासका साथ अझ नजिक आई कान ठाडो पारे ।

'हेर्नुस् दाइ, तपाईं र हाम्रो फिल्ड एकदमै भिन्न छ । यदि मैले सबैसित घुलमिल हुने व्यवहार गरें भने मलाई यही सोसाइटीले प्रश्नावाचक दृष्टिले हेर्न थाल्छ र यदि मैले त्यसो गरिन् भने घमन्डी मान्छ । यी दुईबाहेक हामीजस्तासँग अरु कुनै विकल्प नभएकाले मैले घमन्डीकै पगरी लिएकी छु जुन म कदापि होइन', मालिभकाको यो जवाफ उनीहरूलाई सुनाउँदा दुवै जना गजलको पंक्ति सुनेझैं 'वाह वाह' गर्न थाले । 'हामीजस्ता गायक-कलाकारहरू चाहे त्यो केटी होस् वा केटा, सबैलाई यही समस्या त हो नि', सुगमले फेरि एकपटक मालिभकाको प्रशंसा गर्दै भने । 'आखिर मालिभका पनि केटी नै हो । मैले पूजा लामा र नम्रता श्रेष्ठको स्क्यान्डलका बारेमा प्रश्न गर्दा उनी पनि केही बेर रातो-पीरो भइन् । केही बेरपछि यस सम्बन्धमा आफू 'फेमिनिस्ट' भएको बताइन् र दुवैको पक्षमा लामो वकालत गरिन् ।' मैले गिलासमा इसिकाले थपेको पेग पुग्यो भन्दै रोकें । झन् निमा र सुगमलाई अघि नै पुगिसकेको थियो । 'ल ह्याप्पी न्यू इयर-२०१० !' हामी छुट्टिने बेलामा शुभकामना आदान-प्रदान गरिरहेका थियौं ।

prasangakatipaya@hotmail.com


तस्बिर : रवि

## पोखरामा जम्यो डान्सपार्टी

पोखरा- पहाडमा हिउँ परेकाले हिजोआज पोखरामा निकै चिसो छ । चिसोकै कारण न्यानो वातावरणको खोजी गर्न दिनहुँ यहाँका मनोरञ्जनपारखीहरू डिस्को थेक तथा गजल दोहोरीतिर झुम्मिन्छन् । गएको साता जाडोलाई न्यानो तुल्याउन सीएम स्वमिङ पुलमा सानमिगल पार्टी जोनको आयोजना गरियो ।

स्वीमिङ पुलको आडैमा रहेको स्टेज वरिपरि निकै चिसोको आभास हुन्थ्यो, तर पनि मनोरञ्जन चाहनेहरू चिसोको कुनै पर्वाह नगरी स्वीमिङ पुलको वरिपरि झुम्मिसकेका थिए । चर्चित डिजे राजु डान्सपारखीहरूलाई तताउन पोखरा आइपुगेका थिए । डान्समा रम्न खप्पिस पोखरेलीहरूको मन बुझेका डिजे राजुले पनि चिसो वातावरणलाई तताउन नेपाली हिन्दी तथा अंग्रेजी रिमिक्स धुनहरू एकपछि अर्को गर्दै बजाउन थाले । त्यसपछि त के चाहियो र ? मुटु कमाउने जाडोमा समेत खलखली पसिना काढ्दै नाच्नेहरूको भीडले पुलसाइडमा ठेलमठेलको स्थिति सिर्जना भयो ।

सोही दिन लेकसाइडको क्लब प्याराडिसो पनि डान्सपार्टीले रनक्क बनेको थियो । लेकसाइडको चिसो भगाउन क्लब परिसरमा युवायुवतीको निकै भीड देखिन्थ्यो । मध्यरातसम्म जमेको उक्त पार्टीले रातलाई गुल्जार बनाएको थियो ।

जाँड-रक्सी
साथै सुर्ति, चुरोटको कुलत
थाहै नदिई छुटाउन
चिरा
महिलाहरुको पेट तथा छातीमा देखिने दाग/सेतो धर्साको सफल उपचार ।
मोटोपना घटाउन, तौल बढाउन
चायाँ-पोतोको ग्यारेण्टी उपचार
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 061-229998
चितवन: 9845159169, 056-229174 (UTL)

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
Guarantee
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
१३ वर्ष पूरानो
२०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १३ बर्षदेखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
* * * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-२०२३१३, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

३ महिनामा ४" उचाइ बढाउने
♦केश झर्न तुरन्तै रोकी उमार्ने
♦१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
♦जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
♦तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
♦१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
♦प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
♦ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

खुम्जुङ्ग होटेलतालिम
बागबजारमा
कुक/वेटर/हाउसकिपिङ्ग/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिईदैछ । प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने/ चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ ।
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगंज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस: वागवजार पि.के कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक बिल्डिङ
PH 016226791, 9841578724

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
कुक १ ½ महिना रु. २७००/-
कुक ३ महिना रु. ३७००/-
वेटर र बारमेन रु. १३००/-
कफिमेकर रु. ३०००/-
१.5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको ।
२.थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराईने ब्यवस्था छ ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
4472553 / 4475113
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

फोटोग्राफी/भिडियोग्राफी
Hurry UP
❊ फोटो/भिडियो एडिटिङ
❊ फोटो/भिडियो प्रत्रकारिता
❊ फोटो ल्यामिनेशन
STUDY IN UK
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, kolasktm@yahoo.com, 4216291

51% Discount
Learn Computer
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Hardware & Networking
English Language
Basic to Advanced
Free: Books, CDs Internet & Email
Study In: UK, CANADA
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239719, 4241870

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्यांकी): Tel: 4483414
New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adwait Marg (Bagbazar): Tel: 4232866
Lagankhel (Bus Park): Tel: 5004018

Shaping Minds Group
Putalisadak 4233478
Kumaripati 5008632
Baneshwor 4782162
Satdobato 5536751
Itahari 025-584310
UK, Canada, USA
Job Opportunity for Abroad Students
R U planning or going abroad for your Higher Education??
If yes, then have you got those skills to work there???
We train you as well as help you with job assistance.......
The Job Package Covers
IELTS / Cook + Waiter / Bar Tender / Bakery + Special English + Care Taker + Personalty Development + Public Relation Officer and Many Others base for Abroad Jobs....... (JOIN NOW)
Study & Work Abroad
We admit you in the best Colleges / Universities round the Globe
UK, CANADA, USA, New Zealand, Australia, Many Others
Note: Consultant Franchisee Wanted for all over Nepal

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।